# प्रदेश सभा

# गण्डकी प्रदेश

# दशौं अधिवेशन

# (चौतिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति २०७९।०४।२६ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको १ बजेर ९ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू आजको वैठकको कारवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरु, सर्वप्रथम शून्य समय प्रारम्भ हुन्छ । शून्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ—आफ्नो भनाई राख्नु हुनु अनुरोध गर्दछु ।सर्वप्रथममा माननीय सदस्य श्री पियारी थापा, वाग्लुङ्ग।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, हालसम्म गण्डकी प्रदेश सरकारको वेरुजु १ अरव ७८ करोड भन्दा बढी भएको विषय यसअघि नै विभिन्न सञ्चार माध्यमबाट आएको छ भने भौतिक पुर्वाधारको मात्रै १ अरव ३४ कारोड ९८ लाख ७८ हजार वेरुजु भएको तथ्यांक आएको छ । यस विषयमा सत्य तथ्य सरकारको धारणा सदन समक्ष प्रस्तुत गर्नका निमित्त मैले जोडदार माग गर्न चाहन्छु र सरकारको गम्भिर ध्यानाकर्षण गर्न पनि चाहन्छु साथै आर्थिक कारोवार प्रचलित कानुन बमोजिम गर्नुपर्छ नभए आर्थिक

अनुशासनको उल्लंघन गरेको ठहर्छ तसर्थ आर्थिक अनुशासनको पालना पूर्ण रुपमा गर्नका निमीत्त मैले सरकारको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी. म्याग्दी ।

**माननीय विनोद के.सी.**

सभामुख महोदय, म्याग्दी जिल्लामा रहेको एकमात्र अस्पताल अहिले बेनी अस्पतालको नाममा छ, जुन अस्पताल अहिले प्रदेश सरकारको मातहतमा आइसकेको छ । विशेष गरी त्यो जिल्ला अस्पताल अहिलेको अवस्था जुन ६ वर्ष अगाडि त्यसलाई ५० शैया बनाउने नेपाल सरकारले टेण्डरको रुपमा अगाडि बढायो र हालसम्म आउँदा त्यो अस्पताल जीर्ण अवस्था अहिले जीर्ण भएको अवस्था छ, तयहाँ विरामीहरु अहिले टिनको पातामुनि बस्नु पर्ने डेंगुरोग गर्मीले गर्दा अर्को रोग लाग्न सक्ने यस्तो अवस्था छ । जुन अस्पतालको अहिले निर्माणाधिन न्यून रुपले अगाडि बढेको छ । अहिले ६ वर्षमा ५० प्रतिशत पनि काम अगाडि बढेको छैन ।

अहिले भर्खरै महालेखाको एउटा प्रतिवेदन अनुसार त्यो ठाउँमा काम गर्ने निर्माण व्यवसायीलाई उल्टै ६० लाख भन्दा बढी बजेट काम भन्दा बढी दिएको भनेर सञ्चार माध्यममा व्यापक आएको छ । म सम्बन्धित मन्त्रालयलाई सम्बन्धित कुराहरुको ध्यानाकर्षण गर्दै जिल्ला अस्पतालको काम तुरुन्त सुचारु गर्नको लागि प्रदेश सरकारसँग म अनुरोध र जानकारी गराउँछु। धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने, नवलपरासी ।

**माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने**

माननीय सभामुख महोदय, कोरोला त्रिवेणी सडक अन्तर्गत डेढगाउँ झयालवास सडक खण्ड अघिल्लो आर्थिक बर्षमा ठेक्कामा गइसकेको भए पनि अहिलेसम्म पनि त्यो

बाटोमा कही कतै पनि काम हुने लक्षण देखिएको छैन, के भएको छ पत्ता लगाई तत्काल कार्यान्वयनको लागि माननीय सभामुखज्यू मार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउँछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, सुन्ने समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ—आफ्नो स्थानबाट, आ—आफ्नो भनाई राख्न अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री मायानाथ अधिकारी समय १० मिनट।

**माननीय सदस्य श्री मायानाथ अधिकारी**

माननीय सभामुखज्यू, डुम्रे बेसीशहर चामे सडक अन्तर्गत उदिपुर खण्डको पिच बाटो नै पहिरो गएर जनताले सास्ती पाएको विषयमा मैले विगतमा ध्यानाकर्षण गराइसकेको छु । त्यहाँ बाटोको वैकल्पिक व्यवस्था समेतको माग जोडदार रुपमा उठाइएको थियो । डुम्रे बेसीसहर चामे सडकको वेसीसहर खुदी खण्डमा खरखरे र यतापटि गएको पहिरोको कारण मूल सडकबाट आवत जावत पुनत अवरोध भएको छ। वेसीसहरबाट खुदी जानको लागि बाँझखेत हुँदै भुलभुल े भएर जानु पर्दा जनतालाई ठुलो सास्ती भएको छ । मनाङ जिल्ला सम्म सामान ढुवानीको समेत असर परेको छ। माननीय सभामुख मार्फत प्रदेश सरकार, संघ सरकार डुम्रे बेसीशहर चामे सडक आयोजनाको गम्भिर ध्यानाकर्षण गराउँदछु । जनतालाई सहज पहुँचको व्यवस्थाको लागि माग गर्दछु । रोम जलिरहँदा रोमका राजा निरो वाँसुरी बजाएर बसेका थिए । उनलाई रोम शहर जलेर खरानी हुँदा कुनै पश्चाप थिएन, त्यसकारण उनी बाँसुरी बजाउनै व्यस्त थिए भनेझैं गण्डकी प्रदेश सरकारले ०७८/७९ को बजेटमा विभिन्न शीर्षकमा करको दायरा होइन, दर बढाएर जनताको ढाड सेक्ने काम गर्यो, जनताले दुःखी हुँदै करको दर अचाक्ली बढाएकोमा आक्रोस पोखे, विरोध गरे, अहिले पनि गरिरहेका छन् । सबै प्रदेशलाई जितेर गण्डक ी प्रदेशको सरकार कर

वृद्धि गर्ने दौडमा पहिला बनेको  छ । जनताले सवारी करमा २० प्रतिशतबाट ४०० प्रतिशतको विरोधमा आवाज उठाउँदा प्रदेश सरकार प्रदेश सभालाई जानकारी नदिई सरोकारवालासँग गुपचुप सम्झौता गर्यो भन्ने विषय बाहिर आएको छ । अहिले फेरी जनताले भनिरहेका छन्, करको दर व्यापक रुपमा बढाइयो, जनताको ढाड सेकियो । मालपोतमा २० प्रतिशत रेसियो बढाइएको छ, लाभ करमा ५ प्रतिशतको ठाउँमा ७.५ प्रतिशत बनाइएको छ, त्यसमा २.५ प्रतिशतले अहिले बढाइएको छ, पहिले ५ प्रतिशत थियो भने अहिले ७.५ प्रतिशत छ, २.५ प्रतिशत बढाइएको छ । नामसारीमा १६ सय रुपैयाँ पहिला थियो भने अहिले ५ हजार १ सय गराइएको छ । अंशवण्डा, मूल्यांकनमा ०.५ प्रतिशत पहिला थियो भने अहिले १.५ प्रतिशत बनाइएको छ । धितो बन्धक रोक्कामा अहिले ३०० प्रतिशत भन्दा माथि बढाइएको छ । प्रदेश सरकार केही पनि नभएको भान पारेर यो विषयलाई कुनै रेसपोन्स गरिरहेको छैन । टुलुटुलु जवाफ नदिएर टालटुले जवाफ दिएर उम्कने प्रयास गरिरहेको छ । प्रदेशमा मात्र होइन देशभरिनै गण्डकी प्रदेश सरकारको जनविरोधी कामको भण्डाफोर भइरहेको छ र विरोध भइरहेको छ । नेकपा एमाले गण्डकी प्रदेश संसदीय दलको तर्फबाट जनताको ढाड सेक्ने गरी बढाइएको कर फिर्ता लिन म जोडदार माग गर्दछु। महंगीले जनताको चुलो बल्न गाह्रो भइरहेको छ, किसानले मल बीउ पाउन सकेको छैन । सरकार बजार अनुमगन गर्दैन, आपूर्ति मन्त्रालय जनताको जनजीविका यस्तो गम्भिर बन्दा टुलुटुलु रमिते बनेर बसेको छ । कालाबजारीलाई अनुगमन, कारबाही गर्ने काम भएको छैन, ढिलासुस्ती, पक्षपात भेदभाव कायम छ, पारदर्शिता, सुशासन कुन चराको नाम हो  हामीले अनुभव गर्न पाएका छैनौं । सभामुख महोदय, विकासलाई अधोगतिमा पुर्याउने, आर्थिक संकटलाई अझ चरम स्थितिमा पुर्याउने, जनतालाई होइन आफ्नालाई खोजेर काम गर्ने परिपाटीले प्रदेश सरकार प्रतिको विश्वास यो सरकारले कमजोर बनायो । विकास प्रति जनताको आशा निराशामा परिणत गरायो। यो सरकारको जनविरोधी क्रियाकलापले प्रणालीमाथि नै प्रश्न उठाउने परिस्थिति बनायो । यो ज्यादै दुःखद र खेदजनक छ । म प्रदेश

सरकारलाई प्रणाली माथि नै प्रश्न उठ्ने गरी त्यस्ता क्रियाकलाप तत्काल बन्द गर्न गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु ।धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री गायत्री गुरुङ, समय ५ मिनट।

**माननीय गायत्री गुरुङ**

माननीय सभामुख ज्यू, पोखरा  देशको दोस्रो ठूलो शहर हो । यो गण्डकी प्रदेशको पनि राजधानी हो । यहाँ मानिसहरुको जमघट हुनु, त्यसैगरी सवारी चाप बढ्नु यो स्वभाविक प्रकृया हो।  त्यसले गर्दाखेरी अहिले हामीले के देखिराखेका छौं भन्दाखेरी, यो विजयपुर देखि जिरोसम्म जुन ट्राफिक जाम हुने गरेको छ, यसको ठिक ढंगले व्यवस्थापन भएको हामीले महसुस गरेका छैनौं । त्यसले गर्दाखेरी यो ट्राफिक व्यवस्थालाई प्रभावकारी कार्यान्वयनको निम्ति म यो सदन मार्फत् सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को कुरा, बजारमा मूल्य वृद्धि अत्याधिक बढेको छ, मूल्य वृद्धि कृत्रिम ढंगले बढिरहेको हामीले पाइराखेका छौं । यसको बारेमा यो हाम्रो नियमनकारी संस्थाहरु जो छ, त्यो हामीले कतै पनि क्रियाशिल भएको हामीले पाइराखेका छैनौं, त्यसले गर्दाखेरी यो जनताको यो रोजीरोटीको प्रश्न पनि यहाँ टडकारो आइराखेको छ । प्रदेश सरकार यो गण्डकी प्रदेश जनताको अभिभावक भएको कारणले गर्दाखेरी यो महंगी नियन्त्रणमा यो सरकारको ध्यानाकर्षण होस् भन्ने म यो सदन मार्फत् जानकारी गराउन चाहन्छु । अर्को कुरो अहिले थुप्रै माननीयज्यूहरुले बाढीपहिरोको कुराहरु उठाइराखु भएको छ, जनधनको कुराहरु, त्यहाँ विस्थापनको कुराहरु, गत वर्ष पनि हामीले मनाङमा बाढीपहिरो गएको देख्यौं त्यो पनि माननीयज्यूहरुले उठाउनु भएको थियो तर हामीले यहाँ के देखिराखेका छौं भन्दा यो यस्तो हामीले यहाँ सरकार आलोचित पनि भइराखेको छ । सरकारले केही गरेन सरकार माथि थुप्रै प्रश्नहरु पनि उब्जिएको छ त्यसले गर्दाखेरी यस प्रभावकारी रुपमा हल गर्नको निम्ति, जनतालाई

राहत दिने कुराहरु, घाइतेलाई उपचार गर्ने कुराहरु, अब यो बाढीपहिरोको जुन नियन्त्रण गर्ने कुरा छ, यो नियन्त्रण गर्नको निम्ति स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको समन्वय प्रभावकारी हुनु पर्छ र यसको निम्ति सरकारले कुन स्तरमा काम गरिराखेको छ। यसको प्रभावकारी त कति छ यो सदन मार्फत् म यो सरकार समक्ष प्रश्नको रुपमा मेरो आफ्नो भनाई राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया लामा पोखरेल, समय ५ मिनेट ।

**माननीय धनमाया लामा पोखरेल**

माननीय सभामुख महोदय, लगातार वर्षाका कारण गोरखाको ११ किलो भालुस्वाँरा वारपाक सडक अन्तर्गत पर्ने बालुवा वारपाक जोड्ने मोटरेवल पुल क्षतिग्रस्त भएको छ। आवत जावत बन्द भएको छ र बाह्य तथा आन्तरिक पर्यटनको लागि त्यो पुल नभएको कारणले गर्दा ठप्प अवस्थामा रहेको छ । वारपाक ऐतिहासिक भूमि भएको कारणले त्यहाँ राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा पर्यटकहरुको चाप बढ्दो हुने स्थान भएको कारणले गर्दा त्यहाँ अहिले जुन सडक सञ्जाल विच्छेद भएको अवस्थामा छ । यसको लागि गत वर्षमा पनि यो सडक पुल क्षतिग्रस्त भएको थियो र पोहोरको साउनमा क्षतिग्रस्त भएको सडक पुल अहिले भर्खरैको असार मसान्तमा मात्रै सम्पन्न भएर भर्खरै भुक्तानी भएको थियो र १५ दिन पनि नटिक्ने जुन हाम्रो मर्मतको विकास निर्माणको हाम्रो प्रचलन छ, जुन प्राविधिक र हाम्रो ठेकेदारहरुको लापरवाहीको कारण यो हाम्रो विकास निर्माण दिगो हुन नसकिरहेको अवस्था छ । यसमा गण्डकी प्रदेश सरकारले आफ्नो मातहतको कार्यलयहरुलाई नियमन गर्नको निमित्त र यो क्षतिग्रस्त पुललाई आगामी दिनमा मर्मत गर्नको निमित्त म हार्दिक अनुरोध गर्न चाहन्छु ।माननीय सभामुख महोदय, यसैगरी अजिरकोट गाउँपालिकाको ढोडेनी हुँदै सिमजुङ, गगनपानी, मल्लेभच्चेक सडक पहिरोका कारण अवरुद्ध भएको छ ।

यो गण्डकी प्रदेश सरकारले १ प्रदेश निर्वाचन क्षेत्र १ सडक अन्तर्गत  संचालनमा ल्याएको कार्यक्रम हो । यो कार्यक्रम हाम्रो क्रमागत रुपमा चलिरहेको छ र अहिले त्यो लगातार वर्षाको कारणले गर्दा पहिरोको कारण अति आवश्यक सेवा संचालन जस्तै एम्वुलेन्स, जनजीवनसँग प्रत्यक्ष जोडेको सवाल हो एम्वुलेन्स पनि संचालन हुन नसकेको अवस्था छ । तत्काल उक्त सडक संचालनमा ल्याई जनजीवनमा सहज बनाउन सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । माननीय सभामुख महोदय, भारी वर्षाके कारण गोरखाको अजीरकोट गा.पा. ५, मुझकोट टारमा जमिन भसिएको करण ४ घर क्षतिग्रस्त भएको अवस्था छ । त्यहाँ गण्डकी प्रदेश सरकारबाट कुनै राहत र उद्धारको कार्यक्रम अहिलेसम्म गएको छैन, १ हप्ता भइसकेको छ ।

त्यहाँ वस्ती स्थानान्तरणको निमित्त र क्षतिग्रस्त घरहरुको व्यवस्थापन गर्न र जनताहरुको उचित उद्धारको निमित्त गण्डकी प्रदेश सरकार र सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । त्यसैगरी अहिले वर्षाको याम छ, हाम्रो ग्रामिण सडकहरु विशेष गरी  गण्डकी प्रदेश अलि बढी हिमाली र पहाडी क्षेत्रहरु मिलेर बनेको प्रदेश हो । हाम्रो विकास निर्माणहरु भएको छैन भने होइन, भइराखेको छ तर हाम्रो विकास निर्माणहरु हामीले घर घरमा सडक पुर्याउने मात्रै विकास निर्माण होइन, हामीले दीगो विकासलाई अगाडि बढाउनु पर्छ त्यो भएर मात्रै हामीले जनतालाई राहत दिन सकछौं । हामी अब लगातार चाडपर्वको मुखमा छौं र हाम्रो धेरै सडकहरु गण्डकी प्रदेशको ११ वटा जिल्लाको धेरै सडकहरु अहिले क्षतिग्रस्त आवस्थामा छ र जनताहरु एकदमै प्रभावित छ, दैनिक जीवन गुजाराको निमित्त आवत जावत गर्ने र  उपचारको निमित्त हामी हस्पिटलसम्म पुग्न नसक्ने अवस्था गण्डकी प्रदेशको हरेक जिल्लाहरुमा छ, यसको निमित्त गण्डकी प्रदेश सरकारले र सम्बन्धित मनत्रालयले क्षतिग्रस्त सडकलाई तत्काल मर्मत गरी जनजीवन सहज बनाउनको निमित्त गण्डकी प्रदेश समक्ष हार्दिक अनुरोध गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटा, समय १० मिनेट।

**माननीय इन्द्रलाल सापकोटा**

माननीय सभामुखज्यू, आज हामी हाम्रो कार्यकालको ५ वर्ष वित्नैलाग्दा हामी यो अन्तिम सदनमा छौं ।म यो सदनमा विशेष समय लिएर बोलिरहँदा पहिलो कुरा त, यो सदनको रोष्टममा धेरै पटक सरकारलाई जिम्मेवार बनाउने हिसावले आफ्ना विषयवस्तुहरु प्रस्तुत गर्यौं । आज पनि आइपुग्दा यो गण्डकी प्रदेश सरकार महंगी नियन्त्रणको सवालमा होस् या बजेट मार्फत जनतालाई लादिएका करका दररेटको संसोधनको सन्दर्भमा होस्, विलकुलै जनताप्रति उत्तरदायी बन्न सकिरहेको छैन । हामीले भन्यौं, यो सदनमा आज हामी देव्रे रोमा बस्ने सांसदहरु होऔं या दाहिने रोमा बस्ने सांसदहरु होऔं, संविधान निर्माणका निम्ति मुलुकको धेरै राजनीतिक अन्यौलताको बिचमा हामीले १०—१० वर्ष लगाएर संविधान सभा मार्फत संविधान बनायौं र हामीले परिकल्पना गर्यौं ३ तहको सरकार, वास्तवमा आज सरकार जवाफदेहीहिनता, उत्तरदायि विहिनताको बाटोबाट संसदमा बोल्नेहरु बोल्दै गर्छन्, हामी आफ्नो बाटो लाग्दै गर्छौं भनेजस्तै, जुनसुकै कुरा उठाँउदा खेरी पनि कानमा तेल हालेर बस्ने स्थिति बनेको छ।

हामी सर्वत्र सुनिरहेका छौं, आज प्रदेश सरकारमाथि प्रश्न खडा आज गण्डकी प्रदेश सरकारको कारणले बनिरहेको छ र हामी एकजना सांसदलाई म गण्डकी प्रदेशको सांसद हुनाको निम्ती बाटोमा पैदल हिँड्न गारो हुने स्थिति पैदा भएको छ तर सरकार धेरैपटक हामीले उठायौं । वास्तवमा तपाईंहरुले हल्लाएको झण्डाले हामीलाई लाज लाग्ने बनाएको छ भन्दा मित्रहरु कही न कही पटाक्षेप गर्नुभयो तर सुधार केही गर्नुभएन । वास्तवमा हामीले भन्नै पर्छ फेरी पनि सभामुख मार्फत म भन्न चाहन्छु । यो अन्तिम सदन चलिरहँदा सरकारले बाँकी रहेका आफ्ना समय अवधि पनि कम्तिमा गण्डकी प्रदेश सरकारको थप बेइजती हुनबाट रोकोस् । थप यसको साख गिर्नबाट रोकोस्, कम्तिमा प्रदेश सरकारमाथि प्रश्न खडा भएको छ, यो बाट अझ यो प्रदेश सरकार गण्डकी प्रदेश दिन प्रतिदिन राष्ट्र ब्यापी रुपमा आफ्नो अनुहार देखाउन

नालायक हुने जुन बाटो तर्फ हिंड्दैछ, यो गर्नबाट रोकोस् त्यसका निम्ति गण्डकी प्रदेशको मुख्यमन्त्री सहित सम्पूर्ण सरकारका मन्त्री ज्यूहरुलाई म विनम्रताका साथ अनुरोध गर्न चाहन्छु ।

यो मेरो आरोप होइन, यो आज सडकको आरोप हो, आज सामाजिक सञ्जालको आरोप हो, हामीले गरेका कामकारवाहीको आरोप हो । हामीले भन्यौं वास्तवमा, सौभाग्यवस भनौं या दुर्भाग्यवस भनौं, मुलुकको राजनीति परिवर्तन पश्चात् हामी २—२ वटा सरकार, एउटा कम्युनिष्ट पार्टीको नेतृत्वमा पृथ्विसुब्बा गुरुङ मुख्यमन्त्री रहेको सरकार हामीले ३ वर्ष हेर्यो, आज कृष्णचन्द्र नेपाली पोखरेल रहेको सरकार २ वर्षमा दौडदै छ, तर गण्डकी प्रदेशभित्र विगत सरकारले संचालन गरेका प्रदेश गौरवका आयोजनाहरु चाहे गण्डकी विश्वविद्यालयका कुरा हुन्, चाहे १ निर्वाचन क्षेत्र १ सडकका कुरा हुन्, चाहे १ घर १ धाराका कुरा हुन्, चाहे उज्यालो प्रदेशका कुरा हुन्, चाहे होमस्टे प्रर्वधनका कुरा हुन्, चाहे पदमार्ग,पर्यटकिय गन्तव्यका विषयहरु किन नहुन्, त्यतिमात्रै होइन, गण्डकी प्रदेश सरकारलाई संस्थागत ढंगले अगाडि बढाउने सन्दर्भमा वास्तवमा ३ वर्ष आम जनतामा आशा जगाउने गरी, आशाको संचार गर्ने गरी वास्तवमा यो गण्डकी प्रदेश सरकारले प्रदेशको साख बढाउने काम गर्यो, प्रदेशको उचाई बढाउने काम गर्यो, यसले संघीयताको उचाइ बढाउने काम गर्यो, संविधानलाई कार्यान्वयन गर्नका निम्ती केन्द्र सरकारसँग समेत जोडदार आवाज उठाउने काम गर्यो र राष्ट्रव्यापी रुपमा गण्डकी प्रदेश सरकार साँच्चै संघीयताको अनुभूत दिने काम गर्यो तर आज दुर्भाग्यवस, सरकार बनेको २ वटा बजेट आएको छ ।

हामीले अब जबसम्म उठायौं, अहिले पनि उठायौं, वास्तवमा कनिका छरेजस्तै, वास्तबमा ५ लाख र १० लाख र १५ लाखका बजेट बाँडेर, रातो कितावको आकार बढाउने काम गरिएको छ, पेज बढाउने काम गरिएको छ तर वास्तवमा मुलुकमा परिवर्तनको अनुभूति दिने गरी सरकार छ भन्ने कुरा अनुभूति दिने गरी हामीले काम गर्न सकेनौं । हामी केन्द्र सरकार पनि हेरिरहेका छौं, जतिबेला कम्युनिष्ट पार्टीको नेतृत्वमा सरकार बनेको थियो, हामीले राष्ट्रियताका निम्ति केही गौरव गयौं । आज हामीले

लोगो लगाइरहेको छौं चुच्चे नक्सासहितको लोगो वास्तवमा राष्ट्रियताको सन्दर्भमा कमरेड केपी ओलीको नेतृत्वमा बनेको सरकारले वास्तवमा जुन उचाईका साथ राष्ट्रियताको सन्दर्भमा संविधानमा सबै दलहरुको एकमना एकताको संविधान संसोधन सहित राष्ट्रियताको पहरेदारीको काम गर्यो ।

भारत समक्ष मिचिएका आफ्ना जमिनको बारेमा आवाज उठायो, चीनसँग पारवाहन सम्झौता गर्यो त्यति मात्रै गरेन भूकम्प पुनःनिर्माण लगायतका हाम्रा भत्केका सम्पदाहरु निर्माण गर्ने कुरा होस्, या अन्तरदेशीय पाइप लाइनका सन्दर्भका कुरा हुन् शायद शुरुङ मार्गका कुरा हुन् मुलुकलाई केही आशा जागाउने कुरा, चाहे रेलवे लाइनका कुरा हुन चाहे जल यातायातका कुरा हुन् थुप्रै मुर्छित जनताका सपनाहरुलाई कम्तिमा सतहमा ल्याउने काम गर्यो । वास्तवमा अब सरकार यो परिवर्तित सन्दर्भमा केही हुन सक्छ, वास्तवमा जनताले केही परिवर्तनको आशा गरे, केही चाहना जनतामा उजागर भइरहेका थिए तर वास्तवमा सरकार परिवर्तन भयो, हामी केन्द्र पनि हेरिरहेका छौं । आज एमसिसी पारित गरिएको छ, हिजो केपी ओलीको सरकार एमसिसी पारित गर्दैछ भनेर जो हल्ला गरे राजनीतिक दलहरु, आज बास्वमा मलिनियम च्यालेन्ज कर्पोरेशन एउटा विवादित प्रोजेक्ट पारित भएको छ ।

त्यो सँगसँगै त्यसको सहउत्पादनको रुपमा एफपिप कार्यान्वयनको सन्दर्भमा यो सरकारको जग हल्लेको छ र सरकारले हामी पास गर्दैनौं भनेर कार्यान्वयन गर्दैनौं भनेर रोष्टममा उभिएको छ तर लिखित पत्र बुझाउन सक्दैन । त्यतिमात्रै होइन, वहुचर्चित विवादित नागरिकता विधेयक, मंसिरमा निर्वाचन हुँदैछ, रातारात हतारमा नागरिकता विधेयक पारित गरेर अगाडि बढ्दै छ । आर्थिक क्षेत्रमा मन्दी छाएको छ, बैंकमा तरलता छैन । हिजो केपी ओलीको सरकार हुँदा १ वर्षलाई पुग्ने सञ्चिती डलर बैंकमा थियो, आज वास्तवमा ६ महिनालाई पुग्ने सञ्चिती छैन । महंगी जतासुकै सगरमाथा भन्दा माथि उक्लेको छ, कति प्रतिशत भनेर पनि साध्य नहुने भइसक्यो, यो सरकार लाचार बनेको छ ।आज वास्तवमा गण्डकी प्रदेशको सरकार पनि त्यसको एउटा सहयात्री बनेको छ ।

धेरै मित्रहरुले उठाउनु भएको छ, आज कर नामसारीमा पनि कर, रजिष्ट्रेसनमा पनि कर, जग्गा अंशवडामा पनि कर, जतासुकै कर, अनि हाम्रो नाम वास्तवमा कर प्रसाद, गण्डकी प्रदेशको सरकारको नाम कर प्रसाद भनेर हामीलाई जिस्काउन थालिएको छ, उडाउन थालिएको छ, यो प्रदेश सरकारको औचित्य माथि प्रश्न खडा गर्न थालिएको छ, सभामुख महोदय । त्यसकारण मैले भन्न चाहेको के हो भने, यो परिवर्तित सन्दर्भमा हामी जिम्मेवार बनौं, जवाफदेही बनौं, जनता प्रति उत्तरदायि बनौं, कम्तिमा राम्रो काम नगरे पनि गर्न नसके पनि संस्थाको संरचनालाई भत्काउने कुरा, संविधानलाई ध्वस्त गर्ने कुरा, लोकतान्त्रिक मूल्य मान्यता र संस्कारलाई ध्वस्त पार्ने कुरा नगरौं । हामीले देखेका छौं, यो संसदीय प्रणालीभित्र हामी प्रधानमन्त्री प्रणाली अख्तियार गर्छौं, हामी यो गण्डकी प्रदेशमा एउटा गाईजात्रा देखिरहेका छौं । क्याविनेटको निर्णय रोष्टमबाट मन्त्रीहरु दोहोरी खेलिरहनु भएको हाम्रा आँखा अगाडि देखिराखेका छौं तर बास्तवमा कुनै जवाफदेहीता बोक्नु पर्दैन।

मुख्यमन्त्री एउटा बोलिरहनु भएको छ। अर्को मन्त्री अर्को बोलिरहनु भएको छ। कुनै जवाफदेहिता छैन। त्यति मात्रै हैन आज यो गठबन्धन भन्ने शब्द नेपालको राजनितीमा अत्यन्तै पपुलर बन्दै छ।यो गठबन्धन केपी ओली र नेकपा एमालेलाई साइजमा ल्याउनको निम्ती बनेको रे। म त्यही सुन्दैछु।फेरी पनि लाग्छ लोकतन्त्रमा निर्वाचनमा तालमेल हुन सक्छ, सरकार मेजोरिटी नहुँदा गठवन्धनको सरकार बन्न सक्छ तर गठवन्धन के का निम्ति स्वार्थका निम्ति, पद लोलुपताका निम्ति, भागवण्डाका निम्ति, पटक पटक राज्यसत्ताको दोहन गर्नका निम्ति कि परिवर्तनका निम्ति मलाई लाग्छ, यो सत्ता गठवन्धन स्थानीय तहको निर्वाचन भर्खरै गठवन्धनद्वारा सम्पन्न भएको छ । अब संसदीय निर्वाचन मंसिर ४ गते हुँदैछ, फेरी गठवन्धनको लहर चलिरहेको छ ।

मलाई कुनै आपत्ति छैन गठवन्धन होस तर गठनवन्धन कुन विचारको जगमा, कुन सिद्धान्तको जगमा हामी संविधानमा समाजवादको परिकल्पना गर्यौं, दलाल पूँजीवादको अन्त्य गरौं मुलकमा राष्ट्रिय अर्थतन्त्रको निर्माण गरेर पूँजीको विकास गरेर हामी

समाजवाद कायम गर्ने कुरा गयौं तर एउटा राजनीतिक शक्ति मार्केट इकोनोमिक्समा विश्वास गर्छ, लिभरलाइजेसनमा विश्वास गर्छ, उदारीकरणमा विश्वास गर्छ, बजारले सबै कुरा निर्धारण गर्छ भन्ने विश्वास गर्छ । एकथरी राजनैतिक शक्तिहरु मार्क्सवादमा विश्वास गर्छ। आफूलाई मार्क्सवाद भन्ने, आँफुलाइ लेनिनवाद बन्ने आफूलाई परिवर्तन कार्यशक्ति हुँ भन्ने त्यही जगमा लामो समय विगतमा हामी चाहे जनयुद्ध आन्दोलको आड्मा होस या जनयुद्धको आड्मा होस हामी परिवर्तनका बाहक बनेर, हामी परिवर्तनशिल शक्तिका बाहक बनेर हामी उभिएका छौं, के यो शक्तिको अभिष्ट केपी ओलीलाई हटाउने। यो अविष्ट नेकपा एमालेलाई साईजमा लिन े मात्र हुन सक्छ, तेले लोकतन्त्र बलियो बनाउन सक्छ ? ते ले लोकतान्त्रिक मूल्य मान्यतालाई बलियो बनाउन सक्छ? सभामुख महोदय सक्दैन । मैले उठाउन खोजेको कुरा के मात्र हो भने, यदि हामी संविधान कार्यान्वयन गर्न चाहन्छौं, लोकतन्त्र बलियो बनाउन चाहन्छौं भने कुनै पनि हाम्रा गठवन्धन विचारको जगमा, सिद्धान्तको जगमा, परिवर्तनको जगमा संविधानलाई मजबुत गराउने जगमा हुनपर्छ र बन्छ । तर हामी निःस्वार्थका निम्ति, पद प्राप्तिका निम्ति, देशलाई ब्रहमलुट गर्नका निम्ति देशलाई यो भन्दा पनि अन्धकारको खाडल तर्फ धकेल्नका निम्ति जुन खराव मक्सदका साथ बढाइएको छ, यसले मुलुकको हित गर्दैन, लोकतन्त्रको हित गर्दैन, संविधानको रक्षा गर्दैन, सवभाविक ढंगले यो गठवन्धन पनि एउटा लोकतन्त्रको भत्ता मजाक मात्रै हो । त्यसकारण मैले सभामुखज्यू मार्फत भन्न चाहन्छु, फेरी पनि आग्रह गर्न चाहान्छु। हामी लोकतन्त्रलाई बचाउने काम गरौं संविधानको संरक्षण गर्ने काम गरौं, संविधानले अख्तियार गरेको बाटोमा अगाडी बढ्ने काम गरौं, हस् धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी., समय ५ मिनेट ।

**माननीय विनोद के.सी.**

सभामुख महोदय ,यही १७ गते म्याग्दीमा अविरल वर्षाका कारण म्याग्दीको मालिका गाउँपालिका वडा नं. २ रुममा एउटै घरको परिवारका ५ जनाको मृत्यु हुनुका साथै २ जना घाइते हुनुभयो र म यसै सम्मानित सदन मार्फत मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको पनि कामना गर्न चाहन्छु र जुन घटना प्रति गण्डकी प्रदेश सरकारको आन्तरिक मामिला मन्त्रीले चाँसोको साथ त्यो घटना प्रति उहाँले जे जस्तो त्यो घटनामा जोडिएर सरकारको तर्फबाट व्यवस्थापन गर्ने प्रयत्न गर्नुभयो म उहाँहरुलाई आभार पनि व्यक्त गर्न चाहन्छु । विशेष गरी यो घटनामा अहिले ११ वटा घर पूर्ण रुपले विस्थापित भएका छन् र अन्य छिमेकी अन्य वडाहरुका पनि ५ वटा घर पूर्ण विस्थापित भएर अहिले बाहिर बसिरहेका छन् ।

सरकारले तत्कालै ती विस्थापित भएका घरपरिवारलाई घर बनाएर छिटो भन्दा छिटो आफ्नो घरमा बस्ने वातावरण बनाउनु पर्नेछ । विशेष गरी म्याग्दी जिल्ला एउटा हिमाली क्षेत्र भित्रमा पनि यो बाढीपहिरोको अति नै जोखिम युक्त जिल्ला भएको र विगतको वर्षमा पनि २०७ जना घरपरिवारहरु पूर्ण रुपले विस्थापित भएर घर बनाउन नसकेर अहिले पनि विस्थापित भएका छन् । त्यसमा यो वर्ष पनि फेरी पनि थपिने क्रम छ, अझ बाढिपहिरो कति पर्ने हो, कति के हुने त्यसको अन्तिममा यो बाढी वर्षात नसकुन्जेल जलत्रासको अवस्था छँदैछ ।

विशेष गरी म्याग्दी जिल्लामा गत वर्षमा पनि २०७ वटा घर पूर्ण रुपले विस्थापित भएको सरकारले ५ लाख रुपैयाँ त्यो पूर्ण विस्थापितलाई घर बनाउन संघीय सरकारले ६० प्रतिशत, प्रदेश सरकारले ३० प्रतिशत र स्थानीय सरकारले १० प्रतिशत गरी कार्यविधि बनाएको रहेछ, त्यसमा स्थानीय सरकारले बजेट विनियोजित गरिसकेको र संघीय सरकारले पनि बजेट विनीयोजित गरिसकेको र प्रदेश सरकारको बजेट नगएको कारणले यो अविरल वर्षामा पनि उहाँहरुको घर सम्पन्न हुन नसकेको एउटा गुनासो आएको छ, यो गुनासोलाई प्रदेश सरकारले गम्भिर रुपमा आत्मसात् गरी छिटो भन्दा छिटो प्रदेश सरकारले दिने त्यो घर बनाउन दिने त्यो सुविधा त्यो राहत कोषमा

उपलव्ध गराइदिन म प्रदेश सरकारको विशेष ध्यानाकर्षण गराउन चाहन्छु। त्यसैगरी यो म्याग्दी जिल्लामा मैले बारम्वार सदनमा भन्ने गरेको छु, म्याग्दी जिल्ला बाढीपहिरोमा अति जोखिम जिल्ला हो । त्यहाँ भूसंरक्षणको कार्यालय विगतमा रहिरहेको र अहिले यो संघीय व्यवस्था आइसकेपछि, प्रदेश सरकारको मातहतमा आइसकेपछि भएको कार्यालय पनि अहिले म्याग्दीबाट हटेर बाहिर पर्वतबाट सेवा दिँदै गर्दा त्यहाँका सेवाग्राही धेरै अप्ठेरोमा परेको भएको हुनाले, म्याग्दी जिल्लामा यो भूसंरक्षण कार्यालय अति नै आवश्यक रहेको म जानकारी गराउँदै तत्काल यो कार्यालय म्याग्दीमा, उसको आफ्नो भवन पनि छ, व्यवस्थापन पनि छ, यो बजेट र कार्यालय त्यहाँ छिटो भन्दा छिटो व्यवस्थापन गर्न सकेमा यो बाढपहिरोलाई रोकथाम गर्न महत्वपूर्ण कदम पुग्दथ्यो, त्यसको लागि म प्रदेश सरकारलाई म उचित ध्यान फेरी पनि गराउँदै मेरो भनाई अन्त्य गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु , विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरु, अब म माननीय शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठलाई विभिन्न मितिका सभाको वैठकमा माननीय सदस्यहरुले सून्य  र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय शिक्षा, संस्कृति, विज्ञान - प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, विभिन्न समयमा शिक्षा, संस्कृति, विज्ञान - प्रविधि तथा सामाजिक विकास मन्त्रालयमा सम्बन्धित रहेर माननीयज्यूहरुले आफ्नो जिज्ञासा, सुझाव राखुभएको छ । त्यो विषयमा यो मन्त्रालय भित्रका जिज्ञासाहरु अन्तरगत रहेर मैले आफ्ना केही कुराहरु राख्न सभामुख महोदय मार्फत अनुमति चाहन्छु । हामीले यो ०७८/७९ मा धेरै कार्यक्रमहरु सम्पन्न गरेका छौं र त्यसले यो प्रदेशलाई

कमसेकम संघीयता कार्यान्वयनको सिलसिलामा विभिन्न माध्यमबाट उठेका क्वोइस्चनहरुलाई केही यस्ता प्रदेश सरकारले गरेका कामहरुबाट प्रदेश सरकारको औचित्य पुष्टि हुन्छ भन्ने मलाई विश्वास छ । हामीले धेरै त्यस्ता नीतिहरु, ऐनहरु जारी गरेका छौं ।

त्यस मध्ये गण्डकी प्रदेश शिक्षा नीति २०७८, श्रम तथा रोजगार नीति २०७८, प्रदेश बालबालिका सम्बन्धी ऐन २०७८, गजेन्द्र मोक्ष धाम क्षेत्र विकास समिति गठन, आदेश २०७८, गण्डकी प्रदेश शिक्षा विज्ञान प्रविधि प्रतिष्ठान नियमावली २०७९, दलित सम्बन्धी विधेयकको मस्यौदा तयारीको चरणमा रहेको र सम्मानित प्रधानमन्त्रीज्यूबाट साक्षर गण्डकी प्रदेशको घोषणा जस्ता गण्डकी प्रदेशको सरकारले शिक्षामा परिवर्तन ल्याउनको लागि र गण्डकी प्रदेशमा हामीले अब यो गण्डकी प्रदेशलाई कतातिर लाने र यो संघीयता कार्यान्वयन गर्नको लागि कस्ता खालका नीति निर्माणहरु बनायो भने साँच्चै जनताहरुलाई यो संघीयताको मर्मको विषयमा बुझाउन सकिन्छ भनेर यस्ता कार्यक्रमहरु अगाडि बढाएको कुरा म सभामुख महोदय मार्फत माननीयज्यूहरुलाई अवगत गराउन चाहन्छु ।

यसै सिलसिलामा हामीले सडक आश्रित, सहयोगापेक्षी, मानव मुक्त गण्डकी प्रदेशको घोषणा पनि गरेका छौं । शहिद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ति कार्यक्रमलाई अगाडि बढाएको छौं । १ जिल्ला १ शहिद पार्क अन्तरगत विभिन्न कारणले कार्यविधिहरु रोकिदा पनि हामीले गोरखाको न.पा.—२ सहिद सुरेश स्मृति पार्क पूर्वाधार विकासको लागि अनुदान उपलव्ध गराइसकेका छौं । हिमाली तथा दुर्गम क्षेत्रमा ५ वटा नमुना आवासीय विद्यालयहरुलाई हामीले अगाडि बढाएका छौं । गोरखाको च्याङलिङ कुमाल जातिको संग्रहालय स्थापनाको लागि अनुदान सहयोग अगाडि बढाइसकेका छौं । सामुदायिक सिकाई केन्द्रबाट ३८ कक्षामा ७६० जना नव साक्षरहरुको लागि कार्यक्रम अगाडि बढाएका छौं । प्रविधि मैत्री विद्यालय साक्षर कार्यक्रमहरुलाई अगाडि बढाएका छौं । ५८ वटा जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरु हामीले अनुदान उपलव्ध गराएका छौं । २५ वटा संस्थाहरुलाई जेष्ठ नागरिक दिवा

सेवा केन्द्र, पूर्वाधार स्थापना जस्ता कार्यक्रमहरु गरेका छौं । हामीले प्रदेश प्रमुख शैक्षिक कार्यक्रम मार्फत शिक्षाको गुणस्तरलाई सुधार गर्नुपर्दछ हामीले इसिडी क्लासदेखि ५- ८ को क्लाससम्म ९—१२ को स्कूल सम्मलाई प्रविधि मैत्री र शिक्षालाई गुणस्तरीय बनाएर, शिक्षालाई स्वरोजगार र रोजगार उत्पादन कसरी गर्ने र उत्पादनसँग जोडेर हामीले कसरी प्रदेशलाई आत्मनिर्भर बनाउने शिक्षा विकास गर्नु पर्दछ र विभिन्न गाउँघरमा रहनुभएका युवाहरुलाई, बेरोजगरीहरुलाई सीपयुक्त तालिमहरुको प्रदान गरेर आफै सक्षम बनाउनको लागि कसरी अगाडि बढाउन सकिन्छ भन्ने हेतुले हामीले यस्ता धेरै कार्यक्रमहरु ०७८/७९ मा गर्यौं भने, हामीले अब यो ०८९/८० मा पनि यस्तै कार्यक्रमहरु प्रदेशभरि लागु गर्नु पर्दछ र प्रदेशका जनताहरुलाई संघीयताको मर्म र संघीयताको अनुभूति दिलाउनु पर्दछ भन्ने हेतुले प्रदेश सरकारले यो आर्थिक वर्षमा महिलाहरु ५१ प्रतिशत भन्दा बढी यो प्रदेशमा हुनुहुन्छ त उहाँहरुलाई सक्षम नबनाइकन समाजलाई परिवर्तन गर्न सकिदैन भनेर सक्षम महिला समानान्तर पाइला कार्यक्रमलाई अगाडि बढाएका छौं ।

शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन गर्ने नीति लिएका छौं । प्रदेश बाल परिषद् समन्वय बाल प्रतिभा छनोट गरेर बालबालिकाहरुलाई पनि हामीले प्रोत्साहन गर्नु पर्दछ । आजका बालबालिका भोलिका कर्णधार हुन् भन्ने हेतुले हामीले उहाँहरुमा रहेका प्रतिभालाई प्रस्फुटित गराउनको लागि आउदो सालमा हामीले यस्ता खालका कार्यक्रमहरु अगाडि बढाएका छौं र हामीले जुन कार्यक्रमहरु प्रस्तुत गरेका छौं त्यसको अहिले मन्त्रालयमा मापदण्डहरु तयार भइसकेको छन् कार्यविधिहरु अगाडिको एकिकृत कार्यविधिहरुलाई पछ्याएर चाँडो भन्दा चाँडो यो कार्यक्रमहरुलाई कार्यन्वयनको दिशामा अगाडि बढाउँदै गरेको कुरा पनि म सभामुख महोदय मार्फत माननीयज्यूहरुलाई अवगत गराउन चाहन्छु । हामीले अपाङ्गता भएका व्यक्तिहरुको लागि सशक्तिकरण कार्यक्रम, मानव अधिकार सम्बन्धी सशक्तिकरण कार्यक्रम, अति अशक्त तथा पूर्ण अशक्त अपांगता भएका व्यक्तिहरुका लागि व्यक्तिगत सहयोगी राख्ने कार्यक्रम, शहिद, घाइते, अपांग, वेपत्ता परिवार

लगायतको तथ्यांक संकलन अद्यावधिक तथा परिचय पत्र वितरण जस्ता कार्यक्रमहरुलाई पनि यो सालको कार्यक्रममा हामीले अगाडि बढाउने कुरा सभामुख महोदय मार्फत माननीयज्यूहरुलाई  जानकारी गराउन चाहन्छु ।

८५ वटै स्थानीय तहका जनप्रतिनिधिहरुलाई अपांगता सम्बन्धी विकास तथा योजना निर्माण सम्बन्धी अभिमुखीकरण गर्नको लागि पनि हामीले कार्यक्रमहरु अगाडि बढाएको छौं । महिलाका लागि लोकसेवा आयोगमा कसरी तयारी कक्षा तयारी गर्ने र महिलाहरुलाई लोकसेवा मार्फत आफुलाई यो समाजमा, यो राष्ट्रमा सेवा गर्ने भावनाको लागि अभिपृत गर्नको लागि हामीले महिलाहरुलाई लोकसेवा तयारी क्लासको कार्यक्रम पनि अगाडि बढाएको कुरा म जानकारी गराउन चाहन्छु । प्रदेशमा विद्यमान रहेको भेदभाव, छुवाछूत जस्ता गम्भिर सामाजिक अपराध न्यूनिकरणको लागि सचेतनामूलक कार्यक्रम, आमा समूहहरु गाउँ गाउँमा धेरै ठाउँमा रहनु भएको छ ।

उहाँहरुलाई कसरी त्यो समाजलाई परिवर्तन गर्न सकिन्छ र आमा समूह मार्फत त्यो टोलको कसरी सुधार गर्न सकिन्छ भनेर उहाँहरुको संस्थागत सुदृढीकरणको लागि केही कार्यक्रमहरु अगाडि बढाइएको छ भने अतिजम भएका बालबालिकाहरुलाई सेवा सुसार गर्ने केन्द्र संचालन गरिने, संचालित जेष्ठ नागरिकहरुको भवन र आश्रमहरुको व्यवस्थापन गर्ने, हिंसा, पीडित महिला तथा बालबालिकाको लागि पुनःस्थापित केन्द्रहरुको निर्माण गर्ने, प्रादेशिक दीर्घकालिन पुनःस्थापना केन्द्रको पर्वाधार निर्माण निरन्तरता, प्रदेश स्तरीय अपांगता भएका जग्गा प्राप्तिको लागि हामीले ४४ रोपनी जग्गा हाम्रो नाममा लालपूर्जा ल्याउनका लागि सफलता मिलेको छ । अब त्यसमा हामीले यो सालको बजेटबाट त्यस्ता कार्यक्रमहरुलाई अगाडि बढाउने कुरा सभामुख महोदय मार्फत जानकारी गराउन चाहन्छु । दलित समुदायको परम्परागत पेशा, कला, सीपको संरक्षण, सम्वर्धन र व्यवसायिकताका लागि भगत सर्वजित सीप विकास कार्यक्रम, महिलाहरुको विपन्न, एकल, हिंसा पीडित, सिमान्तकृत आदिको लागि सीप तथा व्यवसायिक विकास तालिम जस्ता कार्यक्रम र हामीले

अहिले भर्खरै यो ६, ७  र ८ गते यो प्रदेशमा वृत्त विकास परामर्श सेवा र रोजगार मेलाको कार्यक्रम सम्पन्न गरिसकेको कुरा पनि सभामुख महोदय मार्फत म जानकारी गराउन चाहन्छु ।

विद्यालय स्तरमा विद्यालय विपद् महामारी जोखिम न्यूनिकरण जस्ता कार्यक्रमहरु मार्फत विद्यालयहरुलाई थोरै भए पनि हामीले संरक्षण गर्ने कार्यक्रमहरु अगाडि बढाएको छौं । विद्यालय एकीकरण समायोजनको लागि प्रोत्साहन, अनुदान विद्यालयहरुलाई थोरै विद्यार्थी, धेरै दरवन्दी रहेका र कहीं धेरै दरवन्दी तर थोरै विद्यार्थी रहेकाहरुलाई पनि एकिकरण गर्नको लागि प्रोत्साहन स्वरुप गण्डकी प्रदेशको सरकारै पनि त्यतातिर सहजीकरण गर्नु पर्दछ भनेर त्यस्ता कार्यक्रमहरु अगाडि बढाइएका कुरा जानकारी गराउन चाहन्छु । धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा र वैकल्पिक विद्यालयहरुलाई हामीले अब यसलाई पुनस्थापन गर्नु पर्दछ र यसलाई गण्डकी प्रदेशको सरकारले सहयोग गर्नु पर्छ भनेर यस्ता कार्यक्रमहरु अगाडि बढाएका छौं भने अब शिक्षामा खाली कितावी शिक्षा मात्र होइन, त्यसलाई व्यवहारिक र व्यवसायिक बनाउनु पर्दछ भनेर हामीले शिक्षामा सिक्दै, कमाउँदै कार्यक्रमलाई पनि हामीले यो वर्षको कार्यक्रम देखि अगाडि बढाएको कुरा म अवगत गराउन चाहन्छु ।

वौद्धिक अपांगता भएका बालबालिकाहरुका लागि त्यस्तै खालको सेवा सुविधाहरुको आवश्यकता भएको हुनाले हामीले डिपिआर अनुसारको आवासीय भवन बनाउनको लागि अगाडि बढेका छौं भने, विद्यालय संचालन एवं व्यवस्थापन गर्नको लागि धेरै समस्याहरु देखिएको हुनाले हामीले अब विद्यालय व्यवस्थापनको लागि पनि प्रदेश सरकारले केही न केही सहजीकरणहरु गर्नु पर्छ भन्ने मान्यताको साथ अगाडि बढेको कुरा सभामुख महोदय मार्फत माननीयज्यूहरुले विभिन्न समयमा सोध्नुभएका जिज्ञासाहरुलाई यस विषय मार्फत सम्वोधन हुन्छ भन्ने मलाई लाग्दछ । हाम्रो गण्डकी प्रदेशको दायित्व बालबच्चाहरु, महिला दिदीबहिनीहरु, विभिन्न हिंसाबाट प्रभावित भएका त्यस्ता खालका समुदायलाई संरक्षण गर्नको लागि एसओएस हर्मोन

साइन्स विद्यालय पोखरा मार्फत हामीले त्यस्ता बालबालिकाहरुको संरक्षण गर्ने नीतिका साथ त्यो एसओएस विद्यालय मार्फत त्यस्ता कार्यक्रमहरु अगाडि बढाउने कुरा पनि हाम्रो कार्यक्रममा रहेको जानकारी गराउन चाहन्छु ।

अपांग उच्च शिक्षा छात्रवृत्ति, कोभिड–१९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुको लागि राहत - अनुदान, उत्कृष्ट विद्यार्थी प्रोत्साहन, शहिद पार्क व्यवस्थापन, अनुदान, प्रदेशमा रहेका गाईने, बोटे, मुसहर, चेपाङ, दुरा, छन्त्याल जस्ता सिमान्तकृत लोपोन्मुख जातिहरुको संरक्षण एवं उत्थानका कार्यक्रमहरु, त्रिवेणी गजेन्द्र मोक्ष धाम, दिव्य धाम क्षेत्र विकास कार्यक्रम अन्तर्गत विभिन्न त्यो क्षेत्रमा समेट्नु पर्ने कार्यक्रमहरुका लागि हामीले मापदण्ड कार्यविधिहरु अगाडि बढाइसकेको र गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम, गण्डकी प्रदेशको धर्म संस्कृति संरक्षण जस्ता धेरै जनतासँग छुने यो प्रदेश सरकारले त्यस्ता खालका यो प्रदेशको गौरवका कुराहरु हाम्रो गण्डकी प्रदेशमा १२६ भन्दा बढी भाषाभाषीहरु, विभिन्न जातजातिहरु, धर्म सम्पदा मान्ने र शिक्षालाई पनि त्यति नै ध्यान दिएर सामाजिक क्षेत्रलाई प्रभाव पर्नको लागि माननीज्यूहरुले जसरी चासोका साथ, उत्सुकताका साथ यो सम्मानित सदनमा मेरो मन्त्रालय सम्बन्धी जिज्ञासा राख्नुभयो ।

उहाँहरुको जिज्ञासा, उहाँहरुको सुझावलाई मनन गरेर चाँडो भन्दा चाँडो कार्यविधि, मापदण्डहरुलाई परिमार्जन गर्दै तपाईंहरुसँग सल्लाह गरेर त्यस्ता खालका कार्यक्रमहरु जनता प्रति उत्तरदायि हुँदै अगाडि बढाउने कुरा म यो सदनमा सभामुख मार्फत जानकारी गराउँदै, फेरी पनि त्यस्ता सुझावहरु, सल्लाहहरु आएमा त्यही अनुसारको अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दै आफ्ना भनाइहरु यहीं अन्त्य गर्दछु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला मन्त्री श्री दोवाटे विश्वकर्मालाई विभिन्न मितिका सभाको वैठकमा माननीय सदस्यहरुले सून्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**आन्तरिक मामिला मन्त्री दोवाटे विश्वकर्मा :-**

माननीय सभामुखज्यू, माननीयज्यूहरुले सून्य समय र विशेष समयमा गण्डकी प्रदेशभरि विपतका घटनाहरु र बाढपहिरोका घटनाको सन्दर्भमा बढो महत्व र चाँसोका साथ उठाउनु भएको छ, त्यसको लागि म आभार प्रकट गर्न चाहन्छु र त्यही अनुसारको म जानकारी गराउन चाहन्छु ।माननीय सभामुखज्यू, २०७९ सालको मनसुन सुरु भएपछि हालसम्म गण्डकी प्रदेशमा विभिन्न जिल्लाका विपतका घटनाहरु, विशेष गरी बाढीपहिरो, चटयांङ्ग आदीबाट भएका क्षतिका सम्बन्धमा यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

माननीय सभामुखज्यू, २०७९ असार १ गते देखि हालसम्म विपद्का घटनामा परि यो विपद् सम्बन्धी जोडिएका घटना परेर मृत्युहुने महानुभावहरु १२ जना हुनुहुन्छ, १२ जना व्यक्तिहरु प्रति निधन भएको छ। निधन भएका व्यक्तिहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै र शोक सन्तप्त प्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु र घाइतेहरु प्रति स्वास्थ्य शिघ्र लाभको कामना गर्न चाहन्छु । घटनामा मृत्यु हुनेका विवरणहरु म यहाँ राख्न चाहन्छु । शहिद लखन गा.पा. वडा ७ गोरखामा ७० वर्षकी केशरी माया वस्तीको आगलागीबाट निधन भएको छ, धार्के गा.पा. वडा नं. ७ का वर्ष २५ का चन्द्रमान गुरुङको, काठेखोला गाउँपालिका वडा नं. ६ वाग्लुङमा वर्ष २८ कि सुस्मा पुनको निधन भएको छ । निसीखोला गा.पा. वडा नं. ३ वाग्लुङका वर्ष ७६ को नमिता घर्तीको निधन भएको छ । निसीखोला गाउँपालिका वडा नं. ६ वाग्लुङका १६ वर्षीकि ज्ञानमाला परियारको घाइते भएको छ ।

४ जनाको चटयाङबाट निधन भएको छ, गल्याङ न.पा. वडानं१, स्यांङ्गजामा वर्ष १२ कि रेखा भट्टराईको निधन भएको छ । पोखरा महानगरपालिका वडा नं. ६ मा डेरा

गरी बस्ने वर्ष सन्तोष सुनारको पहिरोमा परि निधन भएको छ । वर्षाका कारण भत्किएका घरहरु मिति २०७९/४/१७ गते म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं. २ रुम भन्ने स्थानमा पहिरो गई घर बगाउँदा, सो घरमा बस्ने वर्ष ३८ का घाम ब. वि.क., वर्ष ३५ कि राममाया वि.क., वर्ष १६ को नविन वि.क., वर्ष १४ को राजन वि.क. र वर्ष ५ कि रोजिना वि.क. गरी ५ जनाको दुःखद निधन भएको छ र प्रदेश सरकार स्थानीय प्रशासन निकाय तथा स्थानीय तहको समन्वयमा उक्त घटनामा परि निधन भएका व्यक्तिहरुको खोजतलास र आवश्यक प्रकृया पूरा गरी लाशहरु प्राप्त भएको र लाश परिवारलाई जिम्मा लगाएको अवस्था र उनीहरुको दाहसंस्कार भइसकेको अवस्था छ र बाढीपहिरो तथा चटयाङ्गको कारण विभिन्न जिल्लामा जम्मा २० जना व्यक्ति घाइते हुनुभएको छ ।

घाइतेहरु मध्ये १८ जना सामान्य घाइते र घाइतेको स्थानीय स्वास्थ्य केन्द्र तथा स्थानीय अस्पतालमा उपचार भएको र म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं. २ रुममा पहिरोमा परि घर बगाउँदा वर्ष ६५ को गोठे वि.क. र निजकी श्रीमती वर्ष ६५ को गोरी वि.क. को अवस्था गम्भिर भएकोले थप उपचारका लागि अस्पताल ल्याउनु पर्ने भएको करणले प्रदेश सरकारको तर्फबाट हामीले हेलिकप्टर ल्याउनु पर्ने अवस्था भएको थियो र हामीले संघ सरकारसँग पनि अनुरोध गरेर त्यही दिनमा हेलिकप्टर ल्याउने तयारी अवस्थामा राखेका थियौं र त्यो मौषमको कारण त्यहाँ ल्याउन सकेनौं र त्यसको भोलिपल्ट हामीले प्रदेश सरकाराको तर्फबाट हामीले हेलिकप्टरको व्यवस्था मिलाएका थियौं तर त्यहाँ प्रशासनसँग समन्वय गर्दा त्यहाँ एम्वुलेन्समा ल्याउन सकिने अवस्था रहयो। बाटो सुचारु भयो त्यसकारण पर्दैन भनिसकेपछि हामीले एम्वुलेन्समा ल्याएर अहिले पोखराको चरक अस्पतालमा उपचार भइरहेको छ र सबै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

त्यस्तै मुस्ताङ जिल्लाको बारुङ मुक्ति क्षेत्र गा.पा. वडा नं. ३ तेत्के जंगलमा जिम्मु टिप्न गएका म्याग्दी जिल्ला मालिका गा.पा. वडा नं. ३ का वर्ष २२ सुरेश रोक्का मगर, वर्ष १९ का टिका बुढा मगर, वर्ष २५का तेजिन्द्र रोका मगर र वर्ष २५का

दिलिप रोक्का मगर गरी ४ जना शंकास्पद वस्तु फेला पारी हातमा लिँदा विष्फोटन हुन गई घाइते भएका २ जनाको बेनी अस्पतालमा ल्याई उपचार गरी घर फर्काइएको र २ जनाको अवस्था गम्भिर भएकोले थप उपचारका लागि हेलिकप्टरको व्यवस्था गरेका थियौं र जिल्ला प्रशासन समन्वय गर्दा हेलिकप्टर आवश्यक नपर्ने र हामीले एम्वुलेन्सबाट पोखरा ल्याउन सक्ने अवस्था भएकाले एम्वुलेन्समा ल्याएर अहिले चरक अस्पतालमा उपचार भइरहेको कुराहरु म यहाँ माननीय सभामुख ज्यू मार्फत माननीय सदस्यज्यूहरुलाई जानकारी गराउन चाहन्छु ।

मिति २०७९ असार १० गते परेको अविरल वर्षाको कारण पोखरा म.न.पा. वडा नं. २५ माथि हेमजामा मेलबोट स्थित पहिरो जाँदा माथि हेमजामा ३ घर पूर्ण क्षति र ९ घर आंशिक क्षति भई जम्मा १२ घर पहिरोबाट प्रभावित भएका प्रदेश सरकारको तर्फबाट प्रभावित भई राहत स्वरुप २ लाख १५ हजार घटनास्थलमा पोखरा महा.न.पा. का वडा नं. २५ मा गई त्यहाँका नगरपालिका, जनप्रतिनिधि, रेडक्रस लगायतको उपस्थितिमा हामीले त्यहाँ राहत उपलव्ध गराएको कुरा पनि म जानकारी गराउनु चाहन्छु । विशेष गरेर यो विभिन्न समयमा सडकको कुरा पनि उठेको छ, यो सम्बन्धित मन्त्रालयको पनि बढी चासो र ध्यानाकर्षणको कुरा हो तर बाढीपहिरो र बाटो अबरुद्ध हुदा खेरीमा प्रत्येका ठाउँबाट त्यहाँ तुरुन्त बाटो खोल्नु पर्यो भन्ने खालको हाम्रो आन्तरिक मामिला मन्त्रालयमा जानकारी भए अनुसार हामीले विभिन्न जिल्लाहरुमा, सहायक राजमार्गहरु सहायक मार्गहरुमा विभिन्न मितिमा पहिरो गई आवागमन अवरुद्ध हुन गएकोमा स्थानीय प्रशासन, सुरक्षा निकाय स्थानीय तह, सडक डिभिजन कार्यालय र स्थानीय जनप्रतिनिधिहरुको समन्वयमा सकेसम्म छिटो सुचारु, आगमन सुचारु गरिएको कुरा पनि म यहाँ सदन समक्ष राख्न चाहन्छु ।

अझै पनि केही ठाउँहरुको बाटो सुचारु हुन सकेको छैन, जस्तै अघि पनि यहाँ माननीयज्यूहरुले कुरा उठाउनु भएको छ । यो बेसी सडक, चामे सडक खण्डमा अहिले पनि त्यो उदिपुर क्षेत्रको ज्यादै अप्ठेरो पहिरो छिनछिनमै जाने भएका कारणले त्यहाँका बाटाहरु अहिले पनि अवरोध भएको कुरा म यहाँ राख्न चाहन्छु । माननीय

सभामुखज्यू, विपद्को घटनामा परि ज्यान गुमाउने व्यक्तिहरुका परिवारलाई, घाइतेलाई उपचारको लागि र निजी आवस क्षति भएका परिवारलाई प्रदेश विपद् व्यवस्थापन नियमावली बमोजिम राहत उपलव्ध गराउन प्रदेश विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् कोषमा रकम पठाइएको र तत्काल राहत उपलब्ध गराउनका लागि सबै जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखि पठाइएको व्यहोरा जानकारी गराउन चाहान्छु। माननीय सभामुखज्यू, र स्यांङ्गजा जिल्लामा २०७९/१/३० गते निर्वाचनको दिनमा सवारी दुर्घटनाबाट घाइते हुने मृत्यु हुने १४ जना व्यक्तिहरुको परिवारलाई जनही रु. ५० हजारका दरले दिनको लागि प्रदेश सरकारबाट निर्णय भइसकेको र उहाँहरुलाई अब राहत तुरुन्तै उपलव्ध गराउने कुरा पनि माननीय सभामुख प्रदेश सभामा जानकारी गराउन चाहन्छु ।

माननीय सभामुखज्यू, त्यसैगरी विद्युत लाईन सर्ट भई साउन २३ गते जिल्ला पर्वतमा सितादेवी क्षेत्रीको मृत्यु भएको अवस्था छ र ११ हजार भन्दा बढी भोल्ट ठूलो लाईन रहेछ र अन्य १०—१२ जना घाइते भई उपचार पश्चात स्वास्थ्य सुधार भइ घर फर्केको अवस्था पनि म राख्न चाहन्छु । साउन १२ गते बेलुका ८ बजे अरिंगल पोल्न जाँदा २ जना यो पर्वत जिल्लाकै घटना हो । २ जना गएकोमा १ जना अस्पतालमा उपचार पछि घर फर्किएको र १ जना श्रीराम परियारको मृत्यु भएको अवस्था छ र दिनेश श्रेष्ठ उपचार पछि घर फर्केको कुरा पनि म राख्न चाहन्छु।

यो बाढीपहिरोबाट क्षति भएका घरहरुको पुनःनिर्माणमा सूचीकृत भएका घरहरुको लागि ७ जिल्लाबाट त्यसको रेकर्ड आइसकेको छ र ७ जिल्लाबाट आएका रेकर्डहरुमा ९ करोड ५५ लाख ४५ हजार रुपैयाँको क्षतिको विवरण आइसकेको छ र त्यो रकम अर्थ मन्त्रालय अर्थ विविधमा रहेको कारणले हामीले अर्थ मन्त्रालयमा लेखि पठाएका छौं र त्यहाँबाट रकम प्राप्त हुनेबित्तिकै सबै जिल्ला प्रशासन कार्यालयलाई पठाएर त्यो राहत उपलब्ध हुने कुरा पनि म अनुरोध गर्दै मेरो आफ्नो भनाई अन्त्य गर्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय वन वातावरण तथा भू संरक्षण मन्त्री श्री दिपक थापालाई विभिन्न मितिका सभाको वैठकमा माननीय सदस्यहरुले सून्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय वन वातावरण तथा भू संरक्षण मन्त्री दिपक थापा :-**

माननीय सभामुख महोदयज्यू, वन वातावरण तथा भूसंरक्षण मन्त्रालयमा विभिन्न समयमा विभिन्न मितिमा शून्य, विशेष समयमा उठाउनु भएका यो वन वातावरण मन्त्रालयको सवालमा यसको माननीज्यूहरुले उठाउनु भएको जुन सवालहरु छन्, त्यसको जवाफ दिन म यहाँ उपस्थित भएको छु ।माननीय सभामुखज्यू, र उपस्थित माननीयज्यूहरु, गरीमामय यस सदनमा उपस्थित विद्धान माननीयज्यूहरुबाट गण्डकी प्रदेश वन वातावरण तथा भूसंरक्षण मन्त्रालयसँग सम्बन्धित उठान भएका तर्क, सुझाव, सल्लाह र गुनासाहरु जिज्ञाशा प्रति म आभारी छु । यहाँहरुलाई हार्दिक बधाई धन्यवाद ज्ञापन पनि टक्राउन चाहान्छु । माननीयज्यूहरु वन क्षेत्र व्यवस्थापनका सन्दर्भमा भन्नुपर्दा यस गण्डकी प्रदेश भित्रको राष्ट्रिय वन क्षेत्र जनताको पहुँचमा परम्परागत उपयोग र आवश्यकताका आधारमा सामुदायिक वन ३९ सय ७८ वटा, चाक्ला वन १ वटा र कवुलियत वन ११ साय २७ गोटा, साझेदारी वन १ वटा र संरक्षण क्षेत्र २ वटा, संरक्षित क्षेत्र २ वटा र संरक्षित वन १ वटा र धार्मिक वन ३५ वटाका मार्फत व्यवस्थापन भइरहेको छ ।

विशेषतः विगत देखि नै सामुदायिक वन, चाक्ला वन र साझेदारी वनमा दिगो एवं वैज्ञानिक वन व्यवस्थापन पद्धतिबाट वन व्यवस्थापन भई काठ, दाउराको संकलन, आपूर्ति र विक्री वितरण हुँदै आइरहेको थियो तर समुदायमा आधारित वन व्यवस्थापनको क्रममा देशका केही स्थानहरुका वन समुदायमा सुशासनमा देखिएको कमी कमजोरीका कारण नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७ जेठ १५ गतेको निर्णयले देशैभरि नै काठ, दाउरा सङ्कलन तथा ओसार पसार रोक्का राखिएको र मिति २०७७ माघ ११ गतेको निर्णयले वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ खारेज समेत गरेकाले वैज्ञानिक वन व्यवस्थापन पद्धति लागु भएका यस

प्रदेशका ११९ वटा सामुदायिक वन र १ वटा चक्ला वन र १ वटा साझेदारी वन गरी जम्मा १२१ वटा वनक्षेत्रको काठ, दाउरा संकलन लगायतको सम्पूर्ण कार्य स्थगित रहेको छ भने समुदायमा आधारित रही व्यवस्थापन भइरहेका अन्य वन क्षेत्रको हकमा नियमित रुपमा वन व्यवस्थापन कार्य भइरहेको माननीयज्यूहरुलाई जानकारी गराउन चाहान्छु।

वैज्ञानिक वन व्यवस्थापन पद्धति लागु भएका वनक्षेत्रको कार्य योजना कार्यान्वयनमा देखिएका अन्यौलता, जनताको काठ दाउराको बढ्दो माग र सडे गलेर जान सक्ने एवं वन डढेलोबाट नष्ट हुन सक्ने, ढलापडा रुखहरुको उचित व्यवस्थापनलाई ध्यानमा राखी नेपालको संविधानको धारा १६२ को उपधारा ४ बमोजिम प्रदेश कार्यकारीणी अधिकार प्रयोग गरी तत् तत वन क्षेत्रहरुमा रहेको ढलेपडा रुख संङ्कलनको लागि मन्त्रीपरिषद्को वैठकबाट निकासको लागि पटक पटक प्रयास गरिरहेको थियो तर संघीय वन नियमावली र प्रदेश ऐन तथा नियमावली नभएको कारण निकास निस्कन सकेन ।

हाल संघीय वन नियमावली २०७९ आइसकेको र प्रदेश वन ऐनको मस्यौदा तयार भई राय, सुझाव सङ्कलनको काम भइरहेको माननीयज्यूहरुलाई जानकारी गराउन चाहन्छु । यही २०७९ असार १६ गते संघीय वन नियमावली २०७९ समेत स्वीकृति भई हाल कार्यान्वयनमा आइसकेकोले गर्दा वन व्यवस्थापन सम्बन्धी धेरै अन्यौलताहरु हल गर्न सहज हुने अवस्था भएको छ। वन व्यवस्थापनका सन्दर्भमा संघीय वन नियमावलीले मार्ग प्रशस्त गरेका विषयहरुको कार्यान्वयनमा एक रुपता ल्याउन प्रदेश सचिवज्यूको समन्वय डिभिजन वन अधिकृतज्यूहरुसँग एक चरण छलफल भइसकेको र थप छलफलको तयारी समेत भइसकेको छ । यसैले हालसम्म स्थगित भएका काठ दाउरा संकलन र विक्री वितरण सम्वन्धि समस्याहरु केही हदसम्म हल हुने र जनताको काठ दाउरा आपूर्ति सहज हुने अपेक्षा गर्न सकिन्छ ।

माननीय सभामुखज्यू र उपस्थित माननीयज्यूहरु, यस गण्डकी प्रदेशमा अधिकांश पहाडी तथा हिमाल भिरालो भूगोल र कमजोर एवं अस्थिर भौगर्भिक अवस्था र

जलवायु परिवर्तनको असरको कारण विसम वेमौषमी अत्यधिक वर्षातले गर्दा प्राकृतिक रुपमै भूक्षय, बाढीपहिरो र नदी कटानको डर अधिक रहेको छ । यसको अलावा विकास निर्माणका हाम्रा कामहरु वातावरण मैत्री बन्न नसक्दा भूक्षय, बाढीपहिरोको समस्या अझ विकराल बन्न गएको छ । यस अर्थ समग्रमा गण्डकी प्रदेश भूसंरक्षणको दृष्टिकोणबाट अति नै संवेदशील प्रदेश हो । भूक्षय, बाढीपहिरो र नदी कटान जस्ता समस्याहरुलाई समन्वयन एवं प्राविधिक सेवा प्रवाहको लागि यस प्रदेशको मनाङ जिल्ला बाहेक बाँकी १० जिल्लाहरुमा साविक जिल्ला भूसंरक्षण कार्यालयहरु थिए । देश संघीय शासन प्रणालीमा प्रवेश गरेपछि पुन संरचना हुने क्रममा मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ र स्यांङ्जा जिल्लाहरुको निम्ति पर्वत कुश्मामा र १ वटा कार्यालय र कास्की, तनहुँ, मनाङ, लमजुङ, गोरखा र नवलपुर जिल्लाको लागी तनहुँ दमौलीमा १ वटा कार्यालय जम्मा २ वटा मात्र भू तथा जलाधार व्यवस्थापन कार्यालय संचालन छ।

वर्तमान संरचना अन्तरगत वन, वातावरण तथा भूसंरक्षण मन्त्रालय अन्तर्गतको विभिन्न १७ वटा कार्यालयको स्वीकृति, कर्मचारी दरवन्दी ६६१ जना रहेको छ, जसमा माथि भनिएका २ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालयको स्वीकृती कर्मचारी दरवन्दी १७–१७ जना रहेको छ । ती २ वटा कार्यालयहरुबाट सेवा प्रवाह र स्थलगत अनुगमन कार्यमा निकै असहज भएको यथार्थ हो । यस असहजमा कमी गराउन हरेक जिल्लामा भू तथा जलाधार व्यवस्थापन कार्यालय हुन जरुरी छ । तर प्रदेश सरकारको सीमित स्रोत, साधन र स्वीकृति जनशक्ति एकै पटक सबै जिल्लामा कार्यालय स्थापना गर्न सकिने अवस्था छैन तथापि यस गण्डकी प्रदेश वन वातावरण तथा भू संरक्षण मन्त्रालय अन्तर्गतको डिभीजन वन कार्यालयको संगठन संरचना कर्मचारी दरवन्दी वैज्ञानिक सोपान क्रम नमिलेको हुँदा र त्यसलाई समेत मिलाउने र भू तथा जलाधार व्यवस्थापन कार्यालयमा स्वीकृत दरवन्दी तथा प्रदेशको आर्थिक व्ययभार समेतलाई ख्याल गरी हाललाई कम्तिमा ३ वटा भू तथा जलाधार व्यवस्थापन कार्यालय थप गर्ने गरी नयाँ संगठन तथा व्यवस्थापन ओएनमको संरचना

तयारीको गृहकार्य करीव अन्तिम चरणमा पुगेको छ तर गण्डकी प्रदेश सरकाको आ.व. २०७९/८० को बजेट वक्तव्य बुँदा नं. १५३ मा प्रदेश सरकारको आन्तरिक स्रोत र प्रशासनिक आवश्यकताका आधारमा प्रदेश सरकारका निकायका संगठन संरचना तथा दरवन्दी संख्या हेरफेर सम्बन्धी उपयुक्त प्रस्ताव प्रदेश सरकार समक्ष पेश गर्नका लागि प्रमुख सचिवको संयोजकत्वमा समिति गठनको व्यवस्था मिलाएको हुँदा यस मन्त्रालयको ओएनम सम्वन्धी गृहकार्य हाल स्थगित रहेको व्यहोरा माननीय ज्यूहरुलाई जानकारी गराउन चाहन्छु र यहाँहरुलाई मैले एउटा वनको स्वपान क्रमको कुरा राखें, कि यो गण्डकी प्रदेशमा ६२ वटा सभ वन डिभिजन कार्यालयहरु रहेछ र त्यो ६२ वटा वन कार्यालयमा त्यहाँ अधिकृत १ जना र त्यसपछि एकैचोटी त्यहाँ रेन्जरहरु रहेछ ।

त्यसको एउटा स्वपान क्रमहरु चेन अफ कमाण्डहरु त्यो नमिलेको भएको हुनाले हामीले यो वन जुन कार्यालयमा एउटा सचिवालयमा छलफल गर्यौं र हामीले के गर्यौं भने त्यसलाई करिव अधिकृतको सेटिङ रहेनछ भने त्यसमा रेन्जरहरु, फरेष्टरहरु अनि त्यसपछि बल्ल मात्रै त्यसमा वन रक्षक राख्यो भने त्यसको सबै चिजहरु मिल्न सक्छ, कि एकैचोटी अधिकृत छ, एकैचोटी वन रक्षक भएपछि कुनै दिन विरामी होला, कंही विदामा होला अधिकृत गइसकेपछि रेन्जरले त्यसको निमित्त लिन नसक्ने भएको हुनाले यो अलि वैज्ञानिकता भएन र यो अलि नमिल्दो भयो त्यसकारणले जनशक्ति पनि छन् र त्यो जनशक्ति भएकोले त्यसको विकेन्द्रितको एउटा जनशक्तिको पनि तत् ततको पदहरुको सोपानको क्रममा राख्यो भने त्यसले काम गर्ने छिटो छरितो र राम्रो मितव्ययिता होला भन्ने यो खालको हामीले पहिला पनि पेश गरेका छौं।

यो मैले राख्न चाहे। माननीय सभामुखज्यू र उपस्थित माननीयज्यूहरु, अहिलेको वर्षातको समयमा देशको विभिन्न स्थानहरुमा बाढीपहिरो, नदी किनार कटानको समस्या दिनदिनै हामीले सुन्ने गरेका छौं र उक्त समस्याबाट यस प्रदेश पनि अछुतो छैन । प्रदेश भित्रका कतिपय समस्याहरु र अति विकराल छ, यसलाई संम्वोधन गर्न प्रदेश

सरकारको सिमित स्रोत साधनबाट सम्भव छैन । बाढीपहिरो आकस्मिक रुपमा हुने क्षति न्यूनिकरण एवं व्यवस्थापनको लागि पीडितहरुबाट बजेटको माग गरी धेरै निवेदन पेश हुन गएको छ, जसको सम्वोधनका लागि यस मन्त्रालयसँग छुट्टै बजेट छैन । सम्बन्धित जिल्लाहरुको कार्यक्रममा व्यवस्था भएको बजेटबाट तत् तत् समस्याहरु सम्वोधन हुन सक्ने देखिदैन । थोरै खर्चबाट हुने साना साना सम्स्याहरुका लागि सम्बन्धित कार्यालयबाट हुने र धेरै खर्च लाग्ने क्षति एवं समस्याको सन्दर्भमा विपद् व्यवस्थापन समिति समक्ष निवेदन पेश गर्न पीडितहरुलाई सुझाउने गरिएको माननीयज्यूहरुलाई जानकारी गराउन चाहन्छु ।

एकजना विद्धान माननीयज्यूले उठान गर्नु भएको स्यांङ्गजा गल्याङको लल्याङमा कालीगण्डी नदीले पुर्याएको क्षति व्यवस्थापनको लागि गत आर्थिक वर्षमा मा रु १० लाख विनियोजन भएको थियो तर यस वर्ष बजेट नपरेको भन्ने गुनासो राख्नुभएको थियो। लल्याङ नदी किनार कटान सम्बन्धमा म आफै पनि जानकार लिएको छु । तथापि, विद्धान माननीयज्यूले वस्तुस्थिति बारे थप जानकारी गराउनु भएकोमा उहाँको भनाईलाई आत्मसात् गर्दै हार्दिक धन्यवाद समेत टक्रयाउन चाहन्छु । स्यांङ्गजा ललाङको समस्या विकराल छ। प्रदेश सरकारको थोरै बजेट र एकल प्रयासबाट समस्या समाधान सम्भव देखिदैन यसका लागि विज्ञ सहितको टोलीबाट स्थलगत अध्ययन एवं निरीक्षण हुनपर्ने र त्यस अध्ययन टोलीबाट पेश हुने प्रतिवेदनले सुझावका व्यवस्थापनका विकल्पहरुका आधारमा बजेट व्यवस्थापनको लागि केन्द्र सरकारसँगको समन्वय गर्न पर्ने देखिएकोले सोही विषयमा मन्त्रालयमा छलफल भइरहेको जानकार गराउन चाहन्छु ।

अन्तत माननीयज्यूहरु, वन,वातावरण तथा भूसंरक्षणबाट सम्बन्धित सवालहरु, यहाँको सुझावहरु, यहाँहरुको रायहरु र कहीं यो समस्याहरुको विषयमा मैले यहाँ आएको यहाँहरुसँग मैले आफ्नो भाषामा मैले यहाँ प्रस्तुत गरैं र  यहाँहरुबाट विदा हुन चाहान्छु । हस्त, धन्यवाद ।

**माननीय सभामुख :-**

माननीय सदस्यहरु, अब म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई विभिन्न मितिका सभाको वैठकमा माननीय सदस्यहरुले सून्य समय र विशेष समयमा उठाउनुभएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय अर्थमन्त्री रामजी प्रसाद वराल :-**

माननीय सभामुख महोदय, सर्वप्रथम त बाढीपहिरो हाईभोल्टेजबाट करेण्ट लागेर मृत्यु भएका सबै नागरिकहरु प्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । साथसाथै घाइते हुनु भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । जुन क्षतिहरु भएको छ भौतिक क्षति त्यो क्षतिका निम्ति सरकारले आफ्नो दायित्व र भूमिका पूरा गरिराखेको छ । धैर्यधारण रहनका निम्ति अपिल अनुरोध पनि गर्न चाहन्छु ।माननीय सभामुख महोदय, यस सम्मानित सदनमा माननीज्यूहरुले विभिन्न मितिमा सून्य र विशेष समयमा उठाउनु भएको अर्थ मन्त्रालयसँग सम्बन्धीत विषयहरु उपर आफ्नो धारणा राख्न चाहन्छु ।

माननीयज्यूहरुबाट प्राप्त रचनात्मक बडो कलात्मक एवं सुझावमूलक महत्वपूर्ण विषयवस्तुहरु सरकारको लागि, मेरो लागि महत्वपूर्ण पूँजी हुनेछन् भन्ने विश्वास पनि लिएको छु ।माननीय सभामुख महोदय, असार १ गते बजेट वक्तव्य सँगसँगै आर्थिक विधेयक पनि प्रस्तुत भएको थियो । असार १ गतेदेखि २० गतेसम्म हाम्रो सदन सुचारु हुन सकेन, त्यसपछि सदन निरन्तर सुचारु भएको कुरा विदितै छ । त्यो सन्दर्भमा, पक्कै पनि हामी सबैले अध्ययन गर्यौं, व्यापक छलफल पनि भयो, र व्यापक छलफलको बिचबाट यो सम्मानित सदनले पास पनि गरिसकेको छ । त्यतिबेलाको सन्दर्भमा पनि उठेका विषयवस्तुहरुको सन्दर्भमा मैले स्पष्ट पार्नका निम्ति प्रयास प्रयत्न गरेकै थिएँ फेरी आज पनि करिव हिजोको पेश गरिएको अर्थ विधेयक आज आर्थिक ऐन भएर आएको छ । आर्थिक ऐन भएर आउँदै गर्दाखेरी पक्कै पनि चेन्ज छैन

होला, हामीले आर्थिक विधेयकका रुपमा जे कुरा प्रस्तुत गरेका थियौं सायद ऐन भएर आउँदा खेरीपनि त्यसरी नै आएको हुनु पर्छ ।

करिव करिव २ महिना हुनै लाग्यो, २ महिनाको अन्तरालमा निकै केहि विषयमा विषयवस्तुहरु जोडतोडका साथले उठेको छ, उठ्ने कुरालाई म सम्मान गर्न चाहन्छु । स्वभाविक रुपमा हामी सबैले महसुस गरेका छौं । गण्डकी प्रदेश सरकारका गौरवका योजनाहरु छिटो छरितो सम्पन गर्न जरुरी छ हामी सबैले भनेकै छौं । त्यसका अतिरिक्त कतिपय सेवाग्राही कार्यालयहरु हिजोको स्थितिमा छैनन्, केही सुधार भएकै छन । सँगसँगै बाटोघाटो पनि क्रमशः स्तरोन्नति हुँदै कालोपत्रेको दिशातिर अगाडि बढेकै छन त्यति मात्रै होइन, हामीले गण्डकी प्रदेशकै सरुवा रोग हस्पिटललाई साधन सम्पन्न बनाउने लेटेस्ट यो आधुनिक उपकरणहरु छन्, त्यसलाई समेत सम्पन्न गराउने देखि लिएर धेरै उद्देश्यहरु हामीले अगाडि सारेका छौं । साँच्चै यी सबै उद्देश्यहरुलाई सार्थक तुल्याउनका निम्ति हामीलाई बजेटको पैसाको जरुरत पर्छ नै, त्यसरी हेर्दै गर्दाखेरी स्वभाविक रुपमा हिजोका दिनहरुमा हिजोका दिनहरुमा करै नलिने सरकार त थिएन, ती हिजोका दिनहरुमा करै नलिएको सरकार भएको भए अहिलेको सरकारलाई करप्रसाद सरकार भन्या भए पनि हुन्थ्यो होला ।

त्यसो भएको हिसावले सायद सरकारले कर त हिजोका दिनहरुमा पनि लिएकै थियो भने तपाईं आज जसरी यो सरकारको नाम करप्रसाद सरकार रहेको छ भनेर बाहिर मिडियाले भन्ने कुरा एउटा कुरा हो तर माननीयज्यूहरुबाट नै त्यो कुरा आउँदै गर्दाखेरी, मैले यसो किताब पल्टाएर हेरे मैले विगतमा पनि सरकारले कर लिएकै रहेछ, कर नलिएको त रहेनछ । त्यसोभएको हिसाबले आज हामीले जे कार्यहरु, जे अभियानहरु, जे उद्देश्यहरु अगाडि बढाउन खोजेका छौं, तिनलाई सार्थक तुल्याउने हिसावले स्वभाविक रुपमा सरकारको दायित्व भनेको समय सापेक्ष करमा पनि वृद्धि गर्दै जाने र करका दायराहरु पनि खोज्दै जाने, यो दुईवटै रहन्छ । करिव ४ वर्षको अन्तरालमा करमा वृद्धि थिएन, किनभने ०७४ सालमा प्रदेश सरकार बनेको कुरा भयो, त्यो भन्दा पहिलाका स्थिति अब रहने कुरा पनि भएनन्, माने ४ वर्षको

अन्तरालमा केही थोरै प्रगतिशील करलाई अभ्यासको रुपमा लिएर जानु पर्छ भन्ने मान्यताका साथ केही केही विषयवस्तुहरुमा त्यो प्रयास, प्रयत्न गरिएको कुरा फेरी म एकचोटी यो सम्मानित सदनमा राख्न चाहन्छु ।

सँगसँगै हामीले प्रशासनिक खर्चमा उल्लेख्य कटौती गरेका छौं भन्ने कुरा पनि त थाहा पाइदिनुपर्यो नि भने एकातिर प्रशासनिक क्षेत्रमा हामीले कटौती गर्दै जाने र प्रगतिशील करको सिद्धान्तको आधारमा तपाईं दायरा पनि विस्तार गर्ने, थोरै मात्रा पनि विस्तार गर्ने उद्देश्यबाट गएर नै सायद हामीले हाम्रा उद्देश्यहरुलाई, हाम्रा लक्ष्यहरुलाई सफलीभूत पार्न सक्छौं होला मान्यता त यही हुन्छ होला नि ! त्यसो भएको हिसाबले हामीले भन्यौं अनावश्यक नामका भत्ता, बैठक भत्ता के के नामका दुनियाँ देखि लिएर सवारी साधन यी आदि इन्धन धेरै कुराहरुमा प्रशासनिक खर्च पनि कटौति भएको छ, सायद मिडियाले यो प्रशासनिक खर्च कटौती गरेको थाहा पाउनु पर्ने हो, यति धेरै थाहा नपाए जस्तो पनि मैले अनुभूति गरिराखेको छु ।यसर्थ माननीय सभामुखज्यू, अब हाम्रो यस सम्मानित सदनले आर्थिक ऐन २०७९ निर्माण गरिसकेको छ ।

सो ऐनको दफा २, ७ र ९ गत असारबाट नै कार्यान्वयनमा आइसकेको फेरी म यहाँ कुरा म फेरी एकचोटी अवगत गराउन चाहन्छु भने अन्य दफाहरु साउन १ गतेबाट कार्यान्वयन भइरहेका छन्, अर्थ सम्बन्धी प्रस्तावलाई कार्यन्वयन गर्न राजश्व संकलन गर्ने, कर बढाउने, कर घटाउने, छुट सम्वन्धी व्यवस्था गर्ने आर्थिक ऐन वार्षिक रुपमा आउने कुरा यहाँहरुलाई विदितै छ । वार्षिक रुपमा अनिवार्य पेश गर्नुपर्ने कानुनी व्यवस्था हुनुको सारभूत विषय गत आर्थिक वर्षको स्थितिको समिक्षा गरी कर र गैह्र कर राजश्वका दर ,दायराहरु घटाउने, बढाउने नै हुन्छ । यस परिप्रेक्ष्यमा सो ऐनको दफाबार छलफलमा खासै विषयवस्तु नउठेको कुरा पनि फेरी एकचोटी यहाँ म राख्न चाहन्छु । ऐन निर्माण भएर कार्यान्वयनको प्रकृयामा गइसकेपछि, विशेषतः निर्वाचनको मिति घोषणा भइसकेपछि करको विषयलाई लिएर,

जसरी अनावश्यक र कतिपय मिथ्या उठेका सबै विषयवस्तुहरुलाई मैले मिथ्या भनेको छैन ।

कतिपय मिथ्या टिप्पणी पनि गरिएको छ, कतै राजनीतिक पूर्वाग्रह त यहाँ जोडिएन साँच्चै राजनीतिक ईर्ष्याले, राजनीतिक पूर्वाग्रहले ग्रस्त भएर उठेका विषयवस्तु त होइनन्  मेरो पनि गम्भिर रुपमा ध्यान आकर्षण भएकै छ । अब प्रत्यक्ष लाभको अपेक्षा नगरी, नागरिकले सरकारलाई बुझाउने तिरो भएकोले करलाई नागरिकले वाध्यता कर कापको विषयवस्तु, ठान्ने मनोविज्ञान पनि छ फेरी । विद्यमान कानुनी हिसावले प्रदेशहरुले उठाउने प्रत्यक्ष कर प्रति नागरिकहरुको हमेसा असन्तुष्टी भाव धेरै थोरै रहिराखेकै हुन्छ तर नियमित आकस्मिक एवं विकास निर्माणका कार्यहरु सम्पादन गर्न, राजश्व संकलन गर्न फेरी वाध्यता पनि छ तर आज निहीत राजनीतिक उद्देश्य प्राप्तिको लागि राजश्वको विषयमा जे जति विषयवस्तुहरु उठेका छन् अथवा उठाइएका छन् के यसलाई जिम्मेवारपूर्ण अभिव्यक्ति मान्न सकिन्छ त ?

सरकारको राजश्व संकलन प्रति वितृष्णा जगाउन खोज्नु सही हुन्छ त ? के यी संघीय गणतन्त्रात्मक व्यवस्था विरोधीहरुलाई सहयोग पुर्याउने गतिविधि होइनन् र  अहिले पूर्वाग्रहले ग्रस्त एउटा अराजक झुण्डलाई मलजल पुग्ने हिसावले हाम्रा अभिव्यक्तिले काम गरेका त छैनन्?  वडो गहिरो गरी मनन गर्नुपर्ने स्थिति छ । यसर्थ, केही संघीय गणतन्त्रात्क व्यवस्था विरोधीहरुलाई सहयोग पुर्याउने गतिविधि होइनन ? म सम्पूर्ण माननीयज्यूहरुलाई गम्भिरतापूवक चिन्तन, मनन गरिदिनु हुन हार्दिक अनुरोध पनि गर्न चाहन्छु । खासगरी यहाँ घरजग्गा र सवारी कर सम्बन्धीको विषयवस्तुहरु जो उठेका छन्, गैर करसँग सम्बन्धित कुराहरु पनि छन् गैर कर राजश्वसँग सम्बन्धित कुराहरु पनि छन्, एक हदसम्म सवारी कर अथवा सवारी जरिवाना जो त्यो जरिवाना एउटा ढंगले व्यवस्थापन भईसकेको कुरा विदितै छ । सँगसँगै हामीले गण्डकी प्रदेश र वाग्मती प्रदेशको भौतिक परिवेश त्यहाँको जनजीवन त्यसपछि त्यहाँको वस्तुगत अवस्था अनि गण्डकी प्रदेशको वस्तुगत अवस्था, त्यहाँको जनजीवन, त्यहाँको परिवेश करिव करिव मिल्दोजुल्दो जस्तै छैन र त्यसभएको हिसावले गण्डकी प्रदेशको जनजीवन

र वाग्मती प्रदेशको जनजीवन त्यहाँको परिवेश सायद अन्तर छैन, त्यसो भएको हिसावले वाग्मती प्रदेशसँग नै सवारी करसित सम्बन्धित विषयवस्तुहरु अन्तरसम्बन्धित छन् यो विदितै भएको कुराहरु भयो ।

मैले फेरी यहाँ एकचोटी पुनःस्मरण गराउन मात्र खोजेका कुराहरु भए । घरजग्गा राजश्व सम्बन्धी विषयमा तीन चौथाई भन्दा बढी हिस्सा ओगट्ने क्षेत्रहरु कुन कुन हुन् भन्ने कुरा पनि यहाँहरुले बुझिसक्नु भएको छ, यहाँहरुको हात हातमा पनि पुस्तक छ । राजिनामा, सट्टापट्टा, सवलनामा, छोडपत्र, वन्दकीको लिखत, रोगका शुल्क, वित्तिय धितो सेवा शुल्कले बोकेको हुन्छ, करिव टोटल राजश्वको ठूलो हिस्सा यसले बोकेको हुन्छ । राजिनामा, सट्टापट्टा, सवलनामा, छोडपत्र र वन्धकीको लिखत रोक्का शुल्कमा कुनै परिवर्तन नगरी साविककै व्यवस्था रहेको जानकारी फेरी एकचोटी म यहाँ गराउन चाहान्छु । वित्तीय धितोको शेवा शुल्कको बुँदा क देखि ट सम्म साविककै व्यवस्था रहेको छ, फेरी एकचोटी यहाँहरुले हेर्ने कष्ट गर्नु हुनेछ ।

बुँदा ठमा रु.५० करोड भन्दा माथि जतिसुकै थैली भए पनि २ लाख २५ हजार हुने व्यवस्था न्यायिक र तर्कसंगत नभएकोले सम्पूर्ण सेवाग्राहीहरुलाई न्योयोचित र समान व्यवहार गर्नको लागि उक्त शुल्क प्रतशितमा लिने व्यवस्था गरिएको कुरा यस सम्मानित सदनमा फेरी एकचोटी म जानकारी गराउन चाहन्छु, किनभने ५० करोड भन्दा माथि जति भए पनि २ लाख २५ हजार मात्र भनिएको थियो तर अहिले ५० करोड भन्दा माथिको कारोवार हुन्छ ठूला ठूला कारोवार हुनेहरुसँग राज्यले केही न केही अपेक्षा गर्ने कुरा, केही न केही लिने कुरा अझ त्यसलाई प्रतिशतमा लैजाँदाखेरी न्यायिक हुन्छ भन्ने कुरा फेरी एकचोटी राख्न चाहेँ । घरजग्गा सम्बन्धी राजश्वमा एक चौथाई भन्दा कम योगदान भएको क्षेत्रमा दररेटमा समयसापेक्ष परिवर्तन गरिएको कुरा यहाँहरुलाई विदितै छ, फेरी एकचोटी स्मरण गराउन चाहन्छु । अंशवण्डा तथा अंश भर्पाईको लिखीतलाई साविकको भन्दा थप व्यवस्थित र वर्गिकरण गरिएको छ ।

प्रगतिशील कर सिद्धान्तको आधारमा थोरै हुनेसँग कम र धेरै हुनेसँग सो भन्दा बढी कर लिने गरी समायोजन गरिएको कुरा कसरी अन्यायपूर्ण भयो र खासगरी बाहिर सञ्चार माध्यम र यस सम्मानित सदनमा उठेको विषय घरजग्गा, नामसारीको विषय पनि हो । घरजग्गा नामसारीको समग्र घरजग्गा सम्बन्धी राजश्वमा जम्मा ०.३ प्रतिशत भन्दा कम योगदान हुँदोरहेछ । त्यो टोटल राजश्व हुन्छ त्यो टोटल राजश्वमा घरजगगबाट कति कभर हुँदो रहेछ त भन्दा ०.३ प्रतिशत योगदान रहेको कुरा मैले यहाँ एकचोटी फेरी राख्न चाहें । नगन्य कारोवार हुने घरजग्गा, नामसारी, घरमुलीको मृत्यु भएपछि हुने हक हस्तान्तरण हो, जब घरमूलीको मृत्यु हुन्छ, त्यसपछि हुने हक हस्तान्तरण हो ।

मृत्यु अगावै अंशवण्डा भएमा सोही बमोजिमको राजश्व लाग्नेमा, नामसारीमा लाग्ने राजश्व ज्यादै नगण्य छ, ज्यादै थोरै छ, सम्पत्ति त्यही हो तर पहिलै तपाई अंशवण्डाको रुपमा लिदाखेरी त्यसमा लाग्ने त्यसमा लाग्ने राजश्व वेसी छ, भने तपाईं शेष पछि मृत्यु भइसकेपछि प्राप्त हुने जो लिखतको कुरा छ, नामसारीको कुरा छ, त्यसमा अझ कम छ, तर सबैभन्दा बेसी फेरी यही विषयमा के गरियो भन्दा लौ यति प्रतिशत, उती प्रतिशत भन्ने कुरा पनि भयो । एउटा फेरी अर्को कुरा के रहेछ भने, फ्ल्याटमा निर्धारण भएकोलाई प्रतिशतमा ब्याख्या गर्न कति मिल्छ कति मिल्दैन । यो पनि सोचनिय छ जस्तो मलाई लागिरहेको छ, त्यसैले घरजग्गा नामसारीको करको पुनरावलोकन सम्वन्धि व्यवस्था प्रगतिशिल कर सिद्धान्तमै आधारित छ यो कुनै अन्यथा भएको भन्ने कुरा होइन, कर बढेको मात्र होइन, कर घटेको पनि त छ । मैले भनिहालें केही प्रगतीशील करको हिसावले वृद्धि भएको छ। बेजिल्ला र बेईलाकाबाट पारित सम्बन्धमा विगतको व्यवस्था भन्दा घटाइएको छ । यो राजश्व वृद्धि गर्न खोजिएको कुरा हो, किनभने तपाईं बाहिरबाट आएर यहाँ कारोवार गर्नेहरुलाई विगतका वर्षहरुमा २० प्रतिशत व्यवस्था भएको थियो ।

हाल प्रदेशभित्र थप ३ प्रतिशत र प्रदेश भन्दा बाहिर थप ५ प्रतिशत मात्र व्यवस्था गरिएको छ। यसले प्रदेश सरकारको राजश्वमा वृद्धि गर्ने एउटा खालको वातावरण

पनि बन्न जान्छ । अंश हकमा अदालतबाट अंश मुद्दामा मिलापत्र तथा फैसला बमोजिम दाखिला खारेज हुँदा लाग्ने, शुल्क अंशवण्डा सरह हुने नयाँ व्यवस्थाले साविकको भन्दा आधा भन्दा कम शुल्क लाग्ने कुरा पनि म जानकारी गराउन चाहन्छु । माननीय सभामुखज्यू, नागरिकमा सृजनशीलता, कर्मशीलता विना देश विकास असम्भव छ । पैत्रिक सम्पतिको सहजै हस्तान्तरणले सृजनशीलता र कर्मशीलता हराउँदै जान्छ । एउटा अरवको खाडीमा चर्को गर्मीमा काम गरिरहेको सर्वसाधारण नागरिकले कमाएको धनबाट घरजग्गा आर्जन गर्दा लाग्ने कर र हक हस्तान्तरण गर्दा लाग्ने कर बारे तुलनात्मक अध्ययन गरौं न । साँच्चै अरवका खाडीमा गएर उसले मेहेनत गरेर जो आर्जन गरिरहेको हुन्छ, त्यसमा लाग्ने जो शुल्क छ, हक हस्तान्तर हुने सम्पत्तिमा जुन व्यवस्था गरिएको छ करको, एकचोटी अध्ययन गरौं ।

त्यसमा पक्कै पनि हामीले धेरै अन्तर फेला पार्ने छौं । कतिपय मुलुकमा नागरिकको सृजनशीलता र कर्मशीलता रास हुने भएकोले हस्तान्तरणमा अधिक करको व्यवस्था गरिएको छ, यी बाहिरका कुरा भए तर हाम्रोमा नगण्य मात्र कर लिने व्यवस्था गरिएको छ। आर्थिक ऐन २०७९ मा पनि । समय सापेक्ष परिवर्तन बाहेक उल्लेख्य परिवर्तन गरिएको छैन । हामी मुलुकलाई समृद्धिको दिशामा अगाडि बढाउन चाहन्छौं, समृद्ध गण्डकी प्रदेशको हाम्रो सपना साकार पार्नका लागि आयात प्रतिस्थापन गर्ने गरी आन्तरिक उत्पादन बढोत्तरी रोजगारी प्रर्वधन गर्न जरुरी छ । कम्तिमा कृषि जन्य बस्तुमा आत्मनिर्भर हुन सकेमा हाम्रो समृद्ध धेरै टाढाको विषय बन्दैन, हामी छिटै नै त्यसलाई साकार पार्न सक्छौं । यसर्थ, वास्तविक यथार्थमा बदल्न सक्छौं । त्यसैले कृषि उत्पादनको उद्देश्यले जग्गा खरिद गर्दा छुट व्यवस्था गरिएको पनि त छ । ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने, उत्पादन मुलक उद्योग स्थापना गर्न वा विस्तार गर्न, आवश्यक जग्गा खरिदमा पूर्ण छुट दिने व्यवस्था गरिएको छ ।

समृद्ध प्रदेश बनाउन टेवा पुर्याउने यस्ता दुर्गामी विषयहरुमा हामी सबैको गहिरो गरी ध्यान केन्द्रित हुन आवश्यक छ । त्यति मात्र होइन, दलित, अल्पसंख्यक, गरीव, निमूखा, सहिद परिवार, वेपत्ता परिवार आदिलाई पूरै छुट गरेको कुरा पनि त हामीले हात हातमा लिएको पुस्तकमा छ होला नि ! त्यतातिर पनि अलिकति ध्यान दिनु जरुरी छ । कृषि सडक के हुन्छ भन्नुभएको थियो । पूर्वाधार विकास कार्यक्रम के हुन्छ भन्नु भएको थियो कार्यविधि बन्छ, कार्यान्वयन हुन्छ । अब कार्यविधि कहिले बन्छ मैले आजै भन्न त सक्दिन तर कार्यविधि बन्छ, कार्यान्वयन हुन्छ । मैले यो विषयमा यति नै कुरा राख्न चाहेँ र अन्तमा, माननीयज्यूहरुको धेरै महत्वपूर्ण जो रचनात्मक सुझाव हामीलाई प्राप्त भएको छ । म आभार व्यक्त गर्न चाहन्छु, र धन्यवाद पनि भन्न चाहन्छु, र भनाईं पनि अन्तय गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्री श्री कुमार खड्कालाई विभिन्न मितिका सभाको वैठकमा माननीय सदस्यहरुले सून्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय भौतिक पूर्वाधार शहरी विकास तथा यातायात व्यवस्था मन्त्री कुमार खड्का**

माननीय सभामुखज्यू, प्रदेश सभाको विभिन्न वैठकहरुमा माननीय सदस्यज्यूहरुले सून्य र विशेष समयमा भौतिक पूर्वाधार शहरी विकास तथा यातायात मन्त्रालयसँग सम्बन्धित उठाउनु भएका प्रश्न जिज्ञासाको बारेमा प्रदेश सभा नियमावलीको अनुसार सम्वोधन गर्नका लागि यहाँ उपस्थित भएको छु । समयको लागि धन्यवाद सभामुखज्यू । बाढीपहिरोले सडकहरु अवरुद्ध भएको छ भन्ने बारेमा केही सडकहरुका नाम सहितमा र केही समग्रतामा यहाँ जिज्ञासा उठेको छ । पोखरा म.न.पा.को वडा नं. २० र वेगनास ताल भोर्लेटारको कुरा पनि आएको छ, यसलाई

हाम्रो मन्त्रालय र  स्थानीय तहको बिचमा समन्वय भएर यो बाटो खुलिसकेको स्थिति हो ।

घान्द्रुक जाने सडक ठेक्काकै डिएलटी पिरियडमा भएको हुनाले ठेकेदारले यसलाई खोलिसकेको स्थिति छ । लुम्ले तान्चोक लान्द्रक सडकको बारेमा हाम्रो प्राविधिकले मूल्यांकन गरेर आइसक्नु भएको छ, अब छिटै नै त्यो बाटो खुलाउन तर्फ हामी गइरहेका छौं।जिल्लाका प्रदेशका विभिन्न जिल्लाहरुमा अहिलेको बाढीपहिरोले बाटोहरु अवरुद्ध भएको छ, नयाँ बाटो निर्माण गर्न सक्ने स्थिति हाम्रो छैन तथापि बाटोमा रहेका फोहोरहरुलाई उठाएर आवागमनलाई सुचारु गर्न तर्फमा मन्त्रालयबाट जिल्ला प्राविधिक कार्यालयहरुलाई निर्देशन गइसकेको छ र त्यही अनुसार केही बाटाहरु खुलि पनि सकेका छन् खोल्ने क्रममा पनि हामी छौं ।

फिर्के खोला पुलको बारेमा पनि प्रश्न आएको थियो, यो प्रदेश सरकारले निर्माण गरेको पुल नभई केन्द्रको सडक विभागले गरेको र करिव ९ करोड ६७ लाख ९० हजार ५९८ रुपैयाँमा ठेक्का लगाएको यो पुल, क्रोनिक हुनेतर्फ अगाडि बढीरहेको हामीले पनि अनुभूत गरिरहेका छौं र हाम्रो मन्त्रालयले आफ्नो अधिकार क्षेत्र नभए पनि प्रदेशको राजधानीमा भएको कारणले गर्दा सडक विभाग सँग पनि समन्वय गरेको र सडक बिभागले निर्माण व्यवसायीलाई अलिकति कस्न खोजिराखेको अनुभूति हामीले सूचना पाएका छौं । गएको आर्थिक बर्षमा उपभोक्ताहरुले काम गरे तर भुक्तानी पाएनन् भन्ने जुन प्रश्न छ, हाम्रो मन्त्रालय अन्तर्गत विभिन्न जिल्लाहरुलाई त्यस्तो खालको सूचनाहरु पठाउनलाई हामीले निर्देशन गरेका थियौं । त्यो सबै मन्त्रालयमा आइसकेको छ, त्यो करिव १४ करोड रुपैयाँ भौतिक पूर्वाधार मन्त्रालयसँग  सम्बन्धित मात्र तिर्न पर्ने  देखिन्छ ।

एउटा मार्गनिर्देशन अर्थमन्त्रालयले विभिन्न मन्त्रालयलाई पठाएको सन्दर्भमा त्यस्तो कुरा तिर्न पर्ने कुरालाई कोलोनिकाबाट पनि प्रमाणित गरेर ल्याउनु पर्छ भन्नुभएको कारणले गर्दा कोलेनिकाबाट प्राप्त भएर आउनलाई अलिकति टायम लागिरहेको छ र बढीमा १ हप्ताभित्रमा हामीले त्यो सम्पूर्ण डिटेलहरु अर्थमन्त्रालयमा पठाउने र

त्यसपछाडि अर्थमन्त्रालयले प्रकृया प्रारम्भ गर्ने कुरा म यहाँ निवेदन गर्न चाहन्छु । गएका कार्यक्रमहरु योजनाहरुमा विशेष गरेर उपभोक्ताबाट संचालित योजनाहरुमा भुक्तानि कम भएको भनेर व्यापक रुपमा आलोचन भएका र यस्ता समस्या आइरहेको हामीले देख्छौं ।

यसका विभिन्न कारणहरु हुन सक्छन्, हामीले यसबाट अध्ययन गर्दाखेरी एउटा महत्वपूर्ण कारण जिल्ला दर रेट एकातिर छ, बजारको दरभाउ यति आकासियो कि, बजारको दरभाउ अनुसारले हाम्रा प्राविधिकले मूल्यांकन गर्न नमिल्ने, जिल्ला दर रेटबाट गर्दाखेरी जिल्ला दर रेट र बजारको दर रेटको बिचमा कतिपय बेलामा २ ढाईसय प्रतिशतको पनि फरक हुने विशेष गरी फलामकै रेटका कुरा गर्दा पनि अत्यधिक फरक देखियो, निर्माण सामग्रीको फरक देखिदा खेरी उपभोक्ताहरुले ठूलो रकम लगानी गरेर काम गरे । तर मूल्यांकन गर्दा जिल्ला दररेटबाट गर्दा उहाँले लगानी गरेको रकम बराबर पनि नउठ्ने एउटा कारण हुन सक्छ र अहिले हामीले चर्चा गरिरहेका छौं ,स्टिमेट अंग्रेजीमा बनाउने गर्छौं हामीले, सबै उपभोक्ताहरुले ती अंग्रेजीका शव्द र वाक्यहरुलाई राम्रोसँग नबुझ्ने, स्टिमेटमा एउटा काम भनिएको छ र हामीले अर्को काम आवश्यकता अनुसार अर्को काम गर्ने भएको हुँदा एउटा त उपभोक्ता समितिलाई प्रशिक्षण दिन आवश्यक, अर्को अब स्टिमेट बनाउँदाखेरी नेपाली भाषामा बनाउनु पर्ने आवश्यकता, यो बिचकोले पनि केही समस्या पारेको छ । केही मानविय त्रुटीहरु पनि भएका होलान् त्यस्ता मानवीय त्रुटी भएका घटनाहरुलाई पनि खोजी गरेर फेरी पुर्नमूल्यांकन गर्न सक्ने सम्भावना भयो भने त्यतातिर पनि हामीले सोचिरहेका छौं ।

यो सवारी कर २०० प्रतिशत वृद्धिका कुरा पनि हाम्रो मन्त्रालयसँग सम्बन्धित यो सवारी कर भन्दा पनि जरिवाना भन्न खोज्नुभएको होला माननीज्यूहरुले । यो जरिवानाका बारेमा माननीय अर्थमन्त्रीज्यूले पनि केही कुरा ईंगित गरेर गइसक्नुभयो र यसमा एक प्रकारको व्यवस्थापन भइसकेको छ र हामीले बनायौं एउटा ऐन जसलाई हामीले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ भन्यौं,

२०७६/७/१ गते प्रमाणिकरण भएर लागु भयो । यो हिजोको सरकारले यो विधेयक ल्याएर हिजोकै सरकार हुने बेलामा पास भयो । सवारीमा कर समयमा नतिरेकोलाई जरिवाना लगाउने कुरामा अहिलेसम्म प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन आकृष्ट हुने स्थिति किन आएन त भन्दा आर्थिक ऐनले नै त्यसलाई बोल्यो । हिजो माननीय किरण गुरुङज्यूले प्रस्तुत गर्ने बजेटमा पनि त्यो बारेमा आर्थिक ऐन बोल्यो र गत वर्ष माननीय मुख्यमन्त्रीज्यूले प्रस्तुत गर्नु भएको बजेटमा पनि आर्थिक ऐनले त्यो बारेमा बोलेको हुनाले हामीले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ तर्फ फर्केर जान परेन ।

आर्थिक ऐनले के भन्यो त भन्दाखेरी कर बुझाउनका लागि ३० दिन ढिलो भयो भने ५ प्रतिशत लिने, ४५ दिन ढिलो भयो भने १० प्रतिशत लिने, आ.व. को अन्तसम्म २० प्रतिशत लिने र आ.व. कट्यो भने ३२ प्रतिशत लिने भनेर आर्थिक ऐनले बोल्यो त्यही अनुसार लिँदाखेरी जनतालाई त्यति मर्का पनि परेन, यसका बारेमा त्यति विरोध पनि भएन, यो सामान्य रुपमा सबैले यतित तिर्न पर्ने हुन्छ भन्ने बुझाइ भयो । अहिले आर्थिक ऐनले यो जरिवानाको बारेमा केही पनि बोलेन, मौन रह्यो । अब जरिवानै नलिने प्रश्नै पनि भएन फेरी, भनेपछि हाम्रो यातायात व्यवस्था कार्यालयले हाम्रो मन्त्रालयलाई आर्थिक ऐन मौन रह्यो अब के आधारमा हामीले जरिवाना लिने त भनेर परिपत्र गर्यो।

आर्थिक करका बारेमा राजश्वका दरका बारेमा जरिवानाका बारेमा यो फिनान्सियल इस्यूजमा कुनै पनि मन्त्रालयको दायित्व हुन्न अर्थ मन्त्रालय नै यसको आधिकारिक मन्त्रालय भएको हुनाले हाम्रो मन्त्रालयले अर्थ मन्त्रालयलाई पत्राचार गर्यो के गरौं । त भनेर अर्थमन्त्रालयले अब आर्थिक ऐनमा नभएपछि त्यो जरिवाना लिने कुरा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ अनुसार लिनुस् भनेर उहाँबाट पत्राचार भयो । हामीले पनि त्यही पत्राचार यातायात व्यवस्था कार्यालयमा गर्यौं । अब आएर ऐन पल्टाएर हेर्दाखेरी अहिले आएर हामीलाई अनुभूति हुन्छ, त्यो ऐनको भाषा म फेरी यहाँ पढ्छु, त्यसपछि सो आर्थिक ५ वर्षसम्म नाघेमा सम्म पनि लिईन्छ,

नाघेमा पनि लिईन्छ, दोव्वर दस्तुर तिर्नु पर्नेछ भन्या छ त माथि के भनिएको छ भन्दा खेरी कर नबुझाएमा तोकिएका अधिकारीलाई सवारी साधन कर रकमका अतिरिक्त सवारी साधन कर त लिन न लिय, त्यसको अतिरिक्त देहाय बमोजिमको यति प्रतिशत जरिवाना गर्नेछ भनेर ऐनले बोल्यो ।

ऐन आफैमा त्रुटीपूर्ण छ, यसको घ ले त्यसपछि सो आर्थिक ५ बर्ष नाघेमा दोव्वर दस्तुर लिनुपर्नेछ भन्यो, ५ वर्ष सम्म नलिए ५ वर्ष नाघेमा लिय भन्ने एउटा अर्थ लाग्न सक्छ, एउटा भोलिपल्टै दोव्वर दस्तुर लिय भन्ने पनि अर्थ लाग्न सक्छ, यो हामीले तत्कालिन सरकारलाई त्यतिखेरको मेजोरेटीलाई दोष पनि हामीले दिएनौं। किन दिएनौ त भन्दाखेरी यो बिषयमा न त्यतिखेरको प्रतिपक्ष दल न हामी सांसदहरुले यसका विरुद्धमा प्रश्न उठाँउदै उठाएनौं। संसोधन राखेको भए प्रश्न उठाएको भए हामीले भन्दा भन्दा तपांईले गर्नु भयो त पनि भन्न मिल्थ्यो तर नैतिक रुपमा हामीले पनि यसलाई स्विकार गरेको स्थितीमा सिंगो सदनबाट यो त्रुटी भयो भनेर हामीले हिजोको सरकार तिर औंला उठाएर हामीले आँफैतिर पनि औंला उठायौं। सदनले एउटा कमजोरी त्यहाँ गरेको र यसले एकसय रुपैयाँ कर छ भने दोब्बर लिय भने पछि दुईसय जरिवाना हुने भयो।

त्यो बर्षको पनि कर एकसय गर्दा चारसय तिर्न आँउदा खेरी त नागरिकबाट एकैचोटी तिस हजार तिर्न पर्ने एकलाख बिस हजार लिएर जाँदा एउटा बिग एमाउण्ट हुँदा खेरी यसमा नागरिकले जनताले सेवाग्राहीले प्रश्न उठाउनु स्वभाविक थियो। त्यसमा हाम्रो ध्यान आकृष्ट भएपछी माननीय मुख्यमन्त्री ज्यूले पनि यो अलिकति यसलाई चाँही समिक्षा गर्न पर्छ, कसरी गर्ने भन्ने प्रश्न उठाउनु भयो। उहाँको निर्देशन भैसकेपछाडी सदनलाई जानकारी नगरीकन गर्यो भन्ने प्रश्नमा मेरो के मात्र निवेदन छ त भन्दा खेरी यही सदनले दफा २१९ मा सरकारलाई बाधा अडकाउ फुकाउने अधिकार प्रत्यायोजित गरेको रहेछ र यसमा के भन्या रहेछ त भन्दा खेरी यसको कार्यान्वयन गर्दा कुनै बाधा अडकाउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित

गरी आदेश जारी गरि त्यस्तो बाधा अडकाउन हटाउन सक्नेछ भन्ने अधिकार दिएको हुनाले त्यही अधिकारलाई मन्त्रीपरिषदले प्रयोग गर्यो ।

अब यसलाई हामीले के भनेर व्याख्या गर्ने त भन्दा खेरी पाँच बर्ष पुगेपछी देब्बर भनेको एकसय दुईसय भनेपछि पहिलो बर्ष बिस हो दोस्रो बर्ष चालिस, तेस्रो बर्ष साठी चौथो बर्ष असी पाँचौ बर्ष सय हो भनेर दुईसयको ब्याख्या गरी सकेपछाडी तत्कालै त्यो प्रश्न उठिसकेपछी मैले बिभागीय मन्त्रीको हैसियतले सम्पूर्ण यातायात व्यवस्था कार्यलयलाई अर्को सूचना नभएसम्म यो जरिवाना नउठाउन निर्देशन दिएको थिए त्यही सूचना जारी भएको थियो। पछाडि मन्त्रीपरिषदले पास गरेर राजपत्रमा प्रकाशित गरिसकेपछाडि अब अहिले जरिवाना दुईसय होइन हिजो लिई आएको ३२ पनि होइन त्यसबाट घटेर २० मा आयो यसले मलाई लाग्छ सेवाग्राही र नागरिकलाई एउटा सहजतापूर्ण तरिकाले लिएर आयो र अब आउने पार्लियामेन्टमा हामीले यसको घ को व्याख्यालाई ऐन संसोधनको रुपमा लिएर आएर यसलाई विधेयकको अंश बनाउने र विधेयकको अंश नबनुन्जेल, दफा २१९ को अधिकारलाई प्रयोग गर्दा यो लेजिटेमेट नै छ भन्ने कुरा म यहाँ निवेदन गर्न चाहन्छु ।

अब रह्यो कर जरिवाना बढाउनु भयो, अनि हामीले विरोध गरेपछि जनताले विरोध गरेपछि घटाउनु भयो भनेर जुन प्रश्न आइरहेको छ मलाई लाग्छ, म प्रतिपक्षमा भएको भए म सरकारलाई धन्यवाद दिन्थे होला । यस्तो सरकार जसले बजेटमा आफ्ना कुरा ल्यायो त्यो बजेटमा ल्याएका कुरामा नागरिकहरुले असन्तुष्टी जाहेर गरे, जनता हाम्रा मालिक हुन्, उनको असन्तुष्टीलाई मध्यनजर राखेर हामी त सरकार हौं, जे ल्याएम ठिक ल्याएम भनेर घमण्ड गरेर बस्नुको साटो जनताको आदेशलाई हामीले मान्नपर्छ भनेर पुनरविचार गरेर जनताका हितमा एक स्टेप व्याक हुनु भनेको यो सरकार जनउत्तरदायी सरकार रहेछ भनेर जान पर्छ कि भन्ने मात्र मेरो निवेदन हो ।

यो कायरता भन्दा पनि जनता प्रतिको उत्तरदायित्व वहन गरेको । हामी अभिभावक हौं, हामीबाट केही कमी कमजोरी भएका छन् र नागरिकले हाम्रा मालिकले हाम्रा

नागरिकहरुले दिएका सुझाव सही छन् भने त्यसलाई मान्दा कमजोरी भन्दा पनि मलाई लाग्छ, यो जनता प्रति उत्तरदायि भएको कुरा जस्तो लाग्छ मलाई । सिंगमार्गको कुरा आइरहेको छ, भिमाद–५ को मालेवगर स्थित वलुवा खोलामा पुलको कुरा यो सडक विभागबाट उक्त पुलको डिपिआरको लागि बजेट विनियोजन भइसकेको कुरा म यहाँ निवेदन गर्न चाहन्छु ।

गलेश्वर, पिप्ले, भगवती वेग खोलाको आयोजनाको कुरा आएको छ, यसको सववेशको कार्य भइरहेको छ, अब ठेक्कालाई अलिकति स्टंग्रली गएर उसको बैंक ग्यारेण्टी नै जफत गरिदिने कि, ठेक्का तोड्ने कि, भन्ने तिर पनि मन्त्रालयले सोचिरहेको बेलामा, संघीय सरकारले १ वर्षको म्याद थपिदिएको हुनाले अब कानुनी रुपमा उसको ठेक्का तोड्न सक्ने स्थितिमा हामी छैनौं । अब छोरेपाटन, फुस्रेखोला, रामदी सडकको कुरा आइरहेको छ, यो सडक विभागले हामीलाई हस्तान्तरण गरेको एकदम क्रोनिक ठेक्का, मलाई लाग्छ गण्डकी प्रदेश सरकारले पहिलो पल्ट कसैको बैंक धरौटी जफत गरेको भनेको यही बाटोको ठेकेदारको जफत गरेको ५ करोडको, कामै गरेन । मन्त्रालयमा सचिवज्यूले धेरै वैठक गर्नुभयो, मन्त्रीका हिसावले मैले पनि धेरै वैठक गरें, करको जरिवाना छुट गरेर जान सकिन्छ कि, म्याद थपेर जान सकिन्छ कि, प्रत्येक स्थितिमा आउँदाखेरी मन्त्रालयमा आएर कमिटमेन्ट गर्ने, फिल्डमा गएर काम नगर्ने यो प्रवृत्ति दोहोरिरहेको छ ।

अब यो ठेक्का क्रोनिक भयो, उसले मानेन भने ठेक्का तोड्नुको विकल्प मैले देखिराखेको छैन । अब यो मैले एउटा एसएमएस गरेर अहिलेको विनियोजन विधेयकमा कुनै पनि योजनामा व्याकरणीय त्रुटी छ भने त्यसका बारेमा मन्त्रालयलाई जानकारी गराउने र मन्त्रालय मार्फत अर्थ मन्त्रालयमा पुर्याएर त्यसलाई सच्याउने भनेर पनि मैले निवेदन गरेको थिएँ तर त्यसका बारेमा पनि यहाँ प्रति प्रश्नहरु आए । के भएको छ त मानवीय त्रुटी प्रिन्टिङ त्रुटीले भने मनाङका सम्पूर्ण कार्यक्रम अधिकांश कार्यक्रमहरु मुस्ताङ पुगेका छन् । नवलपुरका कार्यक्रम तनहुँ आएको छ । एउटा त जिल्ला नै परिवर्तन भएर आएको छ ।

कतिपय ठाउँमा वडा नं. ७ लेख्यो अंग्रेजीको ६ र नेपालीको ७ उस्तै उस्तै भएर वडाका परिवर्तन कुरा आएका छन्, कतिपय टाइप गर्दा व्याकरणीय त्रुटी छ, भोलि फिल्डमा गएर काम गर्न जाँदा त्यसका कारणले गर्दा फेरी उपभोक्ताहरु समस्यामा नपरुन् भनेर धेरैजसो माननीयज्यूहरुले सिफारिस गर्नुभएका कार्यक्रम, मन्त्रालयले आफैले बनाएको कार्यक्रम त छदैथियो, त्यस्मा कुनै त्यस्तो त्रुटी छ भने सच्याउँ, एउटै कार्यक्रम तीन ठाउँमा आईरहेको छ, अब त्यसपछि अन्य पनि त्यस्ता व्याकरणीय त्रुटीहरु छन भने त्यसलाई सच्याउनका लागि हजुरहरुसँग अनुरोध गरिएको मलाई लाग्छ यो पोहोर पनि गरेको थियो, यो प्रत्येक वर्ष गर्ने गरिन्छ यो सकारात्मक कुरा हो भन्ने मलाई लाग्छ । पूर्वाधार विकास कार्यक्रमका बारेमा माननीय अर्थमन्त्रीज्यू बोलेर गइसक्नु भएको छ । यो पूर्वाधार विकास कार्यक्रम भौतिक मन्त्रालयलाई धेरै प्रश्न आइरहेको हुन्छ किनभने यसलाई एकज्युकेट गर्ने मिनिस्ट्री  यही नै हो तर भौतिक मन्त्रालयले तबसम्म यसलाई अगाडि बढाउन सक्दैन जबसम्म पिएले एमबिआइएसमा भौतिक मन्त्रालयमा त्यो ७२ करोड वा जिल्लावाइजको रुपमा निर्वाचन क्षेत्रलाई २ करोडले गुनेर रकम जबसम्म आउँदैन तबसम्म भौतिक मन्त्रालयको अधिकार क्षेत्रभित्र पर्दैन ।

मैले माननीय अर्थमन्त्रीज्यूलाई अनुरोध गरेको छु, यसलाई तत्कालै पूर्वाधार विकास कार्यक्रम सदनबाट पारित भइसके पछाडि यसलाई एक्जुकेट गर्ने कार्यान्वयन गर्नुको विकल्प छैन तसर्थ भौतिक पूर्वाधार मन्त्रालयको कि ७२ करोड मन्त्रालयमा राखिदिनु पर्यो, नभए भने निर्वाचन क्षेत्रलाई २ करोडले गुणन गरेर जिल्ला पूर्वाधार कार्यालयमा अर्थमन्त्रालयले पेलेमव्यासमा नराखेसम्म हामी अगाडि बढ्न सक्दैनौं । उहाँलो राखुभयो अर्थमन्त्रालयले राख्यो भने हामी कार्यविधि बनाउने जिम्मेवारी बल्ल हामीलाई अधिकार प्राप्त हुन्छ । त्यो योजना पोहोर कानुन मन्त्रालयमा थियो, कुनै बेलामा सिंचाई मन्त्रालयले गर्थ्यो भने हाम्रो हो कि होइन त्यो कार्यक्रम भन्ने कुरा भौतिक मन्त्रालयलाई आधिकारीक रुपमा अहिले सम्म पेलेमव्यासले  नबोलेको हुनाले त्यो काम गर्ने हामीलाई अथोरिटी प्राप्त छैन ।

जुन बेलामा अर्थमन्त्रालयले त्यो पेलेमव्यासमा इन्ट्री गर्ने वितिकै अझ समय खान्छ कि भनेर, हामीले हाम्रै मन्त्रालयमा आउने होला भनेर कार्यविधि बनाएर तयार बसेका छौं, जुन दिन पेलेमवेसमा आउँछ हामी कार्यविधि लिएर क्याविनेटमा आउँछौं यो कुरा मैले यहाँ निवेदन गरें । दोविल्ला पुल पर्वतको कुरा जुन छ त्यो आइतबार टेण्डर खुल्दैछ । त्यसपछी यो प्रकृया अगाडिबढ्यो। निर्माणको रुपमा अगाडी बढ्छ।ठेक्काहरुको सम्बन्धमा क्रोनिक ठेक्काहरुलाई, निर्माण व्यवसायहरुलाई हामीले ताकेता गरिरहेको, सार्वजनिक खरिद ऐन नियमावलीको प्रकृया पुरा गरेर आवश्यक भएको ठेक्का तोड्नेतिर हामी गइराखेका छौं ।

तपाईंहरुलाई म एउटा अनुरोध गर्छु, नाल्दीघाटको पुल तनहुँको बारेमा, तनहुँ हाइड्रो पावरको कारण हामीले डिजाइन बिल्डमा दियौं तनहुँ हाइड्रोपावरले के भन्यो भन्दा तपाईंहरुले बनाउने पुल भएका ठाउँमा हाम्रो रिजर्भायर नै यति माथि हुन्छ कि पुल पानी मुनि हुन्छ भनेपछि निर्माण हुन सकेन । अब त्यसलाई आर्को ठाउँमा सार्दाखेरी पनि कानुनले मान्यता दिएन । हामीले ठेक्का तोड्ने निर्णय गर्यौं, ठेकेदार अदालत गए, हामीले १ करोड ४४ लाख रुपैयाँ दिइसकेको पैसा पनि हामीले फिर्ता माग्यौं, अदालत गएर उनले त्यसलाई चुनौति दिए । हिजोकै दिनमा अदालतले गण्डकी प्रदेश सरकारलाई जिताइदिएको छ र ठेकेदोरको त्यो पैसा सरकारलाई फिर्ता गर्ने निर्णय गरिसकेको हुनाले यो पनि यस्ता क्रोनिक ठेक्काहरुलाई सरकारले सरकार वादी भएर सरकारका पक्षमा निर्णय गराउन सकिएको छ । चुनउभ्री गा.पा. गोरखामा सडकका कुरामा यो सरकारको अत्यन्त प्राथमिकतामा रहेको छ ।

इआइए प्रकृया टुंग्याउन बाँकी छ । यो इनभायरमेन्ट इमप्याक्ट एसेसमेन्ट नगरिकन बाटो बनाउन पाइदैन । इआइएको लागि प्रदेशकै वन मन्त्रालयमा हामीले पठाइसकेका छौं र त्यहाँबाट स्वीकृति भएर आइसकेपछि यसलाई अगाडि बढाउन सकिन्छ । झ्यालवास ढेडगाउँ सडकको जुन कुरा आएको छ आज पनि, झ्यालवास, डेढगाउँ सडक पोहोरको बजेटमा सबैभन्दा इम्पोर्टेन्ट र हाम्रो प्रदेशको गौरवको योजना मध्येको एउटा योजना कोरोला देखि त्रिवेणी सम्मको एउटा पार्ट हो, यसमा

ठेकेदार चइन भइसकेर काम गर्नलाई मेशिन लिएर गैसकेको स्थितीमा पहिरोले रोकिएको र त्यो पहिरा फालिसकेपछि फिल्डमा हिँड्नको निम्ति ऊ बाटोमा नै मेशिन सहित रहेको कुरा कार्यालय प्रमुखले जानकारी दिनुभएको छ । यसका साथसाथै केही कुराहरु यातायातसँग सम्बन्धित पनि छन् । अस्ति हामी संघको यातायात मन्त्रालयले ७ वटै प्रदेशको यातायात मन्त्रीहरुलाई बेलाएर एउटा छलफल कार्यक्रम भयो ।

०७८ साल १२ महिना २ गतेमा पोखरामै भएको यातायात व्यवस्थापन सम्बन्धी संघीय  सरकार र सबै प्रदेश सरकारको जुन संयुक्त वैठकको निर्णय थियो, त्यो निर्णयमा समिक्षा गर्ने र कसरी अगाडि बढ्ने भन्ने कुराको छलफल भएको हुँदा, त्यो वैठक केही महत्वपूर्ण निर्णय माननीय सभामुख ज्यूमार्फत र यो सदन मार्फत सम्पूर्ण गण्डकी प्रदेशलाई म अवगत गराउन चाहन्छु । अहिले सबभन्दा ठूलो समस्या भनेको स्मार्ट लाइसेन्सको छ, स्मार्ट लाइसेन्स अब प्रदेशलाई प्रिन्ट गर्न दिने र अर्को व्यवस्था नभएसम्म प्रिन्टर र मशिन पनि संघीय सरकारले खरिद गरेर प्रदेशलाई दिने भनेको स्थितिमा अब स्मार्ट लाइसेन्स पनि टेम्पोररी लाइसेन्स जस्तै १० मिनेटमा दिन सक्ने स्थितिमा त्यो मेशिन आइसकेपछि प्रयोग हुन सक्ने एउटा महत्वपूर्ण निर्णय त्यो भेलाले गरेको छ ।

विदेशमा रहेका नेपाली नागरिकहरुलाई ड्राइभिङ लाइसेन्स रिनु गर्दा बायोमेटिक गर्नु पर्ने र मेडिकल गर्नु पर्ने त्यति बायोमेटिक र मेडिकलका लागि विदेशबाट ठूलो पैसा खर्च गरेर नेपाल आउनु पर्ने जुन अहिलेको विद्यमान अवस्था छ, यसका बारेमा पनि हामीले छलफल गर्यौं र अब कुटनीतिक नियोग वा राजदूतावासमा नै त्यो व्यवस्था गरेर नेपाल आउन नपर्ने गर्ने गरेर अगाडि बढ्नका निमित संघीय भौतिक मन्त्रालय तयार भएर यसलाई एउटा निर्णय गरेर गएका छौं ।२० वर्ष पुगेका सवारी साधनहरुका बारेमा पनि प्रश्न उठीरहेका छन् । प्राइभेट सवारी साधन २० वर्ष भन्दा बढी भयो भने पत्रु बनाउन नपर्ने, सरकार सवारी साधन २० वर्ष भन्दा बढी भयो भने पत्रु बनाउनु नपर्ने तर सार्वजनिक सवारी साधन पत्र ु बनाउनु पर्ने जुन ऐनको

व्यवस्था छ, यसले अलि प्रश्न उठाएको छ । कतिपय गाडीहरुको यान्त्रिक स्थिति ४-५ बर्ष र ५—६ वर्ष सम्म पनि सडक हिँड्न नसक्ने हुन्छन्, कतिपय राम्रो कन्डीसनमा भएको गाडी २०—२५ वर्षसम्म चल्न सक्ने स्थिती हुँदाखेरी २० वर्षमा त्यसलाई पत्रु बनाएर ठूलो रकम विदेशमा पठाएर डलरबाट फेरी गाडी खरिद गरेर आउने र यहाँ गरीवले फेरी २० वर्ष पुगेकै कारणले सही कण्डिशनमा रहेका गाडीहरु काट्न नपरोस् भन्ने बारेमा पनि हामीले छलफल गर्यौं र मन्त्रालयले त्यसलाई स्वीकार गरेर एमोटी गरेर चल्न दिने सम्बन्धमा ऐन संसोधनको पहल गर्ने भनेर पनि निर्णय भएको छ, त्यो पनि महत्वपूर्ण छ ।

सडकमा सवारी चलाउँदा १५ सय भन्दा माथिको जरिवाना तिर्नुपर्यो भने यातायात व्यवस्था कार्यालयमा पठाइदिने ट्राफिकले त्यो वापत उठेको पैसा प्रदेशको कोषमा आउने र पन्ध्र सय भन्दा तल आफैले चिट काट्ने ट्राफिक प्रहरीले र त्यो आएको पैसा संघीय खातामा जाने जुन व्यवस्था भएर जुन प्रदेशको ट्रेजरीलाई ठूलो नोक्सानी भएको थियो, त्यसलाई पनि हामीले प्रश्न उठाइसकेपछि संघले त्यसलाई प्रदेशको खातामा हाल्न ऊ तयार भएको छ र त्यसका लागि प्रकृया उसले अगाडि बढाएको छ।

सार्वजनिक यातायातमा सहचालकहरु, परिचालकको निम्ति पनि परिचालक अनुमति पत्रको व्यवस्था गर्ने कुरा ऐनमा थियो, त्यसलाई हामीले लागु गर्ने कुरा गरिराखेका छौं इरिक्साको लागी ड्राइभिङ्ग लाइसेन्स अनुमति परीक्षा संचालन समबन्धी कार्यविधि बनाउने पनि त्यो वैठकले निर्णय गर्यो । अनलाईन भुक्तानि प्रणालीलाई पनि अगाडि बढाएको स्थिति छ । यही कुरा यहाँहरुसँग निवेदन गर्दै माननीयज्यूहरुले हाम्रो मन्त्रालय अन्तरगत उठाउनुभएका प्रश्नहरु, जिज्ञासाहरु, सुझावका लागि माननीय ज्यूहरुलाई सभामुखज्यू मार्फत धन्यवाद दिँदै, सभामुखज्यूलाई समयका लागी पनि धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई विधायन समितिको प्रतिवेदन सहित गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

**माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापा** :-

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ चैत्र २३ गते प्रस्तुत भई ०७८ चैत्र २५ गते विधायन समितिमा दफावार छलफलको लागि पठाईएकोमा समितिबाट प्रतिवेदन सहित गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकोले गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ क बमोजिम समितिको प्रतिवेदन सहित विधेयकमाथि छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु । विन्दु कुमार थापा, कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री मिति २०७९/४/२६ गते ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ, विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।माननीय सदस्यहरु, अब विधायन समितिको प्रतिवेदन सहितको गण्डकी प्रदेशमा सूचनाको हक र प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको दफावार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ—आफ्नो

भनाई राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री सावित्रा रानालाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछी माननीय सदस्य श्री सरिता गुरुङ।

**माननीय सदस्य सावित्रा राना :-**

माननीय सभामुख महोदय , गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको यो दफावार छलफलमा उपस्थित भएको छु । म यो विधेयकको दफावार छलफल मानै अगाडि बढ्ने अनुमति चाहन्छु । यो गण्डकी प्रदेशको सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकको प्रस्तावनामा केही परिष्कृत गर्नु पर्ने, केही थप्नु पर्ने कुराहरु पनि हामीले देखेका छौं । मैले यसको सन्दर्भमा थोरै केही कुरा राख्न चाहन्छु । आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन भन्ने वाक्यांश पछि राज्यका काम, कारवाही, लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार तुल्याउन भन्ने वाक्यांश राख्दा राम्रो हुने कुरा म यहाँ राख्न चाहन्छु ।

यसैगरी, नागरिकको हितमा प्रतिकूल असर पर्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने भन्ने यहाँ उल्लेख छ । यो संरक्षण पछाडि संरक्षणको साथसाथै सम्वर्धन पनि राख्दा यो प्रस्तावना अझ राम्रो हुन्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । यसैगरी परिच्छेद १ मा संक्षिप्त नाम र प्रारम्भ भन्नेमा यो यस ऐनको नाम गण्डकी प्रदेश सूचनाको हक प्रचलन ऐन २०७८ रहेको छ । यो ७८ को ठाउँमा ७९ राख्नु पर्ने कुरा पनि म यहाँ राख्न चाहन्छु । यसैगरी विधेयकको दफा २ खण्ड ञ को ११ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा आंशिंक अनुदानबाट संचालित सामुदायिक विद्यालय, अस्पताल लगायतका निकायहरु भन्ने छ । यो सामुदायिक विद्यालय पछि विश्व विद्यालय पनि यहाँ यसलाई राख्न सक्यौं, राख्दा यो राम्रो हुन्छ भन्ने कुरा म यहाँ राख्न चाहन्छु । यसैगरी यो विधेयकको परिच्छेद १ को ३ मा उद्देश्यमा यो ६ वटा बुँदामा उद्देश्य राखिएको छ । यो ६ वटा बुँदाको उद्देश्य सहित यसमा अझै एउटा बुँदा थप गरेर

नागरिकताको हितमा प्रतिकूल असर पर्ने संवेदनशील सूचनाको संरक्षण गर्नु थप्दा अझ राम्रो हुन्छ भन्ने कुरा यहाँ राख्न चाहन्छु ।

यति कुरा राखिसकेपछि यो विधेयकको सन्दर्भमा यो दफावार छलफलको सन्दर्भमा यति सुझाव राखिसकेपछि म यहाँ थोरै कुरा राख्न चाहन्छु । हामीले बनाएका विधेयकहरु महत्वपूर्ण लागेरै हामीले विधेयकहरु बनाएका छौं । हामीले बनाएका ति विधेयकहरु कार्यान्वयनमा गयो भने मात्रै हामीले बनाएका विधेयकहरुले सार्थकता पाउँछ । हामीले अहिलेसम्म बनाएका विधेयकहरु कति कार्यान्वयनमा जान सके? कति कार्यान्वयन भए भन्ने कुराको लेखाजोखा पनि हामीले गर्न सकेका छैनौं । मलाई अनुभूति छ, हामीले बनाएका विधेयकहरु कार्यान्वयनमा गएका छैनन् ।

यो विधेयकहरु कार्यान्वयनमा लैजानु पर्छ, र यो विधेयक कार्यान्वयनमा लैजानका लागि हामीले कुन तहबाट अनुगमन गर्ने हो र यो विधेयकलाई कार्यान्वयन लैजाने हो र यो विधेयकलाई कार्यान्वयनमा लैजानाका लागि पनि म यहाँ मेरो आफ्नो दलको तर्फबाट सुझावको रुपमा राख्न चाहन्छु । यति कुरा गरेर यो दफावार छलफल मेरो यही अन्त्य भएको जानकारी गराउदै विदा हुन्छु। नमस्कार, अभिवादन ।

**माननीय सभामुख :-**

अब माननीय सदस्य श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछि माननीय सदस्य श्री बिनोद के.सी. ।

**माननीय सदस्य सरिता गुरुङ :-**

माननीय सभामुख ज्यू ,गण्डकी प्रदेशमा सूचनाको हक सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकको दफावार छलफलमा भाग लिन यस ऐतिहासिक सभामा प्रस्तुत भइराखेको छु । माननीय सभामुखज्यू, यो सूचनाको हकसम्बन्धी विधेयकको मैले पेज नं. १ देखि १२ सम्म र यसको बुँदाहरुलाई अध्ययन गर्ने क्रममा यो विधेयकले जनतालाई सूचनाको हकबाट वञ्चित गराउनु हुँदैन र कसरी सुसूचित गर्न सकिन्छ र सबैको

सूचनामा पहुँच पुगोस् भन्ने उद्देश्यका साथ यसमा यही बुँदाहरुमा उपदफाहरुमा प्रस्तुत गरिएको छ, व्यवस्था गरिएको छ । हुन पनि हामीहरुले कुनै पनि यो एउटा जीवन सहज गराउनको लागि र दूरदर्शक कुराहरुलाई उठान गर्नको लागि सबैलाई पहिला सूचना महत्वपूर्ण हुन्छ ।

त्यसैले यो विधेयकमा यो सूचना सम्बन्धी कुराहरु व्यवस्था गरिएको छ, यो जस्तो सूचनाहरु गर्दाखेरी विभिन्न तरिकाले गर्न सकिन्छ, चाहे त्यो विद्युतीय होस्, चाहे त्यो सामाजिक सञ्जालबाट अथवा होर्डिङ वोर्ड हुन्छ त्यसमा कार्यालयहरुमा सूचना पार्टीबाट पनि हुन्छ । मैले एउटा बुझेको र मलाई एउटा खडकेकोमा पहिल्यै एक ठाउँमा गाडीको प्रतिक्षामा गाउँतिर जाँदा बसिराखेको थिएँ, त्यहाँ ठूलो होर्डिङ वोर्डमा स्ुर्ति सम्बन्धी कुराहरु त्यहाँ राखिएको थियो ।त्यो हुँदाखेरी के हुदो रहेछ भने यो सूचनाहरु गर्दाखेरी सबैलाई पायक पर्ने, सबैलाई समय मिल्ने जस्तो इन्ट्रेष्टिङ समाचार आइरहँदा बिचमा सूचना, विज्ञापनहरु यो विद्युतिय तरिकाले आउने र मान्छेहरु कस ैको प्रतिक्षामा बस्दाखेरी त्यो ठाउँमा सूचनापाटीहरु राख्दा जनतालाई आज सजिलो सहज हुँदोरहेछ ।

त्यो भएको कारणले गर्दाखेरी यो सूचना  मानव जीवनको लागि अति आवश्यकता र एउटा स्रोत हो भन्ने मलाई लागेको छ र माननीय सभामुखज्यू, म के भन्न चाहन्छु भने, यो सूचनाहरु धेरै हाम्रो यो गण्डकी प्रदेशमा धेरै यो विधेयकहरु पास गरेको छ । मलाई लाग्छ, यो ५० भन्दा माथि विधेयकहरु पास गरेको छ तर यो कति कार्यान्वयन भयो भएन भन्ने कुरा हामी सबैले यो बुझ्नु पर्ने र मनन गर्नु पर्नेछ । अब विधेयकहरु म आफै पनि विधायन समितिमा भएको कारणले गर्दा कति कुरा कानुन बमोजिम छ, कति कुरा व्यवहार िकतामा लानु पर्ने, के गरेर लाने एकदमै गहिरो छलफल गरेर विधेयकहरु पास गर्ने गरिराखेको छ तर त्यति हुँदाहुँदै पनि त्यो कतिको कार्यानवयन भएको छ, भन्ने कुरा हामीले यसलाई मनन गर्नु पर्नेछ । त्यसैले यो विधेयक हरुलाई कार्यान्वयन गर्नको लाग माननीय सभामुख मार्फत म प्रदेश सरकारलाई अनुरोध गर्दै यो विधेयक  यो विधेयक जनमुखी छ, सैद्धान्तिक छ, नीतिगत

छ र यो व्यवहारिक छ, यो सबैलाई सहज र सरल तरिकाले बुझ्ने र कार्यान्वयन गर्न सजिलो हुनेछ, भन्दै म र मेरो दलको यसमा समर्थन रहेको जानकारी गराउँछु । धन्यवाद, जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री विनोद के.सी.लाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय विनोद के.सी.ः-**

माननीय सभामुख महोदय, आज हामी यो गण्डकी प्रदेश सरकारको यो कानुन मन्त्रालय अन्तर्गत यो गण्डकी प्रदेशको सूचना सम्बन्धी हक प्रचलन गराउने सम्बन्धमा बनेको विधेयकको दफावार छलफलमा छौं । यो विधेयक अत्यन्त प्रभावकारी, सरकार संचालनमा राज्यका सरकारमा रहेको अंगहरुलाई पारदर्शी बनाउन, प्रत्येक जनताहरु समक्ष आफ्ना नीति तथा कार्यक्रम लैजान र सरकार र जनता नङ र मासुको सम्बन्धलाई स्थापित गर्न यो विधेयक महत्वपूर्ण छ । त्यसलाई विशेष गरी विधायन समितिमा सत्तापक्ष प्रतिपक्ष सबै माननीयज्यूहरु, व्यापक छलफल गरी सर्वसहमतिमा यहाँ यो विधेयक यहाँ आएको छ र हामी सामान्य यसमा हामी सैद्धान्तिक छलफलमा पनि हामी सहभागिता रह्यौं र अहिले हामी यो दफावार छलफलमा छौं । यहाँ हामी हेर्दै गर्दा लगभग ३० वटा बुँदामा यहाँ यसले आफ्ना कुराहरु यहाँ लेखिएको छ । यसमा यतिमात्रै के जनाउँछ भने, यो सरकारले गरेका कामहरु गर्ने कामहरु, सरकारका आफ्ना नीति कार्यक्रमहरु, जनतासम्म लैजाने क्रममा अहिलेको परिवेशमा कसरी अलि लोकतान्त्रीक पद्धति भनौं अथवा पारदर्शी भनौं, मितव्ययिता भनौं कसरी गर्न सकिन्छ भन्ने उद्देश्यले यो जनतालाई आफ्नो सूचना सूचीकृत गर्ने उद्देश्य यसमा छ ।

अहिले वदलिदो समयको जुन खालको यो मिडियाको अवस्था छ, यो विद्युतीय सञ्चारहरु भनौं, आम सञ्चारहरु भनौं त्यसलाई पनि यसले मध्यनजर गरेको छ । अझ भनौं भने अहिले परिवर्तित विद्युतीय सञ्चारलाई प्रयोग गर्न नसक्ने त्यस्ता जनताहरुसँग

प्रत्यक्ष भेटघाट गरेर, अन्तरक्रिया मार्फत पनि आफ्नो सूचना प्रवाह गर्ने उद्देश्य यसले राखेको छ । यसमा धेरै जनतासँग जोडिने आफ्नो नीति कार्यक्रम जोडिने भन्दा पनि यो अत्यन्तै महत्वपूर्ण छ, यसको कार्यन्वयनको पाटो जसले कार्यन्वयन गर्न सक्छ त्यसमा हामीले विगतमा हामीले देखेको अनुभवहरु कस्तो थिए भने कुनै कार्यालयबाट कुनै आफ्नो कर्मचारी राख्नुपर्यो अथवा कुनै कार्यक्रम गर्नुपर्यो भने उसले सूचना टाँस गर्ने अथवा सामान्य सूचना टाँस गरेको, सामान्य फर्मुलिटी प्रयोग गर्ने त्यो कुरा प्रत्यक्ष जनतासँग नपुग्ने, बारम्बार हामीहरुसँग त्यस्ता गुनासाहरु हामीले अनुभव गरेका कुराहरु पनि थिए, त्यसमा अहिले विभिन्न स्थानीय तहमा जनप्रतिनिधी भएको हुनाले आफ्नै वडामा, आफ्नै प्रत्येक क्षेत्रमा जन प्रतिनिधि भएको हुनाले यी सूचनालाई त्यो ठाउँमा लैजान महत्वपूर्ण भुमिका रहने छ र कुनै पनि आम नागरिकले मैले सूचना पाइन भन्ने अवस्थामा नहुने रहेको हुँदा यो धेरै महत्वपूर्ण भएको छ ।

यसमा मैले सरसर्ती हेर्ने बेलामा एउटा बुँदामा थोरै मैले आफ्नो जिज्ञासा राख्न चाहेको यो २६ मा सूचना सच्याउन सकिने भन्ने जुन खालको दफा छ, यसमा सार्वजनिक निकायमा रहेको कुनै पनि विषयको सूचना गलत छ भन्ने कुरा, कुनै व्यक्तिलाई लागेमा त्यस्तो व्यक्तिलाई सो सूचना सच्चयाउन आवश्यक प्रमाणसहित प्रमुखसँग निवेदन दिन सक्नेछ भन्ने छ । मलाई लागेको कुरा के हो भने त्यो कार्यालयलाई उसले जुन गलत भयो भन्ने लाग्यो भने, ऊ दौडेर गएर निवेदन दिनुपर्छ जस्तो लाग्छ भन्ने मलाई, त्यो कस्तो हुने हो  उसले दिने हो सूचना आफ्नो तर्फबाट कार्यालयलाई दिन सकछ, उसले गल्ती गरेर लिन लागेका श्रीमान हजुर तपाई भनेर यसो यसो गर्यौं भनेर यो गल्ति भयो भनेर त्यो कस्तो हुने हो ।

उसले त्यो कार्यालयलाई आफ्नो सुझाब दियो भने त्यो कार्यालयले एकिन गर्न सक्छ कि, त्य ो ठिकै छ भने अगाडी बढाउन सक्छ । ठिकै छैन भने त्यो नागरिकको सूचनालाई उसले लिएको सुझावलाई उसले फेरी चेन्ज गर्न पनि सक्छ । त्यसलाई निवदेन ै गल्ती गरेका उहीमाथि निवेदन हाल्ने कतिको जायज हुन सक्छ। यो कुरामा कतै केही छलफल हुन सकछ भने त्यहाँ छलफल होस् भन्दै मेरो सुभेच्छा सहित

यो असल नियतका साथ, राम्रो उद्देश्यका साथ यो ऐन आएको छ । यसको कार्यान्वयनको लागि म सफलताको शुभकामना सहित यो ऐन प्रति मेरो र मेरो दल नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको पूर्ण समर्थन रहेको जानकारी गराउँछु। धन्यवाद ।

**माननीय सभामुख** :-

माननीय सदस्यहरु, अब म माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापा :-**

माननीय सभामुख महोदय, आज हामी गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी यो विधायन समितिको प्रतिवेदन समेतको यो विधेयक उपर हामीले दफावार छलफलमा जुटेका छौं । सर्वप्रथम त, विद्धान माननीयज्यूहरुले जुन किसिमको एउटा जिज्ञासा र सुझावहरु राखुभएको छ । म उहाँप्रति सभामुख मार्फत हार्दिक आभार र धन्यवाद दिन चाहन्छु । माननीयज्यूहरुले यो विधेयकको विषयमा धेरै महत्वपूर्ण सुझावहरु दिनुभएको छ, जिज्ञासाहरु राखुभएको छ, त्यो सम्बन्धमा एउटा विधेयकको प्रस्तावनाको विषयमा आम नागरिकको पहुँचलाई सरल, सहज बनाउन भन्ने वाक्यांश पछि राज्यका काम कारवाही, लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार तुल्याउन भन्ने वाक्यांश थप्दा खेरी उपयुक्त हुन्छ भनेर माननीयज्यूबाट आएको छ ।

त्यस्तै २ नं. मा सम्वर्धन भन्ने शब्द थप्नु पर्छ भन्ने आएको छ । त्यसैगरेर २ नं. मा विधेयकको दफा १ मा रहेको २०७८ लाई २०७९ बनाउनु पर्छ भन्ने सुझाव पनि प्राप्त भएको छ । यस्तै गरेर दफा २ को २ मा विद्यालय पछि विश्वविद्यालय पनि थप्नुपर्छ भन्ने कुराहरु आएको छ । त्यस्तै गरेर विधेयकको दफा ३ को १

को ६ मा राज्य र नागरिकको हितमा प्रतिकूल असर पर्ने संवेदनशील सूचनाको संरक्षण गर्न भन्ने शब्द थप्नलाई उपयुक्त हुन्छ भन्ने माननीयज्यूहरुबाट सुझाव आएको छ ।

विषेश गरेर यो विधेयक हामीले यो सम्मानित सभामा सैद्धान्तिक रुपमा छलफल भएर यो विधायन समितिमा गएर त्यहाँ व्यापक रुपमा हामीले छलफल गर्यौं र विशेष गरेर सरोकारवालाहरुसँग पनि हामी त्यहाँ व्यापक रुपमा छलफल गर्यौं र विधायन समितिमा हामीले विज्ञहरुसँग पनि यो विधेयक हुन त सबै विधेयकहरु आफैमा महत्वपूर्ण हुन्छन् तथापि यो सूचना गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अझ बढी यो महत्वपूर्ण छ भन्ने हिसावले हामीहरुले यो विधेयक बनिसकेर ऐनको रुप लिइसकेपछि फेरी तुरुन्तै संसोधनमा पनि जान नपरोस् भन्ने हिसावले हामीले विज्ञहरुसँग पनि व्यापक रुपमा छलफल गर्यौं । विशेष गरेर म उहाँहरुको पनि नाम लिन चाहन्छु, कृष्णहरि बास्कोटा, डा. रामकृष्ण तिमिल्सिना समेतलाई राखेर हामीले व्यापक रुपमा विधायन समितिमा छलफल गर्यौं र उहाँहरुको एउटा टिप्पणी पनि यो विधेयक असाध्यै एक्सेलेन्ट भनेर एप्रिसेट गरेको पनि म यहाँ स्मरण गराउन चाहान्छु । केही बुँदाहरुमा उहाँहरुबाट केही सुझावहरु पनि आएको छ र माननीयज्यूहरुबाट पनि सुझाव आएको छ । त्यस्तै गरेर यो दफा माननीयज्यूबाट यो दफा २६ मा सूचना त्यहाँ राखिएको सूचना गलत भएमा दफा २६ मा सूचना सच्याउन सकिने भन्ने एउटा प्रावधान राखिएको छ र त्यसलाई अब नागरिकलाई फेरी निवेदन दिएर त्यो एउटा झमेलामा किन पार्ने, उसले एउटा इन्फर्मेसन दिएकै भरमा पनि यो सूचनालाई सच्याउन सकिने भयो भने अझ राम्रो हुन्थ्यो भनेर सुझाव आएको छ ।

माननीयज्यूलाई यो उहाँहरुको सुझाव प्रति म हार्दिक धन्यवाद दिन चाहन्छु प्रदेश सरकारको तर्फबाट । विशेष गरेर यो विधेयक यो नेपालको संविधानले प्रत्याभूत गरेको नागरिकको सूचनाको हक सम्बन्धी मौलिक अधिकारलाई प्रदेश तहमा समेत प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक भएकोले गण्डकी प्रदेशमा सूचनाको

हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गरिएको हो । नेपालको संविधानको धारा २७ मा सूचनाको हक अन्तर्गत प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक हुनेछ तर कानुन बमोजिमको गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई वाध्य पारिने छैन भन्ने व्यवस्था रहेको तथा धारा २८ मा गोपनियताको हक अन्तर्गत कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी बिषयको गोपनियता कानून बमोजिम बाहेक अनअतिक्रमय हुनेछ छ भन्ने व्यवस्था रहेको छ र सोही अनुसार नै यो हामीले यो गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ल्याएका छौं ।

यसमा अलिकति एउटा म माननीयज्यूहरुलाई सभामुख मार्फत जानकारी पनि गराउन चाहन्छु । यो विधेयक अरु प्रदेशको भन्दा अझ बढी हामीले प्रगतिशील हिसावबाट पनि अगाडि ल्याएका छौं । यो सार्वजनिक निकाय बाहेकका निकाय, सेवा प्रदायक, प्रचलित कानुन बमोजिम गठन भएका उपभोक्ता समिति, आमा समूह, युवा क्लव, टोल विकास संस्था, गैर सरकारी संस्था यस्तै प्रकृतिका अन्य समूहले समेत आफू सँग रहेको सर्वजनिक सरोकारको सूचना प्रवाह गर्नु पर्ने व्यवस्था यो विधेयकमा गरिएको छ । यो सूचनाको अद्यावधिक र प्रकाशन भनेर सार्वजनिक निकायले आफ्नो निकायसँग सम्वन्धित सूचना अद्यावधिक गर्नुपर्ने र चौमासिक रुपमा प्रकाशन गर्नु पर्ने सम्बन्धमा पनि स्पष्ट व्यवस्था गरेको छ र यो सूचनापाटीको व्यवस्था लगायत धेरै कुराहरु विद्युतीय माध्यमबाट सूचना प्रवाह गर्ने कुराहरु यसमा राखिएको छ ।

त्यस्तै गरेर मन्त्रालयस्तरबाट स्वीकृत भएका कार्यविधि, निर्देशिका वा मापदण्ड सम्बन्धित निकायले आफ्नो वेभसाईड मार्फत प्रकाशन गर्नु पर्ने व्यवस्था गरिएको छ। यी सबै कुराले गर्दा विधेयक एउटा समय सापेक्ष आएको हामीले महसुस गरेका छौं र यो माननीय सदस्यज्यूहरुबाट पनि असाध्यै राम्रो सुझावहरु महत्वपूर्ण सुझावहरु प्राप्त भएको छ म सभामुख मार्फत माननीयज्यूहरुलाई हार्दिक आभार र धन्यवाद

फेरी पनि दिन चाहन्छु र मेरो आफ्नो भनाई यही टुंग्याउछु । धन्यवाद ।जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, यो छलफल यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरु अब म गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको क्र.सं. १ देखि ५ सम्म उल्लेखित संसोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ, गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्र.सं. १ देखि ५ सम्म उल्लेखित संसोधन सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधन क्र.सं. १ देखि ५ सम्म उल्लेखित संसोधन गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्वन्धमा बनेको विधेयकको अङ्ग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संसोधनको क्र.सं. १ देखि ५ सम्म उल्लेखित संसोधन सर्वसम्मतिले गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म विधेयकको दफा १ देखि ३० सम्म गण्डकी

प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको दफा १ देखि ३० सम्म सर्वसम्मतिले गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

प्रस्तावना :- सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन राज्यका कामकारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार तुल्याउन राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण, संम्वर्धन र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ :-

१. यस ऐनको नाम गण्डकी प्रेदश सूचनाको हक प्रचलन ऐन, २०७९ रहेको छ ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधेयकको प्रस्तावना र नाम गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनोस भनि निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न

भन्ने आवाज सुनिएन तसर्थ, विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अंग बनेको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब म माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री श्री विन्दु कुमार थापालाई गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापा :-**

माननीय सभामुख महोदय, माननीय सभामुख ज्यूको अनुमतिले सम्मानित सभामा २०७८ चैत्र २३ गते प्रस्तुत भई मिति २०७८ चैत्र २५ गते विधायन समितिमा दफाबार छलफलको लागि पठाईएकोमा समितिबाट प्रतिवेदन सहित गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्राप्त हुन आएकोले गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु। विन्दु कुमार थापा, कानुन सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री, मिति २०७९/४/२६ गते।

**माननीय सभामुख :-**

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ, गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक सर्वसम्म्तिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्री श्री चन्द्रबहादुर बुढालाई प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्री चन्द्रबहादुर बुढा :**

माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले सम्मानित सभामा २०७९ साल साउन २५ गते प्रस्तुत भएको प्रदेश कृषि व्यवसायी प्रर्वधन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

अब म उक्त विधेयकमाथि विचार गरियोस भनी प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु । माननीय सदस्यहरु, अब प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन ०७७ लाई संसोधन गर्न बनेको विधेयक माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिनुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु हुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य श्री विकास लम्साललाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय सदस्य श्री विकास लम्साल :-**

माननीय सभामुख महोदय, प्रदेशमा कृषि व्यवसायलाई प्रर्वधन गर्न बनेको विधेयकको जुन संसोधन आएको छ । माननीय सदस्यले अब यो अघिल्लो विधेयकमा यो कृषि व्यवसायलाई प्रर्वधन गर्नका लागि हामी अहिले विधेयकमा मैले हेरैं, उहाँहरुले प्रस्तुत गरेको विधेयक हेर्दाखेरी अब नेपालमा यो कृषि व्यवसायलाई हामी प्रर्वधन नगरेसम्म यसलाई व्यवसायीकरण नगरेसम्म हामी आत्मनिर्भर बन्न सकदैनौं । हामी सबैको साझा एजेण्डा छ, देशको माग पनि त्यो छ, आज तपाईंले कृषि उत्पादनलाई हेर्यो भने हाम्रो आयत यसरी बढेर गएको छ, सबै चिजमा हामी हिजो आत्म निर्भर भएका चिजहरु पनि आज विस्तारै उत्पादन कम हुँदै गएको छ ।

यसलाई व्यवस्थित गर्नका लागि यो प्रर्वधन गर्नका लागि हामी पहिला जमिनको स्वामित्त्वमा नै छलफल चलाउनु पर्ने हुन्छ । अब हामीसँग ११ प्रकारका जमिन छन्, अहिले २०७२ ले संघीय सरकारले भूउपयोग नीति ल्यायो । हामीसँग कृषि क्षेत्र छ, हामीसँग आवासीय क्षेत्र छ, हामीसँग व्यवसायीक क्षेत्र छ, हामीसँग औद्योगिक क्षेत्र छ, हामीसँग खानी तथा खनिज क्षेत्र छ, सांस्कृतिक तथा पुरातात्विक क्षेत्र छ, नदी तथा तालतलैयाहरुको क्षेत्र छ वन क्षेत्र छ, सार्वजनिक उपयोग गर्ने खुला क्षेत्र छ, निर्माण सामग्रीहरु ढुंगा, बलुवा, गिटी उत्खनन् गर्ने क्षेत्र छ र आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रहरु पनि छन् । आज हाम्रो जमिन हामी कृषि व्यवसायलाई प्रर्वधन गर्ने भनेका छौं तर आज सबै कृषि उत्पादन हुने क्षेत्रमा हामी आवासीय क्षेत्रको रुपमा विकास हुँदै गएको छ ।

भएको जमिनलाई पनि आज बाँझो बन्दै गएको छ। आज हामी धेरै प्रयासहरु भए नेपालमा । कृषि यो उत्पादन बढाउन पर्छ, कृषिबाटै हाम्रो देशको विकासका लागि रोजगारी सृजना गर्नका लागि हाम्रो कृषि नै पहिलो आधार हो । हामी कृषि प्रधान देश हो यो । हामी कृषिबाटै आत्म निर्भर थियौं, हिजो हामी धान निकासी गर्थ्यौं, हामी चामल निकासी गर्थ्यौं। हिजो हामीले मकै निकासी गर्थ्यौं आज सबै चिज आयात गर्दैछौं यसका लागि यो प्रर्वधन गर्ने भनेर यो विधेयकको कागज खेलाएर माननीय

मन्त्रीज्यूको गाउँमा गएको थिएँ तारा खोलामा, म त्यहाँको उद्योग पर्यटन वन वातावरण मन्त्री हुँदा त्यहाँ जाँदा यस्तो थियो त्यहाँ हरेक चिजको खाना त्यहाँ हामीलाई सामूहिक खानाको व्यवस्था गरिएको थियो, सबै चिजको यस्तो स्वाद थियो त्यहाँ, आलु हेर्नुहोस, त्यहाँ गाँजर हेर्नुहोस, मुला हेर्नुहोस अनि मैले यो ओहो कस्तो स्वाद हो । कति राम्रो यो स्वादीलो वस्तु हो यो कहाँबाट आएको भन्दा एकजना किसानले मेरो आडमा त्यो भनेको सुन्नुभएछ, मन्त्रीज्यू यो हाम्रो पौरख हो, हाम्रो मिहिनेतले उत्पादन गरेको हो, यसमा नुन र मसला बाहिरबाट आएको होला यी सबै हाम्रो हो । आज त्यस्तो ठाउँमा पनि उत्पादन घटेर गएको छ । कारण के हो भने, आज जसले श्रम गर्छ उसले जमिन प्राप्त गर्न सकेको छैन, जसले श्रम गर्छ उसित जमिन छैन ।

हामीसँग २०५१ सालमा केशव  वडाल आयोगले एउटा भूमिको नीति ल्याउनुभयो, त्यसपछि हदवन्दी सम्बन्धी विभिन्न सरकार शेरबहादुर देउवाको पालामा पनि यो जमिनलाई यो हदवन्दीलाई रोक्ने, विभिन्न हिसावले जमिनको यो भूउपयोग नीतिलाई उपयोगमा ल्याउने भनेर प्रयासहरु भए र भूमिको कन्सेप्ट आयो हाम्रो माननीय पद्मा अर्यालले विधेयक ल्याउनु भयो । विधेयक नै व्याक भयो । एकपटक ०६०/६१ मा त एशियाली विकास बैंकले २ अरब रुपैयाँ दिने र नेपाल सरकारले १ अरव राख्ने र भूमि बैंक बनाउने र पालिका स्तरबाट, गा.वि.स. स्तरबाट त्यो जमिनहरु हामी कति उपयोग गर्न सक्छौं र यसले उत्पादनमा वृद्धि गर्न सकिन्छ, कसरी हामी श्रममा जोड्न सकिन्छ भनेर धेरै प्रयासहरु नभएका पनि होइनन् । हामीले यो जमिनको उपयोग सम्बन्धी अवधारणा पत्रलाई हेर्यो भने पनि, संघीय विधेयकलाई हेर्यो भने पनि, माननीय मन्त्रीज्यू यो हामीले पहिला जमिनलाई उत्पादनसँग जोड्ने हो ।

यो व्यवसायलाई प्रर्वधन गर्ने हो भने हामीले जमिनलाई यो भूउपयोग नीति कार्यन्वयनमा नल्याएसम्म यो भूमि बैंक नबनाएसम्म, जमिनको यो जसले हामी हिजो जमिन कसको जोत्नेको भनेर हामीले नारा लगायौं, हामी त्यसका लागि लामो संघर्ष गर्यो । आज हामी सरकारमा छौं, आज हामी सत्तामा छौं, आज हामी कहाँ अल्मलि

रहेका छौं, हामी किन जमिन जोत्नेलाई दिन सक्दैनौ । जमिन किन श्रमिक गर्नेका हातमा पुर्याउन सकदैनौ, जमिनमा किन उत्पादन बढाउन सक्दैनौं यी धेरै कुराहरु यो तपाईले ल्याएको विधेयकसँग जोडिएका विषयहरु छन । हामी कृषि व्यवसायलाई प्रर्वधन गर्ने भन्ने तर जमिन नै व्यवसायले पाउन सक्दैन, त्यहाँ आज हेर्नोस् हामी अहिले कूतमा लगाउने, ठेकमा लगाउने गाउँमा गर्यो भने पनि एउटा केहीमा लगाउने काम गर्यौं भने त्यहाँ केही गर्न गयो भने, हामीले व्यवसायीकरण गर्ने भनेका छौं, प्रविधियुक्त उत्पादनमा जोड्ने भनेका छौ ।

आज सिमलीका किलाहरु गाडिएका छन्, ढुंगाहरु गाडिएका छन्, एउटा श्रम गर्ने मान्छेले त्यहाँ यति केही गर्यो भने ए मेरो सिमली खोई भनेर आज काम गर्ने मान्छेलाई मनोवल गिराइएको छ । खेती नपाक्दै काठमाडौंबाट आएर अनि म जान हतार छ, ल मलाई चाहियो भनेर काँचोकचिलो काट्नु पर्ने स्थिति छ । यो हुनु भनेको अहिले हाम्रो लागि दुर्भाग्य हो कि होइन भन्नुहोस् त हामी यत्रो परिवर्तन गरिसक्यौं, यत्रो हामीले क्रान्तिका कुरा गरेका छौं तर आज हामी संसदमा विधेयक बनाँउदा खेरी यीनै कागज खेलाउने कुरा ।यहाँ एउटा कर्मचारीले यो शब्द मिलेन भनेपछि यहाँ शब्दको मात्र कुरा आएको छ तपाईंले ल्याएको विधेयकमा हेर्नुहोस त । यो काम गर्दा आज झन्झट लाग्नु पर्ने हो कि होइन मन्त्रीज्यू भन्नुहोस् त हामीले कसरी हुन्छ उत्पादन गर्ने, श्रम गर्ने किसानको हातमा जमिन पुर्याउनु पर्यो ।

बैंकबाट उनीहरुलाई सहज रुपमा काम गर्ने वातावरण बनाउनु पर्यो, अब हामी त्यो काम कहिले गर्ने , कसले गर्ने, कसरी गर्ने हामीले नगरे कसले गर्ने त्यो कुरा गर्नु पर्छ कि पर्दैन । आज हामी यो कुरा आज हेर्नुहोस् हामीले ७६१ वटा सरकार छ,न् स्थानीय तहमा पनि त्यो कुरा गर्न सकिन्छ तर हामी बाहिर गयौं भनेदेखि, हामी अनौपचारिक रुपमा कुरा गर्यौं भने हामी त्यो कुरा गर्छौं, तर हामी काम गर्न पर्यो भने अनि हामी तिनै पुराना कागज खेलाउने, अनि तिनै शब्दहरुलाई यताउता पारेर अनि हामीले कहिलेसम्म यो समय काट्ने हो माननीय मन्त्रीज्यू म यो कुरा सभामुख मार्फत गम्भिर रुपमा ध्यानाकर्षण गराउन चाहन्छु । हामीले केही प्रयास गरेका

थियौं, हामीले अघिल्लो सरकारले कृषिलाई कसरी व्यवसायीकरण गर्न सकिन्छ। मुख्यमन्त्री कृषिमैत्री कार्यक्रम भनेर लग्यौं ।

अहिले यो भूमि सम्बन्धी संक्षिप्त अवधारणा पत्र संघले माथिबाटै प्रयास भएको छ, तर हामीसँग जसको हातमा उत्पादनका साधनहरु कब्जा छन् तिनीहरुले ऐनकेन हिसावमा तिनीहरुले हामीलाई नै विभिन्न हिसावले मुभमेन्टहरुलाई उचालेर यो जमिन श्रम गर्नेको हातमा जान नदिने, अहिले पनि दलेहरुले जग्गा दलाली गर्नेहरुले जमिन जहाँ राम्रो उत्पादन छ, त्यहाँ आज घडेरी बनाइरहेका छन् । त्यो समस्या आज प्रवृतिको रुपमा आएको छ । राज्यले यो कुरा जहिलेसम्म जमिनको अधिकार स्वामित्व आफुले लिँदैन, तहिलेसम्म हामीले यो व्यवसायिक कृषि उत्पादन वृद्धि गर्न सक्दैनौं । आज यि कुरा, पहिला त हामीले २०७२ मा ल्याएको भूउपयोग नीतिमा अब उत्पादन हुने जमिनमा त्यहाँ घर बनाउन नपाउने भन्ने कुरा ग्यारेन्टी गर्नुपर्यो, त्यो कुरा गर्न हामीलाई कानुनले रोक्दैन, संघीय कानुन पनि त हामीले कार्यान्वयन गरेर जान सक्छौं नि !

तपाईंको विधेयकले यो कुरा किन बोल्दैन, तपाईंको विधेयक यि उत्पादन गर्ने कुरा किन बोल्दैन यीनै शब्दहरु इति नै कुराको विधेयकमा संसोधन गर्यो भने के कृषिमा व्यवसायीकरण हुन्छ त? हामीले यो कुरामा जानुपर्यो, हामीले यी सबै कुराहरुलाई हेर्नु पर्यो, हामीले भूमि बैंक बनाएर जान सकिन्छ भने हामी यिनै सबै कुराहरुलाई हेर्नुपर्यो, तपाइंहरुले त्यो कुरा विधेयकमा ल्याउनुहोस्, हामी बैंकमा त्यो भयो भने सरकारी जग्गालाई पनि हामीले उपयोग गर्न सक्छौं । आज हामीले एउटा डाँडो फालिएको छ, हिजो हाम्रा खर्कहरु, हिजो हाम्रा भैंसी चरन गर्ने डाँडाहरु, हिजो हामी फलफुलमा जाँदैनथ्यौं । अस्ति म एउटा मेरो गाउँमा गएको थिएँ पाङराङ भन्ने गाउँमा जुन पुरानो खर्क हो, त्यहाँ अहिले एउटा छेउमा सानो किवी लगाएर राम्रो उत्पादन गर्नु भएको रहेछ, । त्यहाँ मलाई अस्ति किसानहरुले सुनाउनु भयो १० क्वीन्टल किवी अहिले हामीले पोखरा पठायौं माननीयज्यू । यहाँ यो व्यापक रुपमा यो किवी लगाउने हो भने आज विदेशबाट ७ सय रुपैयाँ किलोमा किवी आएको

छ।आज त्यो बजारमा अत्यन्तै ठूलो माग छ त्यो किवीको । हाम्रो आफ्नै गाउँमा, आफ्नै ठाउँमा आफ्नै मेहनतले किवी उत्पादन गरिसके ।

तिनीहरुलाई त्यो डाँडाभरी किवी लगाएर हामीले विदेशको किवीलाई रोक्नका लागि हामीले त्यो प्रयास किन नगर्ने । त्यो प्रयास गर्न कसले रोकेको छ भन्नुहोस् । हामी त्यो कामको थालनी गरौं त । आज मुस्ताङमा स्याउ खेतीको प्रर्वधन हुन लागेको छ। अमेरीकाको स्याउ हामीकहाँ आज ट्याक लगाएर आएको छ, तर हाम्रो मुस्ताङको स्याउ यहाँ सम्म आउँदैन । अनि यो काम हामीले नगर्ने, अनि हामी परिवर्तनका लागि, मर्नका लागि कि हामीलाई मुक्ति चाहिएको छ, कि हामीलाई मृत्यु चाहिएको छ भनेर हिँडेका मान्छ्ेहरु आउँदाखेरी पनि यिनै कागज खेलाउने हो भने जनताले के पाउने हो माननीय मन्त्रीज्यू म यही कुरा राख्न चाहन्छु । अब हामी अलिकति प्रोग्रेसिभ सोचका साथ अगाडि बढौं । अब हामी एउटा क्रान्तिकारी विचारका साथ हामी काम गर्ने, श्रम गर्ने, म आफ्नो देशलाई बचाउछु भन्ने आफ्नै देशमा उत्पादन बढाउँछु भन्नेहरुलाई अवसर हामीले नदिए कसले दिने त्यो कुराको लागि हामी अगाडि बढौं, त्यो कुराहरु अब विधेयकमा आउनुपर्यो ।

अब क गर्ने कामकुरो एकातिर कुमलो बोकी ठिमीतिर । अब एउटा क्रान्तिकारीहरु र एउटा दक्षिणपन्थीको पुच्छरमा लागेपछि उसले सोच्ने कुरा परै जाओस्, अब यी कुराहरु अब विधेयकमा छलफलमा भन्दा पनि मंसिरमा एजेण्डा बनाएर , चुनावमा यिनीहरुलाई ठेगान लगाएर जाने भएको हुनाले मैले आज यति नै शैद्धान्तिक कुरा राख्दै मेरो भनाई यहीं अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।त्यसपछी माननीय सदस्य श्री लेख बहादुर थापा ।

**माननीय विष्णु प्रसाद लामिछाने** :-

माननीय सभामुख महोदय, यतिबेला हामी प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयकको सैद्धान्तिक छलफलमा छौं । यो हाम्रो हातमा भएको विधेयक पूर्ण विधेयक होइन, हाम्रो संसदले ऐन बनाएर पठाइसकेको छ र त्यसमा भएका केही कुराहरु जुन कुराहरु अहिलेको समयमा आवश्यकता छ । ती आवश्यकता भएका कुराहरुलाई थप्ने, संसोधन गर्ने किसिमले यो आएको छ, त्यसैले यो विधेयक पूर्ण विधेयक नभई यो संसोधित संसोधन गर्न बनेको विधेयक छ, जुन विधेयकमा अहिले भएको ऐनमा भएका कमी कमजोरीहरु अथवा अरु अरु थप गर्नुपर्ने कुराहरु यसमा आएको छ भन्ने मलाई लाग्दछ । हामीले प्रदेश कृषि व्यवसाय प्रर्वधन गर्ने कुराहरु गरेका छौं ।

साँच्चै नै हो, यो प्रदेशलाई आफैमा आत्मनिर्भर बनाउनको लागि, आफ्नै खुट्टामा उभिनका लागि, प्राथमिकता भित्र कृषि पनि पर्छ । जबसम्म हामीले कृषिलाई व्यवसायिक गर्न सक्दैनौं, जबसम्म कृषि पेशालाई हामीले सम्मानित बनाउने सक्दैनौं, जबसम्म यो पेशामा लाग्नेहरुले गर्वका साथ म किसान हुँ भन्ने परिस्थिति सृजना हुँदैन तबसम्म हामीले जुन सोच बनाएका छौं, गण्डकी प्रदेशमा कृषिमा आत्मनिर्भर हुने कुरा, आत्मनिर्भर मात्र होइन हामीले बाहिर निर्यात समेत गर्ने कुराहरु सम्भव छैन । त्यसैले यसलाई पहिलो कुरा त, कृषिलाई व्यवसायिक बनाउनतिर लाग्नुपर्यो, व्यवसायिक कृषि बनाउनको लागि त्यो पेशालाई सम्मानित बनाउन जरुरी छ । म किषान हुँ, म किषानको छोरो हुँ, म किषानको बाउ हो। म किषानको साथी हुँ, म आफैले कृषि गर्छु । म आँफैले कुटो कोदालो हलो खेलाउँछु भन्ने मान्छेले गर्वका साथ भन्ने वातावरण जबसम्म बनाउँदैनौं तबसम्म हाम्रो सोच जे परिकल्पना गरेका छौं त्यो हुन सक्दैन । हामीसँग थुप्रै उर्वर भूमिहरु छन्, जुन उर्वर भूमिमा हामीले अन्न होइन हाम्रो लागि सुन फलाउन सक्छौं । .

हामीलाई पुगेर, गण्डकी प्रदेशलाई पुगेर पनि हामीले बाहिर निर्यात गर्न सक्ने क्षमता हामीसँग त्यो किसीमको भूगोलहरु छन्। ती भूगोलहरुलाई, ती जमिनहरुलाई हामीले पर्याप्त मात्रमा उपयोग गर्न सकेका छैनौं, उपभोग गर्न सकेका छैनौं । कृषि

भन्नासाथ सिँचाईका कुराहरु हुन्छन्, बजारका कुराहरु हुन्छन बीउ मलका कुराहरु हुन्छन्, हामी कहीँ न कहीँ अझै जुन हिसावले जानुपर्ने हो हामी जान नसकेको अवस्था छ । यहाँ केही कुराहरु आएका छन्, संसोधनका लागि मूल ऐनबाट थप्ने कुराहरु भएको छ कतिपय कुराहरु, जस्तै मूल ऐनमै भएका केही कुराहरु, हिजो विविधकरण थियो, आज यन्त्रिकरण हो, अब हामीले हामी आँफैले सबै काम हलो, कुटो, कोदालेले मात्रै गर्न सक्छौं भन्ने छैन, यन्त्रीकरण गर्नु जरुरी छ, वास्तवमा हामीले यसलाई कसरी वैज्ञानिक बनाउन सकिन्छ कृषिलाई कसरी बैज्ञानिक बनाउन सकिन्छ भन्ने तिर जान जरुरी छ।

कतिपय अनुगमनका कुराहरु पनि छन्, अनुगमनका कुराहरु, अनुगमनले विकृति हुनबाट बचाउँछ, अनुगमनले काम गर्ने मानिसहरुलाई प्रोत्साहन पनि दिन्छ।सकारात्मक र नकारात्मक दुवै पक्षलाई त्यसैले एउटा विकृति हुनबाट बचाउने कुराहरु छन् । कही कतै अनुगमनको पाटोहरु यसमा छुटेको हो कि भन्ने देखिन्थ्यो त्यसैले ती कुराहरु जुन कुराहरु अहिले काम गर्दा सरकारलाई अप्ठ्यारो परेको छ, जुन कुराले ऐनमा भएको जुन कुराको कमीले अझै यो पेशालाई मर्यादित बनाउनको लागि अझै विस्तारित बनाउनको लागि अप्ठ्यारो भएको छ।ती यो संसोधन विधेयकमा आउने भएको हुँदा मलाई लाग्छ यहाँ जति संसोधनको लागि आएका छन्, यी आवश्यकताको आधारमा, यो मागका आधारमा र परिस्थितिको आधारमा आएका छन, त्यसैले यो संसोधन विधेयक ठिक छ भन्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख** :-

माननीय सदस्य श्री लेख बहादुर थापालाई छलफलमा भाग लिन समय दिन्छु। त्यसपछी माननीय सदस्य श्री पियारी थापा ।

**माननीय लेख बहादुर थापा** :-

माननीय सभामुख महोदय, आज हामी प्रदेश सरकारको कृषि तथा सहरकारी एवं गरीवि निवारण मन्त्रालयबाट माननीयज्यूबाट प्रस्ताव भएको प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक उपर हामी सैद्धान्तिक छलफलमा केन्द्रित भइरहेका छौं । यो विधेयक अहिले जसरी प्राप्त भयो कार्यान्वयनका क्रममा आएका अप्ठ्याराहरु, अपुगताहरुलाई समृद्ध गर्न, व्यवस्थित गर्नका निम्ति थप सुदृढ गर्न आवश्यक भएकोले विधेयक आएको देखिन्छ । सरसर्ती यसको सैद्धान्तिक पक्षलाई हेर्दा यसमा महान जनयुद्धको जगमा भएको जनआन्दोलनको फ्युजनले संघीय लोकतन्त्रिक गणतन्त्र नेपाल प्राप्त भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको महत्वपूर्ण सुन्दरता केन्द्र सरकार, ७ प्रदेश र स्थानीय पालिका सत्ता सरकार निर्माण भएको छ । यस मध्ये नविन प्रयोग भनेको मुख्य त प्रदेश सरकार र प्रदेश सभा नै हो, यो अधिकार सम्पन्न संवैधानिक अंग हो । यही सभाबाट विधेयक तयार गर्ने, ऐन निर्माण गर्ने, संसोधन गर्दै पूर्णता दिने र सरकार निर्माण गर्ने, सुदृढीकरण गर्ने गर्दछ । नियमवद्ध जनताको सेवा गर्न सभाले सबै मन्त्रालयको क्षेत्राधिकार कार्यान्वयन गर्न ऐन निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ । यस अनुसार भूमि व्यवस्था कृषि तथा सहकारी मनत्रालयले सहकारी तथा गरीवि निवारण मन्त्रालयले कृषि व्यवसायी प्रर्वधन ऐन २०७७ अझ परिस्कृत र व्यवस्थित गर्न आवश्यक संसोधन गर्ने प्रस्ताव आएको छ । मुख्य गरी देशलाई समाजवादमा लिएर जानको निम्ति यसको आधार खडा गर्नुपर्दछ, यसको आधार भनेको आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु हो । आत्म निर्भर अर्थतन्त्र निर्माण गर्न उत्पादनमा जोड गर्नु पर्दछ । नेपालको सन्दर्भमा उत्पादन भनेको कृषिमा आधारित उत्पादन हो ।

कृषि उत्पादन, उपभोग, विनिमय, कृषि प्रशोधन र वितरण र जनजीवनसँग सम्बन्धित आयामहरु हुन् । नेपालका उद्योगहरु पनि कृषिमा आधारित उद्योग हुनुपर्दछ । अतः कृषि उत्पादनमा वैज्ञानिकता र व्यवसायिकता, यान्त्रिक मार्फत कृषिमा आत्मनिर्भरता कायन गर्न र व्यवस्थापन गर्न प्रर्वधन गर्न, विकास र टिकाउ कायम गर्न निश्चित विधि नियम निर्देशिका तथा कार्यविधिहरु जरुरी भएकोले यो ऐनलाई

समय सापेक्ष समृद्ध बनाउन संसोधन आवश्यक परेको देखिन्छ । यसमा ११ वटा दफाहरु मध्ये भित्रबाट १६ वटा विषय स्पष्ट पार्नको निम्ति ३ महलले यसको औचित्यता पुष्टी गर्दै पुनः परिभाषित गर्ने काम गरेको छ । त्यसैले यो विधेयकको बारेमा हामी सबैले एक चरणमा सोच्ने विषयलाई अध्ययन गरिसकेका छौं र दफावार रुपमा नै विधायन समितिले नै छलफल गर्नेछ र यहाँ संसोधनको विषय महत्वपूर्ण छन्, यसलाई हामीले शैद्धान्तिक रुपमा अलि मनन गरेर व्यावहारिक रुपमा विधायन समिति मार्फत नै सम्बोधन गर्दै री अगाडि बढ्न जरुरी छ भन्ने मलाई लागेको छ । यति कुरा राखेर म आफ्नो विषयका अन्तयमा भन्न चाहन्छु कि संविधान विरोधी हर्कत र दम्भ घमण्ड त्याग गरी तलाईं हेर मलाई हेर बेला हेर उखान मनन गरी सच्चियुँ र सच्याऔं यही अनुरोध गर्दै विदा चाहान्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, यतिबेला हामी प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक उपर सैद्धान्तिक छलफलको क्रममा छौं र यो सैद्धान्तिक छलफलमा आफ्ना भनाई राख्ने समय प्रदान गर्नु भएकोमा माननीय सभामुख ज्यूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरा केही भनाइहरु राख्न चाहन्छु । वास्तवमा भन्ने हो भने हामी कृषि प्रधान.देशका नागरिकहरु हौं हामीले यो गौरव लाग्छ कृषि प्रधान देशका नागरिक हौ भन्छौं तर हामीले उत्पादन वा प्रयोग गर्ने हाम्रा प्रत्येक भान्सामा पाक्ने स्रोत साधान अत्यधिक भान्सामा पाक्ने खाद्य सामग्रीहरु हामी सबै आयात गरिरहेका छौं । त्यसकारणले गर्दा त्यो आयात प्रतिस्थापन गर्ने कुरा, आत्मनिर्भर अर्थतन्त्र बनाउने कुरा र आयात प्रतिष्थापन गर्ने कुरा ती कुराहरु हामी गरिरहन्छौं, हामी भाषणमा त त्यो गर्छौं किन आयात प्रतिष्थापन गर्छौं र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्छौं भनेर भन्छौं तर वास्तवमा भन्ने हो भने आयात प्रतिष्थापन

गर्ने कुरा मैले पटक पटक भन्ने गर्छु, जबसम्म कृषि वस्तु तथा सेवाहरु कृषि उपजका वस्तु तथा सेवाहरुमा आयात प्रतिष्थापन हामीले जब सम्म हामीले गर्दैनौं तबसम्म हाम्रो आत्मनिर्भर अर्थतन्त्र बनाउने कुरा त्यो दिवा स्वपना मात्रै हुन्छ ।

त्यसकारण यो विषयमा आत्म निर्भर अर्थतन्त्र बनाउने कुरामा कृषि आयात तथा कृषि सामग्रीहरु आयात गर्ने कुरालाई प्रतिष्थापन गर्ने कुरा र निर्यात प्रर्वधन गर्ने कुारमा हामीले मात्रै नभएर गण्डकी प्रदेश सरकारले मात्र नभएर केन्द्र सरकारले त्यो विषयमा मुख्य ध्यान दियो भने र गण्डकी प्रदेश सरकारले त्यसलाई अवलम्वन गर्यो भने मलाई लाग्छ हामी आत्मनिर्भर अर्थतन्त्रको धेरै टाढा छैनौं किनभने हाम्रो देश कृषिप्रधान देश हो यहाँका ८०—८२ प्रतिशत जनताहरु कृषिमा आत्मनिरर्भर छौं कृषिमा हामी निर्भर छौं। तर हामीले गरेका उत्पादनहरु अहिले सहजै रुपमा बजार मूल्य पाएको छैन किनभने हामी खुला बजार अर्थनीतिका चपेटामा छौ, खुला बजार अर्थनीतिले गर्दा हाम्रो बजार क्षेत्रमा भारतीय दवदवा छ, त्यो भारतीय दवदवालाई प्रतिष्थापन गर्ने कुरा अघि नै मैले भनिसकें कृषि उपजको प्रतिष्थापन गर्ने कुराहरुलाई महत्वपूर्ण ध्यान दिनुपर्छ। अहिले कुरा उठिराखेको छ पेशागत मर्यादा, यो व्यवसाय हामीले कृषि व्यवसाय गर्ने, प्रर्वधन गर्ने भनिरहेका छौं, कृषि व्यवसाय प्रर्वधन गर्ने कुरामा मलाई लाग्छ २ वटा कुरा छन्— एउटा त व्यवस्थापन गर्ने कुरा, कृषि व्यवसाय व्यवस्थापन गर्ने कुरा व्यवस्थापक एउटा हुन्छ, अर्को कुरा त्यहाँ काम गर्ने कामदार अथवा त्यो पेशालाई अहिले पेशा बनाएर काम गर्ने जनशक्तिको कुरा हुन्छ ।

हामीले विशेष गरिकन व्यवसायलाई मात्र अलि बढी ध्यान दिएका छौं, व्यवसायीहरुलाई मात्रै अलि बढी ध्यान दिएका छौं र त्यो क्षेत्रमा काम गर्ने कामदार अर्थात त्यो क्षेत्रमा पेशा बनाउने, ती पेशागत कृषि हाम्रो जीवनको मुख्य आधार हो भनेर पेशा गर्ने, कृषि पेशामा समावेश हुने जनशक्तिमा हामीले मुख्य ध्यान दिइरहेका छैनौं । के कुरा कहाँनिर आउँछ भने ति सवै कुराहरु कहाँनेर आउँछ भने एउटा मर्यादित पेशा बनाउने सित आउँछ, मर्यादित पेशा भनेको के हो भने त्यो सँग जोडिएको

कुरा के हो भने उसलाई दिने पारिश्रीक, सेवा सुविधाहरु आउँछ । अहिले सम्म हामीले त्यो काम गर्न सकेका छैनौं।जबसम्म् कृषिलाई मर्यादित पेशा बनाउँदैनौं तबसम्म हामीले यो जस्तोसुकै ऐन लिए तापनि यो क्षेत्रमा काम गर्ने जनशक्ति नहुँदा, जनशक्ति त हाम्रो हेरिराखेका छौं नि त हामीले । अहिले दिन दिनै लाखौंको ताहदतमा विदेश पलायन भएको छ, जनशक्ति विदेश पलायन भईरहेको छ, त्यो विदेश पलायन हुने मुख्य कारण के हो त भन्दाखेरी यहाँनिर पेशागत मर्यादा भएन अथाव त्यो डिग्री पास गरेको मानिसहरुले पनि कृषि पेशा व्यवसाय अंगालेर बस्नुपर्छ ।

त्यो कृषि पेशा अंगाल्छु भन्ने हिसावको त्यो खालको वातावरण बनेन । त्यसकारणले गर्दा अहिले हामीले कृषि पेशामा कस्ता मान्छेहरु आवद्ध छन् भने अहलि कम पढेका त्यस्ता मानिसहरु मात्रै कृषि पेशालाई अवलम्वन गर्नु पर्छ भनेर हामीले त्यो खालको मान्यता राख्दछौं । तर त्यसो होइन, कृषि पेशामा डिग्री पास गरेको मान्छेहरु पनि त्यो पेशालाई सहज रुपमा अंगाल्न सक्ने वातावरण जवसम्म हामीले मिलाउँदैनौ, तबसम्म खोक्रा नाराहरुले मात्र त्यो काम गर्न सक्दैन भन्ने कुरा म यहाँ राख्न चाहन्छु र केन्द्र सरकारले कृषि पेन्सन अर्थात कृषक पेन्सनको कुराहरु लिएको छ, महत्वपूर्ण कुरा हो । तर कृषक पेन्सन कुरा आउँदा उसँग त त्यो कृषि गर्ने काम कृषि पेशामा काम गर्ने ती मजदुरहरुले नियमित पारिश्रमिक र उसको सेवा र सुविधा हुनुपर्ने होला नि त । त्यसपछी बल्ल हामी सफल हुन्छौं होला नी  यी यस्ता विषयहरुमा अलि बढी ध्यान दिनु पर्छ कि भन्ने कुरा म राख्न चाहन्छु ।

हुन त यो सैद्धान्तिक छलफल हो र पनि केही यो बुँदागत अथवा दफाबार छलफल पनि गर्नुपर्छ कि जस्तो मलाई लागेको छ । यो संसोधन बुँदा नं. ३ मा मूल ऐनको दफा ७ मा भएको न्यूनतम समर्थन  मूल्यबाट हटाउनु पर्ने वाध्यकारी कारणहरु के होला भनेर मैले यहाँ प्रश्न गर्न चाहन्छु, माननीय मन्त्री ज्यूलाई प्रश्न गर्न चाहान्छु किनभने हाम्रो बजारमा कब्जा बाह्य मुलुकको छ, त्यो बजार कब्जा बाह्य मुलुकको भएको नाताले यहाँका कृषकले उत्पादन गरेका वस्तुहरु सहज रुपमा बजारमा विक्दैनन् र बजारमा यदि  विकेनन् भने त्यसलाई न्यूनतम समर्थन मूल्य तोकेर

कृषकले परिश्रम गरेर त्यो मूल्य पाउने विषयलाई यहाँ हटाउनु पर्ने वाध्यकारी कारणहरु के होला  त्यसको बारेमा जानकारी दिनको निमीत्त मैले अनुरोध गर्न चाहन्छु ।

अर्को कुरा ऐन ७ मूल ऐनको दफा १७ मा बाँझो जग्गामा खेतीयोग्य जग्गा भनिएको छ, विशेष गरी नेपालमा चक्लावन्दीको नितिको कारण कैयन खेतीयोग्य जमिनहरु आवसिय रुपमा परिणत भई खरिद विक्री भइरहेको तथ्य छ । मलाई लाग्दैन कि, गण्डकी प्रदेश सरकारले कुन भूभागमा खेतीयोग्य आवसिय गरी कुन भूभागलाई खेतीयोग्य हो र कुन भूभाग आवसिय हो भनेर वर्गिकरण गरेको छ भन्ने मलाई लाग्दैन । जग्गा चक्ला वन्दी गरी आवसिय रुपमा परिणत हुनलाई यो दफाभित्र टेकेर आवसिय रुपमा परिणत पो हुने पो हो कि भन्ने आशंकाहरु गर्ने ठाउँ छ । किनकि हाम्रो संस्कार त फेरी हाम्रो त रातारात आज सुन छ भोलि ढलौट हुने प्रविधि छ नि हामीमा । त्यसकारणले गर्दा अहिलेसम्म खेतीयोग्य जमिन हुने र भोलि त्यो खेतीयोग्य जमिन आवसीय जमिन हुनका लागि उपयुक्त छ भनेर त्यो खालको प्रमाण दिने खालको परिस्थिति पनि त हुन सक्छ ।

त्यसरकारण यो विषय दाफका आधारमा हुनसक्ने खेतीयोग्य जमिनको सुरक्षा, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले आगामी कार्य योजना  के छ यो विषयमा पनि म जानकारी लिन चाहन्छु । अर्को कुरा ८ को बुँदा नं. १ मा जीवनाशक भनिएको छ, जीवनाशक तथा कीटनाशक पनि राख्नु पर्छ होला भन्ने म सुझाव दिन चाहन्छु । अर्को क्रमसंख्या ट संसोधन गर्न लागिएको छ।  संसोधित१० नं. बुँदामा मूल ऐनको अनुशुचि१ को क्र.स.ट भनेर संसोधन गर्न लागिएको छ र यो रेशमकीरा व्यवसायी शब्दहरुको पछि र व्यवसायिक च्याउ उत्पादन भनिएको छ सम्भव त यो विषय संसोधित बुँदा नं ११ अनुसूची २ मा पर्छ होला जस्तो लाग्छ मलाई यसलाई हेर्न जरुरी छ । अनुसूची २ को ट मा छ त्यो व्यवस्था रेशमकिरा व्यवसायिक रेशमकिरा र त्यसपछाडी व्यवसायीक च्याउ उत्पादन भन्ने कुरा चाँहि अनूसूचि २ को ट मा छ।

त्यसकारणले गर्दाखेरी यसलाई  संख्याक्रम मिलाउँदाखेरी बुँदा नं. ११ को २ लाई यो व्यवस्था कायम गर्ने र २ लाई ३ बनाउनु पर्छ होला भन्ने खालको सुझावहरु दिँदै यि विषयहरु वास्तवमा भन्ने हो भने कृषिलाई मर्यादित व्यवसायिक पेशा बनाउनको लागि समयानुकुल संसोधन गर्नु पर्ने आवश्यकता थियो यही अनुसारले यो आएको छ त्यसकारणले गर्दाखेरी मैले प्रदेश सरकार विशेष गरी सम्बन्धित मन्त्रालयलाई बिशेष धन्यवाद दिँदै मेरो आफ्नो भनाई यहि अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुख** :-

माननीय सदस्यहरु, अब म माननीय भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्री श्री चन्द्रबहादुर बुढालाई छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण चन्द्रबहादुर बुढा** :-

माननीय सभामुख महोदय, प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक माथि हामी सैद्धान्तिक तलफलमा छौं र यो सैद्धान्तिक छलफलमा माननीयज्यूहरुबाट महत्वपूण राय, सल्लाह, सुझाबहरु राख्नुभएको छ । हामी दफाबार छलफलको सन्दर्भमा केही विषय पछि राख्ने नै हुन्छ होला । यो सैद्धान्तिक विषयमा जो विषय राख्नु भएको छ माननीयज्यूहरुलाई सभामुख मार्फत म विशेष धन्यवाद पनि व्यक्त गर्न चाहन्छु । अहिले विशेष त यो संसोधन गर्नु पर्नाको कारण र यसका उद्देश्यहरु प्रष्ट रुपमा यो संसोधित विधेयकमा पनि आएको छ ।

यद्यपि हामीले यसको यो प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐनको मूल स्प्रिटलाई हामीले अझै सुदृढ गर्ने हिसावले कतिपय हामीले शुद्धाशुद्धी विषयहरुलाई मिलाउनु पर्ने, कतिपय शब्द मिलाउनु पर्ने र कतिपय व्याख्या गर्नु पर्ने, त्यो आवश्यक देखिएको हुनाले यसलाई संसोधन गर्न खोजिएको हो, म यो कुरा राख्न चाहन्छु । विशेषतः यो

विधेयकको आवश्यकता यसको क्षेत्राधिकारको बारेमा सायद हामीले पहिला पनि छलफल चलाएका थियौं र अहिले केही विषयहरु सैद्धान्तिक रुपमा जुन उठान पनि भएको छ र हामीले विशेषतः यो प्रदेशको सन्दर्भमा, प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ को यो संसोधन विधेयकमा हामी छलफल चलाइरहँदा पहिलो कुरा त हामीले के स्मरण गर्न जरुरी छ भने नेपालको संविधानले निर्दिष्ट गरेका विषयहरु र हाम्रा संविधानको अनुसूचीमा व्यवस्था गरिएको हाम्रो क्षत्राधिकारको कुरा त्यसैमा आधारित रहेर यो विधेयक बनेको कुरा म पुनः स्मरण गराउन चाहन्छु । मूलतः यो विधेयक हामीले निर्माण गर्यौं र यो हामी अहिले अभ्यासमा नै छौं, कार्यान्वयनको प्रकृयामा नै छौं, केही विषयहरु हामीले अझै सुदृढ गर्नु पर्ने अवस्था भएको हुनाले हामीले यो संसोधन विधेयक ल्याएको छौं ।

मुलतः प्रदेशको सोच ,लक्ष्य, उद्देश्य र यस प्रदेशका रणनिति कार्यनीतिहरु मै आधारित रहेर हामीले यो विधेयकलाई अगाडि बढाएका छौं यसो भनिरहँदा प्रदेशको सोचको हिसावले माननीयज्यूले राख्नुभएझै, हामीले प्रदेशलाई कसरी आत्मनिर्भर बनाउन सक्छौ भन्ने नै महत्वपूर्ण हो जस्तो लाग्दछ।हामीले आत्मनिर्भरताको कुरा गरिरहँदा हामीले सोच्ने विषय के हो हामीले राष्ट्रिय पूँजी निर्माण नगरिकन हामीले आत्म निर्भरको कुरा गर्न सक्दैनौं । हामीले प्रदेश समृद्धीका कुरा गरिराखेका छौं, समृद्धीको कुरा गरिरहँदा हामी आत्म निर्भरताको स्टेपमा नपुगिकन हामी त्यो सम्भव तुल्याउन सक्दैनौं, त्यसो भएको हुनाले यसका अवयवहरु के के हुन सक्छन् त हामीले कृषि क्षेत्रको सन्दर्भमा हामीले गर्न खोजेका विषयहरु के हुन् । हामीले कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिककिरण, विविधिकरण गर्ने कुराहरु गर्यौं र हामीले उत्पादन र उत्पादकत्व बृद्धि गर्ने कुराहरु गरेका छौं र हामीले अघि माननीयज्यूहरुले राख्नु भएझै आयात प्रतिष्थापनका कुरा गमिभरतापूर्वक उठाएका छौं। हाम्रो प्रथम पञ्चवर्षिय योजना र दीगो विकास लक्ष्यले निदृष्ट गरिसकेको छ ।

यसो भनिरहँदा हामीले निष्कर्षमा जाँदा हाम्रो गरीवि न्यूनिकरणको कुरा, रोजगार प्रर्वधनको कुरालाई समेत जोडेका छौं, यसो नगरीकन हामीले समृद्धीको परिकल्पना

गर्न सक्दैनौं, हामीले आत्मनिर्भरता परिकल्पना गर्न सक्दैनौं यसो भनिरहँदा हामीले समग्रमा राष्ट्रिय पूँजी निर्माण बाहेक अर्को बिकल्प हुन सक्दैन। त्यसो भएको हुनाले मूलत गण्डकी प्रदेश सरकारको मूल मक्सद र यहाँको वस्तुस्थिति अनुसार हाम्रो कृषि क्षेत्रलाई कृषि क्षेत्रका हरेक अवयवलाई अलि व्यवस्थित ढंगले अगाडि बढाउनु पर्छ भन्नु नै यसको उद्देश्य हो । यसो भनिरहँदा हामीले अलि अलि क्वोइसचनहरु हाम्रो बिचमा उठ्ने गरेका छन् । हाम्रो हिजोको छलफलको सन्दर्भमा पनी हामीले कैयौं कुराहरु हामीले छलफल चलायौं, हामीले गण्डकी प्रदेशको सन्दर्भमा कृषि क्षेत्रको सन्दर्भमा के हो त यसका विकासका अवयवहरु के हुन सक्छन् र हामीले राज्यको तर्फबाट गर्नु पर्ने आयामहरु के के हुन सक्छन्, यसका क्षेत्रहरु के के हुन सक्छन् र हाम्रो संविधान पनि के निदृष्ट गरेको छ, के अधिकार दिएको छ त प्रदेशलाई भन्ने कुरामा हामीले काफी छलफल चलायौं र छलफल अनुसार नै हाम्रो निष्कर्ष, हाम्रो बुझाई के हो भने, हामीले सम्बृद्ध गण्डकी प्रदेश बनाउनको लागि, सुखी नागरिक बनाउनको लागि अन्तत, हामीले उत्पादन र उत्पादकत्व बृद्धि बाहेक अर्को विकल्प छैन, यसो भनेका थियौं ।

त्यही अनुसार प्रदेश सरकार, प्रदेश सरकारको कृषि हेर्ने विषयगत मन्त्रालयले आफ्नो नीति कार्यक्रम र बजेटलाई प्रवाह गरिराखेको सन्दर्भ हो र विगत देखि अहिलेसम्म हामी, मैले पटक पटक भन्ने गरेको छु, हामी दूधमा, मासुमा, अण्डामा आत्म निर्भर भइसकेका छौं र पनि फेरी हामीले कृषिउपज तर्फ खाद्यान्न तर्फ, यो अलि सोच्नु पर्ने विषय आएको छ यसलाई हामीले अलि व्यवस्थित गरेर नै जानुपर्छ, त्यसको लागि यो कृषि व्यवसाय प्रर्वधन ऐनभित्र दफाबार छलफलमा यहाँहरुले विषय राख्नुहोला । दफा दफामा उल्लेख भएका छन्, त्यसको क्षत्राधिकार के हुने गर्न सकिने के त्यसलाई प्रर्वधन गर्न के के गर्नु पर्ने र यसको नियमनको पाटोमा के के गर्न सकिने र सबै कुराहरु त्यहाँ व्यवस्था गरेको छ ।

त्यसोभएको हुनाले निश्चित रुपमा यसलाई अझै परिमार्जिन ढंगमा अगाडि बढाउने उद्देश्यमा नै निर्दिष्ट रहेर यो संसोधन विधेयक यहाँ प्रस्तुत भएको छ ।

माननीयज्यूहरुले जो धेरै विषयहरु राख्नु भएको छ, म विशेष फेरी पनि धन्यवाद दिँदै म आफनो भनाई अन्त गर्दछु, धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यही समाप्त हुन्छ ।माननीय सदस्यहरु, अब म माननीय भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्री श्री चन्द्र बहादुर बुढालाई मिति २०७९ साउन २५ गते सभामा प्रस्तुत भइ सामान्य छलफल समेत भएको प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक दफाबार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**भूमि व्यवस्था कृषि सहकारी तथा गरीवि निवारण मन्त्री श्री चन्द्र बहादुर बुढा**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा मिति २०७९ साल साउन २५ गते प्रस्तुत भई मिति २०७९ साल साउन २६ गते सभामा विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ लाई संसोधन गर्न बनेको विधेयक गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ ख बमोजिम दफाबार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म उक्त विधेयकलाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ, प्रदेश कृषि व्यवसाय प्रर्वधन ऐन २०७७ लाई संसाधेन गर्न बनेको विधेयक

दफाबार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मितले स्वीकृति भएको घोषणा गर्दछु । विधेयकमा संसोधन पेश गर्न चाहनु हुने माननीय सदस्यहरुले गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम ११० बमोजिम ७२ घण्टा भित्र आफूले पेश गर्न चाहेको संसोधन सहितको सूचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नु हुनेछ । उक्त विधेयक संसोधनको समायवधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरु, अब यो वैठक मिति २०७९ साल भाद्र ८ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।